वर्ष : १५, अंक : २३, काठमाडौं, २०७६ असोज ३ गते शुक्रबार, 20 September 2019, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस्।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## 'ब्ल्याक आउट' नै गर्ने हो : महतो



काठमाडौं । राजपा नेपालका अध्यक्ष मण्डलका सदस्य राजेन्द्र महतोले असोज ३ गते संविधान दिवसका आफ्नो पार्टीले 'ब्ल्याक आउट' गर्ने बताएका छन् । उनले संविधान दिवसका दिन ७० प्रतिशत जनताले 'ब्ल्याक आउट' गर्ने पनि दाबी गरे । प्रतिनिधिसभाको चालु अधिवेशनको अन्तिम दिन बोल्दै महतोले संविधान बनेको ४ वर्ष भइसक्दा पनि सबै जनताले उत्साहपूर्वक संविधान दिवस मनाउने अवस्था नआएको टिप्पणी गरे । महतोले आक्रोशित हुँदै भने, 'दिपावली होइन, ब्ल्याक आउट गर्ने हो, यो देशका मधेशी, जनजाती, थारू, दलितले ब्ल्याक आउट गर्छ । देशका ७० प्रतिशत जनताले संविधान दिवस मनाउन चाहिरहेको छैन । सबैलाई राष्ट्रघाति घोषणा गरिदिने ?'

## संविधान दिवस मनाउनुको औचित्य छैन : त्रिपाठी



काठमाडौं । स्वतन्त्र राजनीतिक समूहका संयोजक तथा प्रतिनिधिसभा सदस्य हृदयेश त्रिपाठीले संविधान दिवस मनाउनुको औचित्य नरहेको बताएका छन् । उनले विश्वमा कहीं नभएको कुरा नेपालमा हुने गरेको बताउँदै भने, 'कहीं पनि संविधान जारी भएको दिवसलाई पर्वको रूपमा मनाउँदैन । तर, नेपाल नै यस्तो देश हो जहाँ जे पनि हुने गरिन्छ ।' उनले मधेशीको टाउको र छातीमा गोली हान्दै रगतबाट लेखिएको संविधान जारी भएको दिनलाई पर्वको रूपमा मनाउनु उपयुक्त नरहेको बताए । 'संविधानको ८२ ठाउँमा त्रुटिहरू रहेका छन् । यसलाई कार्यान्वयनका लागि संशोधन गर्नैपर्छ ।' त्रिपाठीले भने, 'नेपालको संविधानको प्रस्तावना सर्वग्राह्य छ, यसले वर्तमान नेपाली समाजको यथार्थ र चुनौतीलाई प्रतिविम्बित गरेको छ । राज्यका लागि यो मार्गनिर्देशक हुनु पर्दछ ।'
तर संविधानका कतिपय धाराहरूमा प्रस्तावनाको मूल भावनालाई समेट्न नसक्केको जिकिर गरेका छन् । 'कतिपय ठाउँहरूमा विद्यमान विभेद समाप्त गर्न जोड दिए तापनि सो अनुसारको थप कार्य हुन सक्केको छैन । उदाहरणका लागि संविधानको भाग २७ मा उल्लेखित अन्य आयोगहहरूको प्रस्तावमा केही आयोगको काम कर्तव्य तथा अधिकारको व्यवस्था स्वयं संविधानमा नै उल्लेखित छ भने आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारू आयोग तथा मुस्लिम आयोगको काम कर्तव्य तथा अधिकारको व्यवस्था सङ्घीय कानून बमोजिम हुने उल्लेख गरिएको छ ।' उनले भने ।
मधेशवाणीसँग कुराकानी गर्दै त्रिपाठीले भने, 'यसलाई मनोवैज्ञानिक समस्याको रूपमा बुझ्नु पर्छ । कहीं नियत ठीक छ भने कहीं नियत खराब छ । यो दृष्टान्त मात्र हो । संविधान कार्यान्वयन गर्नका लागि पनि कतिपय पारस्परिक विरोधी प्रावधानलाई संवैधानिक रूपले सच्याउनु आवश्यक छ ।' त्यसैले, प्रस्तावनाको मूल भावना अनुरूप संविधानको परिमार्जन तथा संशोधनका लागि तयार रहनुले संविधान दीर्घायु हुने उनको दाबी छ ।

## पद, पैसा, गाडी, अवसर र शान राम्रो तर संविधान चाहिँ नराम्रो ?

# भत्ता खाएर संविधानको विरोध निरर्थक

**मधेशवाणी डेस्क**

काठमाडौं । असोज ३ गते आज भव्यताका साथ संविधान दिवस मनाउने तयारी सरकारले गरिरहेको छ । सबै प्रदेश सरकारले पनि दिवस मनाउने तयारी गरिरहेका छन् । तर प्रदेश २ मा प्रदेश सरकारले संविधान दिवस मनाउने निर्णय गरे पनि विवाद देखिएको छ । कसैले दिवस मनाउने त कसैले कालो दिनको रूपमा मनाउने अडान लिएका छन् ।

आज संविधान दिवस मनाउने वा नमनाउने विषयलाई लिएर प्रदेश २ सरकारका मन्त्रीहरू दुई खेमामा विभाजित भएका छन् । सत्तारूढ समाजवादी पार्टीका मन्त्रीहरू संविधान दिवस मनाउने पक्षमा छन् भने राजपा नेपालका मन्त्रीहरू संविधान दिवसका दिन कालो दिवस मनाउने अडानमा छन् । राजपाले संविधान दिवसलाई कालो दिवसकै रूपमा मनाउने निर्णय गरेपछि प्रदेश २ सरकारमा सहभागी राजपाका मन्त्रीहरूसमेत पार्टीकै लाइनमा अगाडी बढ्ने बताउँछन् ।

यता, समाजवादी पार्टीका मन्त्रीहरू पार्टीको निर्णय भएपनि सरकारको हैसियतले संविधान दिवस मनाउने प्रतिक्रिया दिएका छन् । प्रदेश २ सरकारमा समाजवादीबाट नेतृत्व गरिरहेका मन्त्रीहरूले भने मन्त्रिपरिषद्बाट संविधान दिवस भव्यतापूर्वक मनाउने निर्णय भएको दिनमा आफूहरू बैठकमा उपस्थित नै नरहेको दाबी गर्छन् । संविधान संशोधनको मुद्दा यथावत नै रहेकोले यथास्थितिमा संविधान दिवसका दिन हर्ष गर्न सक्ने स्थिति नरहेको जिकिर राजपाका मन्त्रीहरूको छ ।

संविधान दिवस मनाए पनि संशोधनको मुद्दा नबिर्सेको र यो संविधानलाई आलोचनात्मक रूपमा स्वीकार गरेको प्रदेश २ का भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्र साहले बताए । २०७२ साल असोज ३ गते संविधानसभाबाट संविधान जारी भएको थियो । उक्त संविधानप्रति सत्तारूढ दल समाजवादी पार्टी र प्रदेश २ को सत्तारूढ दल राजपाले असन्तुष्टी व्यक्त गर्दै आएका छन् ।

उनीहरूले संविधान संशोधनको माग अघि सारिरहेका छन् । तर सरकारमै रहेर संविधान दिवस मनाउने कि नमनाउने भन्ने विषय भने पेचिलो बन्दै गएको छ ।

जन्मसँगै पहिलो पटक संशोधन भइसकेको नेपालको संविधान २०७२ जारी भएको आज चार वर्ष पुग्दै छ । तर, संविधानसभाबाट नयाँ संविधान जारी भएको चार वर्ष बितिसक्दा पनि जनताको संवैधानिक अवस्था कहाँ र कस्तो रूपमा रहेको छ भन्ने विषय पनि मननीय छ ।

नेपालको संवैधानिक विकास क्रमलाई केलाउँदा २००४ सालबाट आरम्भ भएको घटनाक्रम 'नेपालको संविधान', २०७२ सम्म आइपुग्दा सातवटा संविधान निर्माण भएका छन् । आफूले भनेजस्तो नभएपछि संविधानमा कसैको अपनत्व नलिँदा नै नेपालका विगतमा जारी भएका संविधानहरू धरापमा पर्न गएका हुन् ।

राजनीतिक दलका नेताहरू भाषणमा संविधान कार्यान्वयनमा देखिए पनि भित्री ध्यान सरकार, सेवा सुविधा, सरूवा बढुवाबाहेक अरू कुनै कुरामा छैन । अनि कसरी चल्न र टिक्न सक्छ संविधान ? यस्ता गतिविधिहरूबाट संविधान अस्तित्वमा रहे पनि स्थापित संस्थाहरू संविधान बाहिर गई बाटो बिराउने अवस्था सिर्जना हुन गई संविधानवादको मृत्यु हुन सक्छ ।

संविधानले भविष्यको आवश्यकता र चाहनालाई प्रतिविम्बित गर्छ । यस संविधानका केही व्यवस्थाप्रति विवाद, गुनासो र असहमति नभएको होइन, तर कुनै पनि संविधान आफैंमा पूर्ण र सर्वसहमतिमूलक हुन सक्दैन । करिब ९० प्रतिशत सभासद्को हस्ताक्षरमा बहुमतले घोषणा गरिएको हो यो संविधान । संविधानको सहमतिमा ५ सय ९८ सभासदमध्ये सहमतिमा ५ सय ७ जना, २५ जना सभासद् असहमतिमा तथा ६६ जना सभासद् संविधानको निर्णायक बहसमा अनुपस्थित रहेका थिए ।

नयाँ संविधानले नेपालको एकात्मक शासन-व्यवस्थालाई संघात्मक व्यवस्थामा परिवर्तन गर्दै सात प्रदेशमा विभक्त गर्ने व्यवस्था गर्नुका साथै मौलिक हकअन्तर्गत पैतृक सम्पत्तिमा छोराछोरीलाई समान अधिकारको व्यवस्थासमेत गरी नेपाल राष्ट्रलाई धर्म निरपेक्ष राष्ट्रका रूपमा व्याख्या गरेको छ । संविधानले व्यवस्थाअनुरूप देशको शासन सञ्चालन गर्नका लागि सहजभन्दा असहज परिस्थितिको सामना बढी गर्नुपर्ने देखिन्छ । अहिलेको संविधानले व्यवस्था गरेका कतिपय पक्षमा ठूला असहमतिहरू पनि देखिएका छन् । संघीय व्यवस्था प्रारूप संविधानमा उल्लेख गर्नुपूर्व सो विषयमा व्यापक छलफल र अभ्यास हुनु जरूरी थियो, तर गरिएन । त्यस्तै संघात्मक संविधानमा के-कस्ता प्रावधानहरू राख्ने, स्थानीय निकाय, प्रदेश र केन्द्रबीचको सम्बन्ध कस्तो हुने भन्नेजस्ता संवेदनशील विषयहरू संविधान जारी गर्नुपूर्व नै निष्कर्षमा पुग्नुपर्ने थियो ।

तर, देशको शासन-व्यवस्था सञ्चालन गर्ने लिखित र सैद्धान्तिक दस्तावेज भनेको संविधान हो, जसका

बाँकी अन्तिम पृष्ठमा



*नेपालको संविधान २०७२ जलाउँदै राजपा नेता राजेन्द्र महतो । फाइल फोटो*

### यक्ष प्रश्न

- संविधानमा विभेद देखिने धाराहरू र त्यसको कारण तथा समाधानसहितको सूची सार्वजनिक किन नगर्ने ?
- देशलाई केन्द्रमा राखेर यो संविधानले मधेशीलाई गरेको विभेदको सूची सार्वजनिक किन नगर्ने ?
- संविधानको सपथ खाएर त्यसको विरोध गरेर सबै मधेशीको मानमर्दन हुने काम भएको छ कि छैन ?
- यदि संविधान अमान्य हो भने सामूहिक राजीनामा दिन किन नदिने ?
- सत्तामा बसेर कमाउने, संविधान दिवस नमनाउने, यो कस्तो नीति ?
- संविधानकै सदुपयोग गरी श्रीमतीलाई सांसद र आफ्नै छोरालाई पिए बनाउन हुने ?
- संविधान स्वीकार्दै सांसद बन्ने र संविधान दिवसको विरोध गर्ने राजनीतिक बेइमानी हो कि होइन ?
- संविधानको विरोध गर्ने नैतिक वा राजनीतिक आधार राजपा र समाजवादी दलसँग छ ?

## संविधानमा 'राइट टू रिकल'को व्यवस्था गर्न माग

काठमाडौं । जनमत पार्टीका संयोजक सिके राउतले 'राइट टू रिकाल'को संवैधानिक व्यवस्था गर्न माग गरेका छन् । उनले जनमत संग्रह गर्ने व्यवस्थाका लागि ऐन बनाउन पनि माग गरेका छन् । संविधानले जनमत संग्रह गर्न अधिकार दिएको भन्दै संयोजक राउतले आवश्यक ऐन बनाउन माग गरेका हुन् ।
संविधानको धारा २७५ मा जनमत संग्रहको व्यवस्था गरिएको भन्दै उनले संविधानले दिएको अधिकार प्रयोग गर्न आवश्यक ऐन बनाउनु पर्नेमा जोड् दिएका छन् ।
'नेपालको संविधानको धारा २७५ मा रहेको जनमत संग्रह गर्ने व्यवस्थाका लागि आवश्यक ऐन तयार गर्दै ५ लाख नागरिकले आवश्यक संविधान संशोधनको लागि हस्ताक्षर गरेर बुझाएको खण्डमा सो विषयलाई संघीय संसद्ले जनमत संग्रहमा लग्नुपर्ने प्रावधान ल्याउन जनमत पार्टीले माग गर्दछ,' सिके राउतले फेसबुकमा लेखेका छन् । साथै उनले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था मजबूत बनाउँदै र जनभावना अनुरूप सिमांकन सच्चाउनु पर्नेमा समेत जोड् दिएका छन् ।
राउतलेशहीद परिवारलाई मासिक ३० हजार उपलब्ध गराउन, उपचार खर्च दिन, मुद्दा फिर्ता लिन माग गर्दै राउतले असोज ३ लाई कालो दिवसको रूपमा मनाउँदै यस दिन शहीदको बलिदानीको सम्मान गर्न र विगतका सम्पूर्ण सम्झौताहरू लागू गर्न दबाब दिन घर-घरमा शहीदलाई श्रद्धाञ्जली अर्पण गर्न अपील गरेका छन् ।

## समाजवादीको चुनावचिन्ह पन्जा



काठमाडौं । डा.बाबुराम भट्टराई र उपेन्द्र यादव नेतृत्वको समाजवादी पार्टी नेपालले आफ्नो चुनावचिन्ह पञ्जा छाप प्रस्ताव गरेको छ । भट्टराई को नयाँ शक्ति पार्टी नेपाल र यादवको संघीय समाजवादी पार्टी नेपालबीच एकीकरण पश्चात् चुनावचिन्हमा विवाद देखिएको थियो । मधेशमा गहिरो प्रभाव पारेको पञ्जा छाप स्व.गजेन्द्र नारायण सिंहको चुनाव चिन्ह रहेको थियो । सद्भावना पार्टी खण्ड-खण्डमा विभाजित भएपछि पछिल्लो समय पञ्जा अनिल झाले राखेका थिए । तर, राजपा पार्टी बन्दा कसैले गरेको थिएन । फोरम पक्षधरले मसाल र नयाँ शक्ति पक्षधरले अन्य कुनै चुनाव चिह्न प्रस्ताव गर्दै आएका थिए । सहमति जुट्न नसक्दा निर्वाचन आयोगमा चुनाव चिह्न सिफारिस हुन सकेको थिएन ।




समय-सन्दर्भ

डा.सीके राउत



## दूधको साक्षी बिरालो हुनै सक्दैन

**बिरालो जतिसुकै मोटो किन न होस्, बलियो किन न होस्, आकर्षक किन न लागोस्, तर त्यसलाई आदिवासी समुदायले आफ्नो दूधको साक्षी बनाउने भूल कदापि गर्नु हुन्न । यदि आफ्नो दूधको रखवारी गर्न बिरालोलाई दिने हो भने विरालोले दूध खाने निश्चित छ ।**

संविधानको विरोध गर्दा २०७२ साल माघ ७ गते रंगेलीमा आदिवासीहरूमाथि गोली चलाएर द्रौपदी देवी चौधरी, शिबु माझी र महादेव ऋषिदेवलाई हत्या गर्ने को हो ? यिनै एमालेको ओली सरकारले त हो । राधा कृष्ण मैनाली र केपी ओलीहरूसँगै झापा विद्रोहका योद्धा रहेका डेगेन्द्र राजवंशी त त्यही एमालेकै बल्खुस्थित मुख्यालयमा गएर आत्महत्या गर्न बाध्य भए भने त्यो पार्टीले तपाईंको हक, हित वा मुक्तिको लागि के गर्न सक्छ ?
झापा विद्रोहका नायकहरू छविलाल राजवंशी, हरिकृष्ण चौधरी, भेटल राजवंशीको हत्या गर्ने तिनै शासकवर्ग हुन् । वीरेन राजवंशीलाई सुखानी जंगलमा लिएर हत्या गर्ने तिनै शासकवर्ग हुन् ।
माओवादीहरूका लागि हजारौं थारू, राजवंशी, आदिवासी दलितहरूले बलिदानी दिए, तर कोही अगाडी बढेको खण्डमा तिनीहरूलाई सखाप पार्ने तिनै माओवादी नै हुन् । झापा माओवादीका तत्कालीन इन्चार्ज चतुरमान सिंह राजवंशीलाई उनकै आफ्नै पार्टी माओवादीले नै पक्रन लगाएर हत्या गराएको थियो ।
लक्ष्मण थारूलाई जेल पठाउने, रेशम चौधरीलाई नेल ठोक्ने तिनै शासक वर्ग नै हुन् ।
आदिवासी भूमिपुत्रहरूको भूमि खोस्ने को ? कहिले मादक पदार्थ खुवाएर, कहिले जाली तमसुक बनाएर, कहिले ऋणको नाममा थारू, राजवंशी, संथालहरूको भूमि खोस्ने को ? उनीहरूलाई कमैया, कमलरी र दास बनाउने को ? त्यहीं कांग्रेस, एमाले, राप्रपा र माओवादी पञ्चेहरू नै हुन् । कांग्रेस र पञ्चायतका सामन्तहरू नै त हुन् ।
२०७३ सालमा सप्तरीको मलेठमा गोली चलाएर सञ्जन मेहता, पिताम्बर मण्डल, आनन्द साह, वीरेन्द्र महतो, इनरदेव यादवको हत्या गर्ने प्रचण्डको सरकार र गृहमन्त्री कांग्रेसीले त हो ।
२०७२ सालमा संविधान जारी गर्न लाग्दा आफ्नो हक अधिकार सुनिश्चित गर्न माग गर्दा गोली चलाएर दर्जनौं मधेशीहरूको हत्या गर्ने कांग्रेसको सुशील कोइरालाको सरकार त हो ।
२०६४ सालमा लहानमा शहीद रमेश महतोको लाश खोस्ने माओवादीले त हो । त्यसपछि दर्जनौं हत्या गराउने काँग्रेसको गिरिजा प्रसाद कोइरालाको सरकारले नै त हो । तल्लु हस्दा हेमरम, राज कुमार कामत, निर्मल राजवंशी, सदानन्द यादव, दिनदयाल मण्डल, बेचन मियाँ, बिस्कुट मियाँमलगायत ५४ जनाको हत्या गर्ने तिनै कांग्रेस सरकारले त हो ।
त्यही भएर बिरालो जतिसुकै मोटो किन न होस्, बलियो किन न होस्, आकर्षक किन न लागोस्, तर त्यसलाई आदिवासी समुदायले आफ्नो दूधको साक्षी बनाउने भूल कदापि गर्नु हुन्न । यदि आफ्नो दूधको रखवारी गर्न बिरालोलाई दिने हो भने विरालोले दूध खाने निश्चित छ ।
त्यस्तै शासकवर्गको पार्टीमा लाग्नु भनेको आफ्नो अस्तित्व समाप्त पार्नु नै हो । त्यसमाथि भरोसा गरियो भने आदिवासीको भूमि खोसिने र विस्थापित हुने निश्चित नै छ । आदिवासीहरूको हालत रोहिंग्याहरूको झैं हुने निश्चित छ ।
झापा, चितवन, दाङ, कैलाली, कञ्चनपुरको स्थिति हामी कहाँ छर्लङ छ, तिनीहरूमाथि भरोसा गर्दा शासकवर्गले त्यहाँका आदिवासी थारू, राजवंशी, संथाल, मुसहरहरूलाई कसरी विस्थापित गरे हामीकहाँ स्पष्ट छ ।
तसर्थ जनमत पार्टीमा लाग्नुको अर्को कुनै विकल्प छैन । जनमत पार्टी नै जनताको पार्टी हो । जनमत पार्टीले नै जनताको राज स्थापना गर्नेछ । जनमत पार्टीले नै सामुदायिक स्वराज ल्याउनेछ । जनमत पार्टीले नै आइएलओ १६९ को अधिकार आदिवासी समुदायलाई दिलाउनेछ । जनमत पार्टीले नै समुदायको आत्मनिर्णयको अधिकारलाई सुनिश्चित गर्नेछ ।
जनमत पार्टीका प्राथमिकताका ११ ३कार्यक्रमहरू (घोषणा( पत्रबाट)
१. भ्रष्टाचार उन्मूलन र सुशासन
देशमा हरेक क्षेत्रमा विद्यमान भ्रष्टाचार, घूसखोरी, कालाबजारी, नातावाद, कृपावाद आदिको अन्त्य गर्नु हाम्रो

बाँकी पृष्ठ ७ मा



## सम्पादकीय



# संविधान स्वीकार्यताको प्रश्न

संविधान जनताको साझा दस्तावेज हो । संविधान सबैलाई समान अधिकार, पहिचान, शक्ति र समान रूपमा बाँच्न दिने र सिकाउने कानुनी दस्तावेज पनि हो । वर्तमान संविधानमा केही विरोधाभासका आवाज सुनिएका र देखिएका छन् । मुख्यतया: मधेशी जनतामाझ उनीहरूको बुझाईमा संविधानले अधिकारमा कन्जुस्याइँ गरिएको छ । मधेशसँगको सम्झौता बारम्बार कागजमा सीमित भए । मधेशसँग गरिएको २००७ मा गरिएको सम्झौता होस् या २०६३ मा २२ बुँदे या २०६४ सालमा सरकार र तात्कालीन मधेशी मोर्चाबीच ८ बुँदे सहमति या ४ बुँदे सम्झौता होस् अहिलेसम्म कुनै पनि लागू भएको छैन । पछिल्लो चरणमा तात्कालीन संघीय समाजवादी फोरमले नेकपाको सरकारसँग गरेको दुई बुँदे किन नहो्स, त्यो पनि लागू भएको छैन । यस्ता अनेकौ सहमति र सम्झौताका बुँदाहरू छन् जसलाई विगत र वर्तमान सरकारले चेपमा पारेर राख्दै आएका छन् । ती सबै सहमति र सम्झौताहरू कुनै न कुनै रूपमा संविधान र मधेशको मुद्दासँग जोडिएको छ ।

संविधानमा आफ्नो हक सुनिश्चत नभएपछि मधेशका जनताहरूले आक्रोश पोख्ने आन्दोलन चर्काउने र विद्रोहको बिगुल फुक्ने काम पनि गरे तर उनीहरूको मागलाई :संविधान संशोधनमार्फत पूरा गरिदिने आश्वासन मात्रै पाए । संविधानको चौथो वर्षगाँठ भनाइरहँदा पनि त्यसमा मधेशवादी दलको भूमिका पनि महत्वपूर्ण देखिएको छैन । संविधान जारी भएको चार वर्ष बितिसक्दा पनि मधेशी जनताले आफ्नो अधिकार स्थापित गर्न सकेका छैनन् ।

संविधान देशको शासन व्यवस्थालाई कानूनी रूप प्रदान गर्ने मूल कानून हो । संविधानबिना देशले आफ्नो विविधतापूर्ण राज्य व्यवस्थित र सामाजिक धारहरूलाई परिवर्तनशील बनाउन सकिदैन । त्यसैले संविधान देशको एक महत्वपूर्ण ग्रन्थ हो ।

## कन संविधान दिवसलाई सम्पूर्ण देशले गौरवका साथ राष्ट्रिय दिवसका रूपमा मनाउन सक्दैनन ? संविधान दिवसलाई राष्ट्रिय पर्वको रूपमा मनाउन वातावरण तयार पारिदने दायित्व कसको ?

संविधान न्यायसंगत नहुँदा मधेशका जनताले आफ्नो हकहितका लागि आन्दोलन र विभिन्न मोर्चा बनाएर पहिचानको विम्ब खोज्न आन्दोलन त गरे त्यो अहिले शनैःशनै अर्थहीन भइरहेको छ । गलत राजनीतिक मानसिकताले अनाहकमा मधेश जनता सहिद भएको प्रतीत भइरहेको छ ।

आज पनि मधेशी, थारू, मुस्लिम, दलित, आदिवासी, पिछडिएको वर्ग यो संविधानबाट अस्तुष्ट छन् । संविधानमा असन्तुष्टिका भाव हुँदाहुँदै मधेशको भावनालाई कुल्चेर संविधान पारित गर्नु र संविधान संशोधनको खोक्रो सम्झौता गरेर मधेशी जनतामाथि मधेशी र गैरमधेशी दलहरूले राजनीति गर्दै आइरहेका छन् ।

आज चार वर्ष भयो संविधान जारी भएको तर मधेशका जनताहरू लगातार संविधान जारी भएदेखि नै संविधान घोषणा भएको दिनलाई कालो दिनको रूपमा मनाउँदै आएका छन् । एउटै संविधानलाई फरक फरक तरिकाले मनाउनु पक्कै राम्रो होइन । किन संविधान दिवसलाई सम्पूर्ण देशले गौरवका साथ राष्ट्रिय दिवसका रूपमा मनाउन सक्दैनन् ? संविधान दिवसलाई राष्ट्रिय पर्वको रूपमा मनाउन वातावरण तयार पारिदिने दायित्व कसको ? यावत प्रश्नहरू चार वर्षसम्म पनि गम्भीर रूपमा उठ्नु पक्कै पनि संविधानप्रतिको अनादर हो । यसका लागि सरकार, सत्तारूढ दल, मुख्य विपक्षी दलसहित संघीय संसदमा प्रतिनिधित्व गर्ने सबै दलहरूले मिलेर साझा संविधान बनाउने तिर ध्यान केन्द्रित गर्नुपर्छ ।

जुन संविधानले देशको राजनीतिक अवस्थाको हितमा राम्रो गर्दैन त्यस्तो अवस्थामा जनताको मागको आशा गर्नु फलदायी देखिदैन । त्यसैले सरकारले बेलैमा उचित मागको उचित सम्बोधन गर्नुपर्छ । देश र नागरिकको भलाई हुने मात्र होइन देशको राजनीतिक अवस्थालाई समेत फाइदजनक हुने देखिन्छ ।

## साताको सात बात



जबसम्म संघीय लोकतान्त्रिक गणतन्त्र र प्रजातन्त्रमाथि खतरा र प्रणालीमाथि खतरा आइपर्दैन, सरकार यसैगरी अगाडि बढ्छ । लोकतन्त्रमाथि खतरा आयो भने सरकारले सहँदैन । संविधानअनुसार जनताको बलिदान खेर जान नदिने कुरामा सरकार सर्तक छ । **केपी शर्मा ओली, प्रधानमन्त्री**



अहिले राजनीतिक, समाजिक र सूचनाको चेतनामा नेपाल अगाडि छ । हामी विज्ञानको क्षेत्रमा प्रगति गर्न सक्छौं । अरूले गरेका विकासबाट पनि लाभ लिन सक्छौं ।' कृषि उत्पादन बढाउन, विभिन्न रोगको निदान गर्न, मौसमको सही अनुमानका लागि समेत नयाँ प्रविधिको प्रयोग जोड दिनुपर्छ । **झलनाथ खनाल, नेता, नेपाल क्युनिष्ट पार्टी**



डेंगु संक्रमणको अवस्था जटिल छैन । 'मृत्युदर अत्यन्त न्युन रहेकाले आपत्कालीन अवस्था घोषणा गर्नुपर्ने हदमा पुगिसकेको छैन । साधन स्रोतले सम्पन्न विकसित मुलुकमा पनि डेंगु नियन्त्रण चुनौतीको रूपमा छ नेपालको स्वास्थ्य प्रणाली यस्ता महामारी नियन्त्रण गर्न सक्षम छ । **उपेन्द्र यादव, उपप्रधान तथा स्वास्थ्यमन्त्री**



असन्तुष्टिलाई सम्बोधन गर्न संविधान संशोधन हुनुपर्छ भन्ने राजपाको स्पष्ट अडान छ । जबसम्म यो हुँदैन, तबसम्म हाम्रो असन्तुष्टि रहिरहन्छ । त्यसैले यसपटक पनि हामी विरोध दिवसका रूपमा मनाउँछौं । **राजकिशोर यादव, संयोजक, राजपा नेपाल**



विकास र समृद्धिको यात्रा वर्तमान सरकारले सफल पार्न सक्छ । विश्वका शक्ति राष्ट्रहरू जस्तै नेपाल पनि पाँच वर्षभित्र धेरै अगाडि बढ्छ । प्रधानमन्त्रीले विकास र समृद्धि यात्राको नेतृत्व गर्ने अवसर पाउनुभएको छ । राजनीतिक आन्दोलन सकिएकाले मुलुक अब आर्थिक युगमा प्रवेश गरिसकेको छ । **गोकुल बाँस्कोटा, संचार तथा सूचना प्रविधिमन्त्री**



पहिला शक्तिमा रहेर शासन गरेकाहरूले शक्तिबाट च्यूत भएपछि फेरि शक्तिमा बस्न पाए हुन्थ्यो भन्दै चलखेल शुरू गरेका छन् तर कसैले चाहेर पनि परिवर्तन उल्टिँदैन । पार्टीभित्रको आन्तरिक विषयलाई आत्मसमीक्षा गर्दै संघीयता कार्यान्वयनलाई केन्द्रविदुमा राखेर काम गर्नु अहिलेको आवश्यक हो । **नारायणकाजी श्रेष्ठ, प्रवक्ता, नेपाल कम्युनिष्ट पार्टी**



प्रदेश २ मा अहिले पनि धेरै मानिस कृषिमा आधारित छन् । त्यसैले केही सहयोग होस् भनेर भैंसी दिएका हौं । र, यो सुविधा मधेश आन्दोलनका सहिद परिवार मात्र होइन, घाइते परिवारलाई पनि दिने भन्ने थियो । म यो कार्यक्रम शतप्रतिशत सफल भयो त भन्दिनँ, तर धेरैजसोले आफ्नो जिविकोपार्जन गरेका छन् । **मो. लालबाबु राउत गद्दी, मुख्यमन्त्री, प्रदेश २**

# वैवाहिक सम्बन्धको नागरिकता बहस

**विचार-विश्लेषण** भाग-४१



**उपेन्द्र झा**

> राज्यसत्ता र मधेशबीच अन्तर्विरोध चर्काएर राजनीतिक स्वार्थ पूरा गर्ने अन्धराष्ट्रवादी नीति कतिको देशहितमा छ, छलफलको विषय बन्नु पर्दछ । विविधतायुक्त नेपाली समाजको सहिष्णुतामाथि आक्रमण गरेर परम्परागत रूपको राष्ट्रिय एकतालाई खल्बलाउने तत्व कथमपि राष्ट्रवादी हुन सक्दैन ।

नेपालमा नागरिकता समस्या मधेशीसँग जोडेर राजनीतिक मुद्दाको रूपमा हेर्ने गरिएको छ । अन्य समुदायको नागरिकतासँग यो समस्याको कुनै सम्बन्ध छैन । मधेशमा बस्ने भारतीय मूलकाहरूले विस्तारै नागरिकता लिएर जनसंख्या बढाउने मान्यता यहाँका सत्तापक्षले राख्दछ । मधेशका वासिन्दाले वंशजका नागरिकता पनि अनेक कल बल छलबाट प्राप्त गरि नागरिक अधिकार खोज्दै आएका हुन् यही मानसिकताबाट प्रेरित छन् सत्तावर्गका मानिसहरू । मधेशको जनसंख्या निरन्तर बढ्दै गएको कारण सत्तावर्ग अल्पमतमा पर्दै जाने भयावह सम्भावनालाई दृष्टिगत गरि मधेशप्रति शंका र घृणा पालेका हुन् । यिनको जनसंख्या स्वाभाविक रूपले होइन, नेपाली नागरिकता पाएर बढेको बुझाई राख्नाले यहाँ कहिले नमेटिने समस्याको रूपमा नागरिकता समस्या अटल रूपमा रहेको छ ।

शासकीय मनोवृति राख्ने वर्गले वास्तवमा मधेशको धर्म, संस्कृति, रीतिरिवाज, बानी व्योहोरा, चारित्रिक विशेषताको गहनतापूर्वक अध्ययन गरेको पाईदैन । खुला सिमानाले यिनको जनसंख्या बढायो भन्ने स्तरहीन सोचका कारण यिनले शंका पालेर मधेशसंग गरिने भेदभाव गहिरिने गरेको पाइन्छ । मधेश आन्दोलनले राज्यशक्तिमाथि गरेको प्रहारबाट सत्तापक्ष झन् क्रुद्ध बनेको देखिन्छ । वैवाहिक नागरिकता विषयमा शासकवर्गले भन्ने गरेको "एक हातमा सिन्दुर अर्को हातमा नागरिकता तथा मुखबाट मन्त्री पद दिने वचन" कदापी सम्भव छैन भन्ने अभिव्यक्तिमा मधेशप्रति चरम घृणा परिलक्षित हुन्छ । मधेशसंग चरम घृणा राख्ने शासकवर्ग दानवीर कर्ण जस्तो एकै पटकमा मधेशलाई तीनवटा वरदान कसरी दिन सक्ला ? यो घृणाको अभिव्यक्ति मात्र हो ।

शासकवर्गको बुझाईमा ०५४ सालमा टोलीद्वारा वितरित नागरिकता सबै भारतीयलाई दिएको नागरिकता हो । शासकवर्गको घृणित मनोवतिले यस्तो बुझाईलाई सत्य नै मानेको छ । तर यो सत्य होइन । मधेशीले नै भारतीयलाई नागरिकता हुन दिदैन यो मधेशीको चरित्र हो । शासकवर्गले जुन दिन यो यथार्थलाई बुझ्छ, मधेशप्रति राखिने शंकाको निवारण हुन्छ । भारतीयहरूले पाउने नागरिकता सिडीओको माध्यमले हो । धनार्जन गर्ने उद्देश्यले सिडीओले भारतीयहरूलाई दिएको नागरिकता कतिपय अनुसन्धानमा परेका छन् । त्यो पनि मधेशीहरूले थाहा पाएर सुराकीको आधारमा अनुसन्धानमा परेको कतिपय उदाहरणहरू छन् ।

नागरिकता मानवाधिकारसंग जोडिएको विषय हो । भारतबाट विवाह गरेर आएकी महिला सदाका लागि आएकी हुन्छिन् । कुनै पुरूष नेपालमा बस्न आएको छ भने उसको परिक्षणकाल हुन्छ । तर महिलामा भने त्यो तर्क लागू गर्नु मनासिव देखिदैन । भारतको नागरिकता त्याग गरेको अवस्थामा ७ वर्षसम्म परिक्षणकालमा राखेर उसको क्षमता, योग्यतालाई कुण्ठित पारेर राख्नु उचित हो ? नेकपाले नागरिकतामा कडाई गर्ने मनसाय राखेको छ । समाजवादी पार्टी, राजपा र नेपाली काँग्रेसले ०६३ को नागरिकता कानून प्रगतिशील छ भनेर अडान लिएको छ । राज्य व्यवस्था समितिमा नागरिकता विधेयकको बहस लम्बिदै गएको छ । सत्तापक्षको मनोवृति अनुसार नै नागरिकता विधेयक पास हुने कुराको सम्भावना बढि रहेको देखिन्छ । मधेशको भावनालाई पटक पटक कुल्चिदै जानु सत्तापक्षका लागि स्वस्थ नहुने कुरा स्पष्ट छ ।

जन्मसिद्धको नागरिकतालाई ०५४ सालदेखि विवादमा तान्दा २२ वर्षदेखि तिनका सन्तानले नागरिकता पाएका छैनन् । जन्मसिद्धका सन्तानहरू जवान र योग्य भएर नागरिकताबिना कुनै अवसर पाएका छैनन् । सर्वोच्च अदालतले नै जन्मसिद्धको सन्तानलाई वंशजको नागरिकता दिन गृहमन्त्रालयलाई आदेशात्मक निर्देशन जारी गऱ्यो । सोही निर्देशन बमोजिम गृहमन्त्रालयले गत आषाढमा सबै जिल्लामा जन्मसिद्धको सन्तानलाई वंशजको नागरिकता दिन निर्देशन जारी गर्दा त्यसको विरूद्धमा सर्वोच्चमा परेको रीट निवेदनबाट जन्मसिद्धको सन्तानलाई नागरिकता दिने काम अवरूद्ध भयो । योभन्दा पहिला सर्वोच्च अदालतले जन्मसिद्धका सन्तानलाई वंशजको नागरिकता दिने भनेर निर्णय गरेको नजिर छ । सोही निर्णयको आधारमा गृहमन्त्रालयलाई जन्मसिद्धको सन्तानलाई नागरिकता वितरण गर्न निर्देशन भएको थियो । तर पछिल्लो रीटमा नागरिकता दिन रोकिएपछि सर्वोच्चको निर्णय पनि विवादित बनेको देखियो । यसरी पटक पटकको अवरोधले यो प्रकृतिको नागरिकता दिन २२ वर्षदेखि रोकिएको छ ।

२२ वर्षको लामो समयको दरम्यान लाखौं सन्तान सबालक भए । नागरिकताबिना पढाईमा अनेकौं कष्टको सामना गर्दै उनी अहिले योग्य नागरिकको रूपमा उभिन सकि रहेको छैन । उनी नेपालका नागरिक बन्न सकेका छैनन् । ०५४ सालको नागरिकतालाई खारेज गराउने मनोवृति पनि सशक्त रूपमा उभिएको छ । नागरिकता दिने र लिने दुबै प्रक्रियामा राजनीति घुसेको छ । यसलाई बढाई चढाई गरेर समस्याको रूपमा प्रस्तुत गर्दै सत्तापक्षले दोहोरो भूमिका खेल्दै यसलाई परिणाममुखी हुन दिई रहेको छैन । दिने जस्तो पनि गर्ने र रोक्न पनि लगाउने । यही प्रक्रियामा जन्मसिद्धको सन्तानले २२ वर्षदेखि नागरिकताबिहीन भई बसेका छन् ।

अन्धराष्ट्रवादले ०५४ सालमा ३४ लाख भारतीयले नागरिकता पाएको भ्रम पालेर यसलाई खारेज गर्न सरकारमाथि जुन किसिमले दबाव बनाउँदै आएको छ, यसले मधेशमा एउटा ठूलो विग्रह निम्त्याएको त छ नै, लाखौं सन्तान नागरिक हुनबाट विञ्चित भई तिनको भविष्य अन्धकारमय बनेको छ । मिथ्या भ्रम पालेर नागरिकता ऐनलाई अनावश्यक प्रभावित गर्ने अन्धराष्ट्रवादीहरू मधेशको यथार्थ बुझेर न भ्रम निवारण गर्न चाहन्छ न समस्याको कुनै निकास नै दिन चाहन्छ ।

अहिले वैवाहिक सम्बन्धको नागरिकता विषयमा कानूनका ठेली खोलेर नीतिभन्दा पनि नियतको प्रभाव बढाएर यसलाई पनि विवादित बनाएर यथास्थितिमा राख्ने प्रयास गरिँदै छन् । मधेशका लागि पूर्वाग्रही मनोवृतिले वैवाहिक नागरिकताको सहज निर्णयलाई रोकेर अनिर्णयको बन्दी बनेर रहोस् भन्ने दुष्प्रयासमा लागेको छ ।

राज्यसत्ता र मधेशबीच अन्तर्विरोध चर्काएर राजनीतिक स्वार्थ पूरा गर्ने अन्धराष्ट्रवादी नीति कतिको देशहितमा छ, छलफलको विषय बन्नु पर्दछ । विविधतायुक्त नेपाली समाजको सहिष्णुतामाथि आक्रमण गरेर परम्परागत रूपको राष्ट्रिय एकतालाई खल्बलाउने तत्व कथमपि राष्ट्रवादी हुन सक्दैन । राष्ट्रवाद त्यो भावना हो जसले विविधतायुक्त सामाजिक भावनाको एकत्व प्राप्त गर्दछ । वर्गीयहितभन्दा राष्ट्रिय हितको चिन्तन गर्दछ । समानताको आधारमा सबैको अपनत्व ग्रहण गर्दछ । यसको ठीक विपरित एकल जातीय चिन्तन, स्वार्थ, वर्चस्वको आधारमा राष्ट्रवादको परिभाषा गरिएका कारण यहाँ अनेक समस्या जन्मिएको छ । धरातलमा रहेका यावत् समस्याको समाधानभन्दा पनि सत्तामा आफ्नो वर्चस्व कसरी बनाउने भन्ने सोचले प्रधानता पाएको छ । देशको कल्याण कसरी होला ?

*janukjha24@gmail.com*

# कठिन पर्व 'जितिया'



**सुधा मिश्र**

*'जितिया पावनि बड भारी*
*धियापुताके ठोकि सुतेलनि*
*अपने खयलनि भरि थारी'*

व्रत भन्ना साथ आफ्नो र परिवारको सुख, समृद्धि र सुस्वास्थयको लागि गरिने पुजा अराधना र उपवास भन्ने बुझिन्छ । तर जितियाा पर्वको प्रकृति अलि भिन्नै छायो पर्व महिलाले सन्तानको सुरक्षा र उज्जवल भविष्यको लागि गर्ने गर्छन् । यसो हेर्दा हाम्रो हिन्दु धर्ममा यो पर्व एउटा यस्तो मात्रै पर्व हो जो एउटा आमाले आफ्नो सन्तानको लागि गर्ने गर्छन् ।

असोज महिनामा मनाइने यो पर्व यश वर्ष असोज ३गते शुरू हुनेछ ।नुहाइ धुवाइ गरेर पोखरीको घाटमा गएर तेल र खरी( पिना) चढाउने गर्छन् ।यश दिनमा व्रतालुले खास गरि मरूवा(कोदो) को रोटी र माछा खाने गर्छन् । यसको बिहान अंगुठन बिहानै काग कराउनु भन्दा अघि उठेर चिउरा दही खानु) गरिन्छ ।अंगुठनमा चिउरा, दही, केला र सख्खर खाने गरिन्छ । अंगुठन गर्नु पुर्व व्रतालु महिलाले आंगनमा बाँसको पात माथि केलाको पातमा जिमुतवाहन देवतालाई खीरा(काक्रो), जनेउ, सुपारी र वोकरीको प्रसाद चढाउने गरिन्छ ।यही बाट आमाको निर्जल उपवास शुरू हुन्छ ।यो उपवास भरी थुक समेत निल्नु हुदैन । कपाल पनि कोर्न मिल्दैन ।व्रतालुले केही कुरा काट्न मिल्दैन ।

यस वर्ष लगभग तीन छाक यानि ३६ घन्टाको उपवास हुन गएको छ । शनिबार बिहान राति र आइतबार दिन भरी उपवास बसेर मात्र चार बजे तिर पारण (व्रतको समापन) गरिनेछ । लामो अवधिभरि निर्जल बसेर यो उपवास गरिने भएको हुनाले यसलाई कठिन र कठोर व्रत भनिने गरिन्छ ।

जितिया पर्वमा आंगनमा पोखरी बनाएर त्यसको भीडमा पाखरिको हाँगा रोपिने गरिन्छ । हाँगामा चुलो र फेदीमा स्यारोको मुर्ति बनाएर राखिन्छ । एकै ठाउमा व्रतालु महिलाहरू भेला भएर सामुहिक पुजा गर्ने गर्छन् । यो व्रत बस्ने आमाको सन्तान उपर कुनै दोष र संकट भए पनि व्रतको प्रभावले बिस्तारै आफैं समाप्त हने विश्वास रहिआएको छ । व्रतालु महिलाको सन्तानलाई यमरजले पनि लाने दुस्साहस गर्न सक्दैन ।

त्यसैले आफु निर्जल आमाहरूले भक्ति र आस्था को साथ बडो उत्साह र उमंगले गर्ने गर्छन् ।आमा साच्चिकै महान् हुन् ।उनीहरू आफ्नो जिवननै सन्तानमा देख्छन् । आफ्नो प्रवाह नगरी सन्तान समृद्धिको लागि सदैब तत्पर रहन्छन् । आमा ममता कि खान हुन् । सिनेहकी मुहान हुन।सन्तानको सुरक्षा कवच हुन् । सन्तानला ई हुरी हावाबाट सगरमाथा बनेर उभछिन् भने सन्तानको दुःख र कष्ट लाई गंगा बनेर बगाउछिन्।पुस माघ महिनामा न्यानो घाम बनेर वरपर हुन्छिन् भने प्रचण्ड गर्मीमा शितल पवन बनेर स्पर्श गर्छिन् । आमाको जतिपनि बयान गरे त्यो कम नै हुन जान्छ । सायद यस्तो कुनै शब्द नै छैन जसले आमाको गुणगानको बयान गर्न मिलोस् । त्यसैले होला जितिया जस्तो कठिन र कठोर व्रत पनि आमाहरू प्रेम र सहज रूपले गर्ने गर्छन् ।

यस्तो गर्मीमा निर्जल तीन छाक उपवास बस्नु अति नै कठिन हो । तापनि आमाहरू पर्वको तयारीमा लागिपरेका छन् । यो पर्वमा नहाय खाय अर्थात् शुक्रबारको दिन व्रतालु महिलाले पितरानि अर्थात ब्राह्मणि भोजन गराउने गर्छन् । जसमा भात, दाल, तरकारी, तरूवा, माछ, मरूवारोटी, चिउरा, दही लगायत विशेष परिकार बनाउने गरिन्छ

हुन त अहिले विश्व एउटा ग्लोबल भिलेजको रूपमा परिणत भएको छ । मानिस भिडियो कलबाट संवाद गरिरहेका छन् । टाढा भएकोमा पनि नजिक नै एहसास भैरहेको छ । तापनि आमाले आफ्नो सन्तानलाई खुल्ला आँखाले हेरेर उसलाई स्पर्श गरेर मात्रै आफ्नो हृदयलाई जुराउँछन् । यदि सकभर सम्भव छ भने सन्तानको पनि कर्तव्य हुन जान्छ जितियाको दिन आमा सँगसँगै रहोस् ।

धन्य छन् आमा जो आफ्नो सन्तानका लागि आफ्नो जीवन समर्पण गरेका छन् ।

# मधेशलाई गोलबन्द गर्न 'गोलमेच सम्मेलन'



**देवराम मधेशी**
**राष्ट्रिय संयोजक, मधेशी महासभा**

मधेशी जनताको वर्तमान अवस्थाको चाहना भनेको *'हम मधेशियों का एक ही आवाज, हमें चाहिए राज्य के न्यायपालिका, कार्यपालिका, व्यवस्थापिका में सौ में पचास ।'* मिलेर जानुहुन्छ भने देश बन्छ, विभेद गर्नुहुन्छ भने देश कुन खाल्डोमा जान्छ त्यसको ठेगान हुँदैन ।

**० मधेशी महासभा के हो ?**
– अहिलेको वर्तमान अवस्थामा शासक दलका नेताहरूले मधेशमा लादेका कुराहरूलाई साथ दिने मधेशवादी दलहरूको यथास्थितिवादले मधेशी महासभाको आवश्यकता महसुस भएको हो । आफ्नो निहीत स्वार्थपूर्तिका लागि मधेशलाई पछाडि धकेल्ने षड्यन्त्रहरूलाई असफल बनाउन समग्र मधेशमा सचेतनामूलक कार्यक्रम गर्नका लागि हामीले मधेशी महासभा स्थापना गरेका हौं ।

**० मधेशी महासभाले के गर्छ ?**
– महासभाले मधेशी जनताको वास्तविक मूलभूत मुद्दाहरू, अर्थतन्त्र, समानताको अधिकारलाई जसरी राज्यले विभेद गर्दै आएको छ, त्यसलाई स्पष्ट गर्नका लागि जागरण अभियान चलाउँछ । मधेशमा राज्यले गरेको विभेदहरूलाई चिर्दै समृद्ध राष्ट्र निर्माण गर्नका निम्ति मधेशी जनताको जल, जंगल, जमीन, भाषा, रहनसहन, सांस्कृतिक, सभ्यता, स्वाभिमान, पहिचान, सम्मानलाई रक्षा गर्नका लागि कार्य अगाडि बढाउँछौं । मधेशका सम्पूर्ण जातजातिलाई एक ठाउँमा गोलबन्द गरेर 'मधेश गोलमेच सम्मेलन' गर्नेछौं । यथास्थितिमा मधेशलाई चाहिएको सामग्री र अधिकार सम्पन्न गराउनका लागि गोलमेच सम्मेलनबाट पारित एजेन्डाहरूलाई राज्य समक्ष राख्ने वा कुनै नयाँ शक्तिको उदय गर्नका निम्ति कार्यादिश छ, कामका लागि देखिएको छैन । यो अधिनायकवादी सरकार हो, जसले मनोमानी ढंगले चलिरहेको छ । मधेशका क्रान्तिकारी सपूतहरूलाई दमन गर्ने नीति राज्यको पहिला पनि थियो र अहिले पनि छँदैछ । हाम्रो चाहना भनेको भौगोलिक, सांस्कृतिक एकरूपताको आधारमा नेपालभित्र तीन वटा मात्र प्रान्त हुनुपर्छ । हिमाल भएको हिमाली प्रदेश, पहाड भएको पहाडी प्रदेश र झापादेखि कञ्चनपुरसम्म मधेश प्रदेश हुनुपर्छ । तर, यहाँ सात-सात वटा प्रान्त बनाएर राज्यको आर्थिकतन्त्रलाई तहसनहस गरिएको छ ।

**० भनेपछि नेपालमा तीन वटा मात्र प्रदेश उपयुक्त हुन्छ ?**
– हो । भौगोलिक र सांस्कृतिक एकरूपताको आधारमा हिमाल, पहाड र मधेश प्रदेश नै उपयुक्त हुन्छ । कुनै देशको संविधान भनेको मूल कानून हुन्छ, जसमा मुलुकमा बसोबास गर्ने सबै जनताको भावनालाई समेटिएको हुन्छ । समान जनसंख्याको आधारमा निर्वाचन क्षेत्रको पनि निर्धारण भएको छैन । चार/पाँच हजारमा पहाडबाट निर्वाचित भएका छन् भने मधेशमा एक लाखभन्दा बढीमा निर्वाचित भएका छन् । यो कस्तो समानता हो संविधानमा ? तीन वटा भूगोलले बनाइएको नेपाल हो । भौगोलिक र सांस्कृतिक हिसाबले प्रदेशको निर्माण भयो भन्नुभएको छ कि, संविधान संशोधन के-के एजेन्डामा गर्ने, अहिलेसम्म प्रस्तावै आएको छैन । यसबाट पनि प्रष्ट बुझिन्छ कि सत्तामा जानका लागि यो एउटा एजेन्डा हो, जसलाई सधैं जीवित राख्न चाहन्छन् । मधेशमा जति बेला संविधान संशोधनको माग उठ्दै थियो त्यतिबेला उपेन्द्र यादवले संशोधन होइन, पुनर्लेखन हुनुपर्छ भनेका थिए । पुनर्लेखनको कुरा गरेर जनतालाई झुक्याएर त्यही संविधानलाई मानेर निर्वाचनमा भाग लिन पुगे । त्यसैले, यिनीहरूका नाङ्गो चरित्र र प्रवृत्तिका कारणले गर्दा मधेश त अन्योलमा फँसिसकेको छ । अब यस्तो राजनीतिलाई समाप्त गरी समतामूलक समाजको निर्माणका निम्ति अब गर्नुपर्ने कार्यहरूलाई एकताबद्ध हुनु आवश्यक छ ।

**० तर, मधेशी जनताले अझै पनि यिनीहरूमाथि विश्वास गर्दै आएका छन् नि ?**
– यिनीहरूले त विगतमा मधेशका जनतालाई ठूलठूला सपना देखाएका थिए । अब मधेशी जनताले सबैको चरित्र बुझिसकेका छन् । हामी मधेशी जनताका जनजागरण अभियान लिएर झापादेखि कञ्चनपुरको बेलौरीसम्म जान्छौं । मधेशी दलहरूले मधेशप्रति गरेका कार्यहरू र भेदभावहरूबारे जागरण अभियान चलाउँछौं । मधेशका क्रान्तिकारी युवा नेता रेशम चौधरी, जुन धारबाट निर्वाचित भएका छन्, त्यहीं धारबाट केपी शर्मा ओली निर्वाचित भएका हुन् । एउटै संविधान, एउटै नियम कानूनबाट एक जना निर्वाचित भएर देशको प्रधानमन्त्री बन्ने र रेशम चौधरीलाई जेलमा नेल लगाएर राख्ने, यो कति विभेदपूर्ण हो । यी कुराहरूको ठेकेदार मधेशी दलहरू होइनन् ? खोई आजसम्म मधेशी दलहरूले यी कुराहरूलाई लिएर मधेशी जनताबीच अन्तरक्रिया, सभा, जनसभा गरेको ? यिनीहरू आफ्नो कुर्सीका लागि मात्रै हो, मधेशी जनताका लागि केही पनि गर्न चाहँदैनन् । यिनीहरूको 'हाइट वेट' राज्यले पनि नापिसकेको छ र मधेशका जनताले पनि बुझिसकेका छन् ।

**० भनेपछि, मधेशमा वैकल्पिक शक्तिको उदय हुँदैछ ?**
– हो । मधेश अहिले वैकल्पिक शक्तिको खोजीमा छ, जुन तथाकथित मधेशवादी दलहरू हुनै सक्दैनन् । झापादेखि कञ्चनपुरसम्मका मधेशीहरूबीच हामी जाँदैछौं । मधेश आन्दोलनमा सहादत प्राप्त परिवारका सदस्यहरूलाई राखेर, बुद्धिजीवीहरूलाई एक ठाउँमा राखेर मधेश गोलमेच सम्मेलनको अवधारणा ल्याएका छौं । जसमा हामीले कम्तीमा १२ लाख मधेशीको उपस्थिति हुने आंकलन गरेका छौं । त्यो सम्मेलनबाट एक वैकल्पिक शक्तिको निर्माण हुन्छ, जुन शक्तिले आफ्ना मुद्दा, एजेन्डाहरू तय गरेर मधेश मुक्तिका लागि आन्दोलनलाई अगाडि बढाउँछ । मधेशी जनताको वर्तमान अवस्थाको चाहना भनेको *'हम मधेशियों का एक ही आवाज, हमें चाहिए राज्य के न्यायपालिका, कार्यपालिका, व्यवस्थापिका में सौ में पचास ।'* मिलेर जानुहुन्छ भने देश बन्छ, विभेद गर्नुहुन्छ भने देश कुन खाल्डोमा जान्छ त्यसको ठेगान हुँदैन ।

**० विगतमा मधेश अलग राष्ट्र बनाउने अभियान चलाएका डा.सीके राउत नेतृत्वको पार्टीलाई कसरी हेर्दै हुनुहुन्छ ?**
– विगतमा उपेन्द्र यादवले पनि ठूलो क्रान्तिकारी मुद्दा उठाएर अहिले आएर त्यसलाई भजाउँदै हुनुहुन्छ, त्यसरी नै डा.सीके राउतको पनि देखिएको छ । किनभने डा.सीके राउतले मधेशका युवाहरूलाई ठूलठूला सपनाहरू देखाउनुभयो । उहाँले आफ्नो मूल एजेन्डामा महात्मा गान्धी, नेल्सन मण्डेला, गौतम बुद्ध, अब्राहम लिंकनको फोटो राख्नुभएको छ । त्यस्तो महान पुरूषहरूलाई आफ्नो आदर्श मान्ने तर आफू पाँच महिना जेल बस्न नसकेर तुरून्तै सरकारसँग सम्झौता गर्न पुग्ने हो भने महापुरूषलाई पनि बेचेर आफ्नो निहीत स्वार्थ पूरा गरेको हो । उहाँले आफ्नो निहीत स्वार्थ पूरा गर्नका लागि मात्रै सम्झौता गर्नुभएको हो, मधेश र मधेशी जनताका लागि होइन ।

> मधेशमा जति बेला संविधान संशोधनको माग उठ्दै थियो त्यतिबेला उपेन्द्र यादवले संशोधन होइन, पुनर्लेखन हुनुपर्छ भनेका थिए । पुनर्लेखनको कुरा गरेर जनतालाई झुक्याएर त्यही संविधानलाई मानेर निर्वाचनमा भाग लिन पुगे ।

तय गर्छौं ।

**० अहिले नेपालमा तीन तहका सरकार छन्, तिनीहरूले जनताको अधिकार सुनिश्चित गर्न सकेका छैन ?**
– नेपालमा तीन तहको सरकार त छ तर तिनीहरूले आफ्नो अधिकारहरू पाउन सकेका छैनन् । सबै अधिकार अहिले पनि केन्द्रले नै राखेको छ । स्थानीय तहमा प्रशासकीय अधिकृत नेपाल सरकारकै मान्छे हुन्छन् । उसले मेयर वा अध्यक्षलाई अधिकार सम्पन्न तरिकाले चल्न दिनका लागि कानूनसँग मिल्दैन भनेर भन्छन् । त्यस्तै, प्रदेश सरकारको हकमा पनि केन्द्रले अधिकारहरू कटौती गर्दै गएको छ । उसलाई काम गर्नका लागि कर्मचारी छैन, आफ्नो सेना प्रहरी छैन, कर्मचारी भर्ना पनि केन्द्रले नै आह्वान गर्छ । तथाकथित नेपालको संविधान २०७२ ले मधेशी, मुस्लिम, महिला, थारू, आदिवासी जनजाति लगायतका लागि ४५ प्रतिशत जुन आरक्षण दिएको थियो त्यो पनि केन्द्रले कटौती गरेको छ । यसरी हेर्दा कसरी मधेशका समस्याहरू समाधान होला त ?

**० मधेशका समस्याहरू के देख्नुहुन्छ ?**
– मधेशका समस्याहरू भाषिक, आर्थिक, राजनीतिक, प्रशासनिक लगायतका छन् । मधेशका जनताहरूलाई मूलरूपमा चाहिएका आधारभूत अधिकारहरूबाट पनि वञ्चित गरिएको छ । नेपालमा अहिले नामका लागि मात्रै सरकारहरू चलिरहेको राष्ट्र पनि समृद्ध हुन्छ र जनता पनि समृद्ध हुन्छन् ।

**० संविधान संशोधनको माग गर्दै आएका समाजवादी पार्टी र राजपा नेपालको भूमिका कस्तो पाउनुहुन्छ ?**
– समाजवादी पार्टी र राजपा नेपालले मधेशका जनताको सेन्टिमेन्टसँग खेलवाड गरेर राज्यसत्तामा आफ्नो निहीत स्वार्थ पूरा गर्ने चरित्र मात्रै देखिएको छ । तथाकथित मधेशवादी दलहरू राज्यसत्ताकै मतियारको रूपमा कार्य गर्दै आएको छ । उनीहरूले आफ्नो निहीत स्वार्थ पूरा गर्दै मधेशी जनताको भावनामाथि कुठाराघात गर्दै आएका छन् । अब त नेपालमा कुनै मधेशवादी दल नै रहेन । मधेशमा जनता अहिले अन्योलमा छ । त्यो अन्योलतालाई चिर्नका लागि पनि हामीले मधेशी महासभाको गठन गरेका छौं ।

**० समाजवादी र राजपा नेपालले भनेअनुसार संविधान संशोधन भयो भने मधेशका समस्याहरू समाधान हुँदैन ?**
– यो सम्भव छैन । किनभने यिनीहरूले वास्तवमा मधेशका समस्या समाधान होस् भन्ने चाहेकै छैन । यदि मधेशका समस्याहरू समाधान भयो भने राजनीति गर्ने एजेन्डा नै रहँदैन । आफ्नो राजनीतिक एजेन्डाको रूपमा मात्र उठाइरहने तर त्यसलाई पूरा हुन पनि नदिने अहिलेसम्म देखिएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले पनि

# संविधानमा आंशिक सहमति

समाजवादी पार्टीको स्पष्टै धार हो । अहिले मधेशी जनता यो अवस्थामा आइपुगेका छैन कि यो संविधानलाई उत्सवको रूपमा मनाउने । कालो दिवसको सन्दर्भमा स्पष्ट धार हो कि संविधान रहेका उपलब्धिहरूलाई त हामीले स्वीकार गरेकै छौं ।



**शैलेन्द्र प्रसाद साह**
**मन्त्री, भूमि व्यवस्था, कृषि तथा सहकारी, प्रदेश २**

**० प्रदेश सरकारले यसपटक संविधान दिवस मनाउने निर्णय गरेको छ, कस्तो तयारी हुँदैछ ?**
– प्रदेश सरकारले संविधान दिवस मनाउने निर्णय गर्दा त्यो बैठकमा उपस्थिति थिइनँ । त्यसैले, त्यसको बारेमा मलाई खासै जानकारी पनि छैन । यदि प्रदेश सरकारले संविधान दिवस मनाउँछ भने त्यसको तयारी पनि देखिएको छैन । संविधान दिवस मनाउने पक्षमा म छैन । हाम्रो पार्टीले पनि निर्णय गरेको छ कि न संविधान दिवस मनाउने, न कालो दिवस मनाउने । किनभने दिवस भनेको खुशियाली मनाउने हो । यो संविधानप्रति अहिलेसम्म पनि मधेशी, आदिवासी जनजाति, थारू, मुस्लिम लगायत उत्पीडित समुदायहरूको असन्तुष्टि कायमै छ । यस्तो अवस्थामा हामीले खुशियाली मनाउने कुरै आउँदैन । जहाँसम्म कालो दिवसको कुरा छ, यो संविधानलाई हामीले पूर्णरूपमा अस्वीकार पनि गरेका छैनौं । केही धाराहरूमा असहमति छ । त्यसका लागि हामी संघर्षमैं छौं । यो संविधानका त्रुटिहरूलाई सच्याएर सम्पूर्ण नेपाली जनताको बनोस्, त्यसका लागि हाम्रो संघर्ष हो । त्यसकारण, हामी न त संविधान दिवस मनाउने न त कालो दिवस ।

**० तर, तपाइँहरूकै सरकारले संविधान दिवस मनाउने निर्णय गरेको छ नि ?**
– यो कुरा त मुख्यमन्त्रीजीसँग सोध्नुपर्ने हुन्छ । मुख्यमन्त्रीजी पनि संविधान दिवस मनाउने कार्यमा संलग्न हुनुहुन्न होला । तर, व्यक्तिगत रूपमा म संविधान दिवस मनाउँदिनँ ।

**० प्रदेश सरकारले संविधान दिवस मनाउने निर्णय गरेको हो कि होइन ?**
– त्यो निर्णयमा मेरो संलग्नता छैन । त्यो बैठकमा उपस्थित पनि थिइनँ । यस विषयमा सरकारका प्रवक्तासँग सोध्दा हुन्छ ।

**० यदि संविधान दिवस मनाइयो भने त्यसमा तपाइँ उपस्थित हुनुहुन्न ?**
– निश्चय पनि म संविधान दिवस वा विरोध कार्यक्रम सहभागी हुँदिनँ ।

**० राजपाका मन्त्रीहरूले कालो दिवस मनाउने स्पष्टरूपमा भनिसकेका छन्, तर तपाइँको पार्टी नेतृत्वको सरकारले संविधान दिवस मनाउने निर्णय गऱ्यो । तर, पार्टीले केही नगर्ने भनेको छ । समाजवादी पार्टीको एउटा स्पष्ट धार वा धारणा किन छैन ?**
– समाजवादी पार्टीको स्पष्टै धार हो । अहिले मधेशी जनता यो अवस्थामा आइपुगेका छैन कि यो संविधानलाई उत्सवको रूपमा मनाउने । कालो दिवसको सन्दर्भमा स्पष्ट धार हो कि संविधान रहेका उपलब्धिहरूलाई त हामीले स्वीकार गरेकै छौं । संघीय लोकतान्त्रिक गणतन्त्र हाम्रो लागि उपलब्धि हो । संविधान सबै कुरालाई अस्वीकार गरेका छैनौं ।

**० गत वर्ष प्रदेश २ को सरकारले संविधान दिवस मनाएन, यसपटक मनाउने निर्णय गऱ्यो, किन ?**
– त्यो क्याबिनेटको बैठकमा थिइनँ । यदि त्यो बैठकमा म उपस्थित भएको शायद यस्तो निर्णय आउँदैनथ्यो । त्यसपछि अहिलेसम्म क्याबिनेटको बैठक पनि बसेको छैन । क्याबिनेटको बैठक बस्यो भने त्यसमा म कुरा उठाउँछु । त्यसैले, यस विषयमा अब धेरै कुरा नगरौं ।

**० प्रदेशको नामाकरणका लागि प्रदेश सरकारलाई निकै कठिनाइ भइरहेको छ, कहिलेसम्म टुंगो लाग्छ ?**
– नाम र राजधानीको सन्दर्भमा प्रक्रियामा गइसकेको छ । यस्तो महत्वपूर्ण सवालमा एउटा सहमतिको वातावरण बनाएर निष्कर्षमा पुग्ने प्रदेश सरकारको धारणा छ । प्रदेशको नाम र राजधानी टुंगो लगाउन प्रदेशसभाको दुई तिहाइको बहुमत चाहिन्छ । तर, हामीसँग सामान्य बहुमत छ । त्यसकारण दुई तिहाई पुऱ्याउनका लागि प्रतिपक्षको भूमिकामा रहेका दलहरूसँग छलफल हुँदैछ । स्वाभाविकरूपमा सबै पार्टीका आआफ्नो धारणा हुन्छ । त्यसलाई सहमतिको बिन्दूमा ल्याउन अलि समय लाग्छ । अब केही दिनमै नाम र राजधानीको विषयमा सहमति हुन्छ ।

**० तपाइँहरू (समाजवादी र राजपा)ले मधेश प्रदेश नै हुनुपर्ने प्रस्ताव गरेको छ, मधेश प्रदेश नै किन ?**
– आम मधेशी जनता जसले संघर्ष गरे, जसमा सयौं सपूतहरूले बलिदानी दिए र सबै एउटा मात्रै उद्देश्य थियो कि यो देशमा एउटा मधेश प्रदेश हुनुपर्छ । जसको आफ्नै पहिचान, भाषा, संस्कृति झल्किने गरी एउटा प्रदेश हुनुपर्छ । मधेश आन्दोलनको सबभन्दा पहिलो माग पनि मधेश प्रदेश नै थियो । त्यतिबेला हामीले मधेशका २२ वटै जिल्लालाई मधेश प्रदेश भनेका थियौं, अहिले आठ वटा जिल्लामा मात्र हाम्रो सरकार छ । आन्दोलनका बेला मधेशका हरेक सरकारी कार्यालयहरूमा मधेश सरकार भनेर लेखिएको थियो । त्यसकारण, यो मधेश आन्दोलनको भावना हो । शहीदको भावनाअनुरूप हामीले मधेश प्रदेशकै रूपमा स्थापित गर्नुपर्छ ।

**० झापादेखि कञ्चनपुरसम्मका मधेशका भूभागलाई मधेश प्रदेशका लागि आन्दोलन भएको थियो, अहिले आठ जिल्लालाई मात्र मधेश प्रदेश घोषणा किन गर्ने ?**
– सीमांकनको सवालमा सहमतिको आधारमा हेरफेर हुनसक्छ । संसारका धेरै मुलुकमा यस्तो भएको छ । तर, यो देशमा एउटा मधेश प्रदेश हुनुपर्छ । त्यसैले, मधेश प्रदेश आठवटा जिल्लामा मात्र सीमित हुन्छ भन्ने छैन, यो विस्तार पनि हुन्छ । यो त राज्यमा निर्भर पर्छ कि हाम्रो मागलाई कसरी सम्बोधन गर्छ । भोलीको दिनमा त्यही आधारमा आन्दोलन पनि अगाडि बढ्छ ।

**० तर, राज्यले त मधेशलाई ६ वटा प्रदेशमा विभाजित गरिदिएको छ नि ?**
– हाम्रो मागलाई यथास्थितिमा राख्यो भने भोलीको दिनमा हाम्रो आन्दोलन जुन हिसावले अगाडि बढ्ने तरखरमा छ, त्यसले आठ वटा जिल्लामा मात्र नभएर २२ वटै जिल्लामा हुन्छ । समाजवादी पार्टी १०+१ को नीतिअनुसार अगाडि बढ्दैछ ।

**० तपाइँहरू पहिलादेखि नै प्रदेश २ को नामाकरण मधेश प्रदेश गर्नुपर्छ भन्ने निष्कर्षमा हुनुहुन्थ्यो भने प्रतिपक्षहरूलाई विश्वासमा नलिएर सुझाव संकलन आयोग किन गठन गऱ्यो त ?**
– प्रदेशका सम्पूर्ण पक्षसँग सुझाव लिनकै लागि सम्वाद सुझाव आयोग गठन भएको थियो । त्यो आयोगले आठवटै जिल्लामा सबै पक्षसँग सुझाव लिएर आफ्नो प्रतिवेदन पनि बुझाइसकेको छ ।

**० तर, आयोगले प्रतिवेदन बुझाए पनि त्योअनुसार घोषणा गर्न सक्नुभएको छैन नि ?**
– आयोगको प्रतिवेदन नामाकरण टुंगो लगाउने आधार हो । त्यहीं आधारलाई टेकेर अहिले प्रदेशसभामा छलफल र बहस सुरू भएको छ । प्रदेशसभामा पनि सबै पार्टीका प्रतिनिधिहरूलाई समेटेर एउटा समिति बनेको छ । आयोगको सुझावलाई नै टेकेर नामको टुंगो लगाइन्छ ।

**० भनेपछि, मधेश प्रदेशको पक्षमा तपाइँहरूले सहमति जुटाउन सफल हुनुहुन्छ ?**
– अवश्य पनि हामी सफल हुन्छौं । प्रदेश २ एकदम लोकतान्त्रिक प्रक्रियाबाट चलिरहेको छ । एउटा सहमतिको वातावरणमा प्रदेशसभा चलिरहेको छ । त्यसैले, हामीले नामाकरण र राजधानीको विषयमा पनि सहमति जुटाउँछौं ।

**० तपाइँले सम्हाल्दै आउनुभएको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले के कति काम गरेको छ ?**
– प्रदेश २ को मुख्य स्रोत नै कृषि हो । यहाँका ८९ प्रतिशत जनता कृषिमा निर्भर छन् । तर, यहाँका कृषक र किसानको अवस्था एकदम दयनीय छ । नामका लागि मात्र अहिलेसम्म कृषि प्रधान देश भन्ने गरिएको छ । तर, व्यवहारमा कृषि प्रधान देश देखिएको छैन । यहाँका किसानका धेरै समस्याहरू छन् । सिंचाइ, मल, खाद्य, उन्नत बीउ, कृषि मजदूरको अभाव लगायतका समस्याहरू छन् । यस विषयमा अहिलेसम्मका सरकारको ध्यानै पुगेको छैन । तर, प्रदेश २ को सरकारले नीति तथा कार्यक्रममा कृषिलाई प्राथमिकता दिएको छ । यस वर्ष हामीले आधार तयार गरेका छौं ।

**० प्रदेश सरकार गठन भएको डेढ वर्ष भइसक्यो तर परिणाम देखिएको छैन । कसरी आधार तयार भयो ?**
– एक डेढ वर्षमै परिणाम आउँदैन । यहाँका किसानहरू आकासे पानीको भरमा हुन्छन् । अहिलेसम्मका सरकारले सिंचाइका लागि भएका संरचनाहरूलाई सञ्चालन गर्न सकेका थिएनन् । तर, प्रदेश सरकारले दीर्घकालीन, मध्यकालीन र अल्पकालीन योजना सञ्चालन गर्न गइरहेको छ । दीर्घकालीन योजनामा कोशी कमला डाइर्भन परियोजनालाई संघीय सरकारसँग समन्वय गरेर गौरवका साथ अगाडि बढाइरहेका छौं । मध्यकालीन योजनामा प्रदेशभित्र रहेका नदीनालाहरूलाई पहिचान गरेर सिंचाइको व्यवस्था गर्छौं । त्यस्तै, सिंचाइका लागि डीप ट्युवेलको व्यवस्था गर्दैछौं । साना किसानहरूका लागि यस वर्ष पाँच हजारको संख्यामा सानो ट्युवेल दिने निर्णय गरेको छ । प्रदेश सरकारले खेत-खेतमा पानी, हात-हातमा रोजगारी दिने योजना ल्याएको छ । त्यसलाई सार्थकता दिनका लागि प्रदेश सरकार प्रतिबद्ध छ ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

> हाम्रो मागलाई यथास्थितिमा राख्यो भने भोलीको दिनमा हाम्रो आन्दोलन जुन हिसावले अगाडि बढ्ने तरखरमा छ, त्यसले आठ वटा जिल्लामा मात्र नभएर २२ वटै जिल्लामा हुन्छ ।

# राजाहरू कस्ता रहे !

**नेपाली राजनीतिमा आफ्नो विचार निर्माणको प्रारम्भिक कालदेखि नै राजा र राजतन्त्रका विपक्षमा रहनु भएको गिरिजाबाबुले जब मौका पाउनु भयो राजालाई विस्थापित गराउनु भयो ।**



जयप्रकाश गुप्ता

खै, मिति र बार याद भएन । पुनर्स्थापित संसद र यथावत् सडकमा अनेकन् आशंकाहरू देखिएको थियो । संसदको पहिलो बैठक बस्ने तय भएको थियो । अनेकन् विषयहरू चर्चामा थिए । राजतन्त्रको भविष्यका कुराहरू, राजनीतिक व्यवस्थाका भावी स्वरूपका कुराहरू । यस्तै, अनेक कुरा तलमाथि भइरहेको थियो । बीपी ले 'मोदिआईन' मा महाभारत युद्ध हुनु पहिले कुरूक्षेत्रको त्रस्त मनोविज्ञानको चर्चा गरे झैं "...ठूलो विशाल कुरूक्षेत्रमा पाण्डव र कौरवका सेनाहरू आ-आफ्ना सेनापतिहरूका साथ भेला हुन थालि सकेका थिए । पर अग्लो ठाउँमा तर छुट्टाछुट्टै गरी कौरव र पाण्डव पक्षका रानी महारानीहरू, योद्धाहरूका पत्नीहरू र सेविका सुसारेहरू आसन्न परिणामबाट भयाक्रान्त र सशंकित भएर अनेकन् दुर्स्भावनाहरूका उपर चर्चा गरिरहेकी थिईन...सबै मध्यस्थता र युद्ध रोक्ने प्रयासहरू असफल भयो...! हे भगवान अब के हुन्छ ? के प्रलय हुने हो .....?"

यस्तै माहौल बनेको थियो त्यस बखतको राजनीतिक वृतमा । यस्ता चर्चामा सबैभन्दा मूल बिषय थियो -राजाको के हुने ! राजा माने ज्ञानेन्द्रको ! उ बेला हावा, पानी र आगोमा कसैको नियन्त्रण नभएको जस्तो अवस्था थियो । तर पनि, केहीले 'बेबी किंग', कोही भने भारत स्वतन्त्र हुँदा ताकाका कश्मिरका राजा हरिसिंहका झै, कतिले फेरी 'करेक्टेट सेरेमोनियल किंग'...थरीथरीका आँकलन र अनुमानहरू व्याप्त थियो । नारायणहिटीबाट निकालिए पछि कहाँ बस्ने होला ? सेनाले मान्छन त ? आदि आदि !

उपल्लो दर्जाका एकाध उपवादका नेता बाहेक अधिकांश भने राजनीतिका भवितव्यबाट निरपेक्ष थिए । आफैमा गमक्क थिए । गफ, आशंकाका खेति गरि बसेका थिए ।

मैले जानेको कुरा इमानका साथ भन्नु पर्दा, हुने कुराको जानकारी गिरिजाबाबु र प्रचण्डलाई यकिनका साथ ज्ञात थियो । किनभने, गिरिजा प्रसाद कोइरालाले एउटा मन बनाउनु भएको थियो र प्रचण्डले भने उहाँले बनाएको मनमा आफ्नो सफलताको सोपान देख्नु भएको थियो । प्रचण्ड' भनेको त्यस बखतको प्रचण्ड ! अहिलेको जस्तो लुंजपूंज, थिलथिलो, ज्ञानेन्द्रीयहरू अनियन्त्रित भएको, मागेर अरूको कोट लगाएको मानिस जस्तो हुन्थेन त्यस बखत । उनको आँखा तिर देख्दा संकल्प तथा सपना देखिन्थ्यो, पाइला तिर हेर्दा दरो टेकाई अनि अग्रगतिको आभाष हुन्थ्यो । तिनताकका घटनाहरूको जानकार प्रचण्ड यस कारणले पनि हुनुहुन्थ्यो, किन कि भर्खरभर्खरै उहाँले गिरिजा बाबुको संकल्प र दृढता बुझ्न थाल्नु भएको थियो । जसबाट स्वयं उहाँको काँग्रेस र एमालेहरू अनभिज्ञ रहेका थिए ।

तर, गिरिजा बाबु भने आफ्ना ध्येयमा निशंक हुनुहुन्थ्यो । माओवादीलाई एमालेको जतिकै संख्या दिएर संसदमा प्रवेश गराएको कुरामा सुशील कोईराला असन्तुष्ट भई ठस्केको अवस्था थियो । सुशील जीसंगै अरू धेरै । "गिरिजा दाजुले आतंककारीहरूलाई संसदमा हुल्नु भो" यत्ति मै रन्नभुल्ल भएर रन्थनिएका थिए गिरिजा बाबुसंगको एउटा जमात । मलाई लाग्दछ, घरभित्रका नोना कोइराला मात्र एक हुनुहुन्थ्यो, जो अन्ध्यारो टनेलको अर्को तिर थोरै उज्यालोमा नारायणहिटीको वैभवता ढल्न लागेको देखिइरहनु भएको थियो । शेखर, कोइराला परिवारबाट उदीयमान थिए, शशांकको जीवन उरेन्ठेउला काँग्रेसहरूसंग मौजमस्ती कै थियो । यही बेला गिरिजा बाबुसंग नजिकिदै गएका कृष्ण सिटौला बढी नजिक हुनु भयो । शायद उहाँले आफ्नो अदृश्य राजनीतिक मिशनको सफलताका लागि कृष्ण सिटौला उपर बढी भर गर्दै जानु भएको थियो । किन भने "अब मुलुकलाई राजा र राजतन्त्र चाहिन्न" भने कुरा पहिलो पटक सिटौला मार्फत नै गिरिजा बाबुले ज्ञानेन्द्रसम्म पुऱ्याउनु भएको थियो । राजाले चाहेमा थोरै सम्मानका साथ बहिर्गमनको बाटो दिइने कुरामा गिरिजा बाबुको मन बनि सकेको थियो । र, यो सन्देश राजाकोमा पुऱ्याएर, यसलाई न स्वीकारेमा हुने परिणामको झलक राजालाई सिटौलाले दक्षताका साथ भन्नु भएको थियो । यो जिम्मेवारीको निर्वाह बडो सिपालु भइ सिटौलाजीले गर्नु भएकोमा गिरिजा बाबुले परोक्षमा पनि सिटौटालाई "बडो होसियार रहेछ" भन्नु हुन्थ्यो । गिरिजा बाबुले कसैलाई "बडो होसियार रहेछ" भन्नु त्यो मानिसले बिश्वासको नोवेल पुरस्कार पाउनु सरह हुने मेरो धारणा रहेको हो ।

असंख्य आशंकाका बीच, दबाव र प्रभावका बीच, दुर्घटनाहरूको ढकढक्याईका बीच निजी रूपमा गिरिजा बाबुले जे चाहनु भएको थियो, त्यही भयो । मध्यरातमा, पुनर्स्थापित प्रतिनिधिसभाले राजतन्त्रलाई बिदा गऱ्यो । एक झटकामा शाह राजाहरूको स्वप्न बगैचा सखाप भयो । अचिन्तनका कुरा मूर्त भयो ।

राजतन्त्र समाप्त पारिएको त्यस घटनालाई आज धेरैले राजा ज्ञानेन्द्रसँग दलहरूले गरेको सम्झौताको बर्खिलाफ गरिएको कदम भन्छन । कतिपयले १२ सूत्रीय समझदारीमा राजतन्त्रको अन्त्यको कुरा उल्लेख नरहेको तथा राजासँग धोकाधडी भएको भन्छन् । म त्यता जान चाहन्न । मैले बुझेको त के हो भने नेपालमा राजतन्त्रको अन्त्य, न त जनमत संग्रहको परिपाटीबाट हुन सक्थ्यो । न त, उ बखतको सात दलका नेताहरूको बीचमा सहमति नै गरेर । यदि, राजालाई फाल्ने कसैको संकल्प रहेको हो भने उसको अगाडी इतिहासले देखाएको दुई वटा बाटाहरू मात्र थिए । जंगबहादुरले कोतपर्व पछि भण्डार खालका रक्तरंजित नालाहरूमा मिल्केको राजाको श्री पेचलाई तलवारको टुप्पोले उठाएर आफ्नो शिरमा भिर्ने जंग बहादुर राणाको बाटो । वा, माथवर सिंह थापा मारिएको बाटो । पहिलो बाटो सैन्यशक्तिको सहयोगले हुने बाटो हो । र, दोस्रो छलको बाटो हो । शक्तिपूंजसहित मुख्तियार माथवर सिंह थापा मर्नु परेको बाटो । गिरिजा बाबुसंग छलको सम्बन्ध देखाउनु शायद मेरा निम्ति प्रियकर उपमा होइन । नेपालको इतिहास पढेर होइन, सुनेर बुझेको गिरिजा बाबुले दोस्रो बाटोबाट राजालाई गद्दीच्यूत गराउनु भयो ।

गिरिजा बाबुले राम्ररी बुझ्नु भएको थियो कि ति दलहरू, जस्को अन्तरंग सोचको निर्माण बिदेशी दूतावासहरूमा हुने गर्दछ, ति दलहरूको सहमतिबाट नेपालका राजालाई कसरी फाल्न सकिन्छ र ? त्यस बेलाको निर्णायक शक्ति सात दलीय गठबन्धनमा सबैको प्रतिनिधित्व थियो । भारत, चीन, अमेरिका तथा उत्तर कोरिया सम्मको ।

उहाँले अपनाएको बाटोको बारेमा प्रश्नहरू होलान् । दस्तावेजहरू खोतल्दा "निरंकुश राजतन्त्रको अन्त्य" पढनेहरू जिल्लिएका छन कि यो 'अनर्थ' कसरी हुन गयो ? यही अनर्थमा गिरिजा प्रसाद कोइरालाले जीवनमा आफ्नो संकल्पको 'अर्थ' भेटनु भएको हो । जीवनका अनेकन पक्षहरूका बारेमा दृढ सोचहरू रहे झैं नेपालका राजतन्त्रको बारेमा पनि उहाँको आफ्नै प्रकारको धारणा थियो ।

राजाको बारेमा गिरिजाबाबु किसुनजीको भन्दा गणेशमानजीको नजिक हुनुहुन्थ्यो । गणेशमानजी बीपी कोईरालाको । वस्तुत: किसुनजी बाहेक यी तीनै जना नेता पछिल्लो नेपालमा राजतन्त्रको पक्षमा हुन्थेन । बीपी आफ्नो राजनीतिक दर्शनको आधारमा, गणेशमानजी राजाको नेतृत्वमा भएको अनवरत् दमनका कारणले र गिरिजाबाबु भने विभिन्न राजाहरूले गरेको अपमान र छलका कारणले । राजसंस्थाका बारे किसुनजीको दृष्टिकोण अध्यात्मिक थियो, जुन उहाँले जीवन पर्यन्त राख्नुभयो । अहिले पुराना मण्डलेहरू, नेपाली राजनीतिमा भारतको हस्तक्षेपका मुखर विरोधीहरू र हालको राजनीतिक बेथितिका आलोचकहरू बीपी कोइरालाका बढी उद्धरणहरू प्रयोग गर्छन् । राष्ट्रिय मेलमिलापका नीतिको चर्चा एवं अनुसंशा गर्दै, अहिले बीपी हुनु भएको भए राजासंग सहकार्य गरेर राष्ट्रियता जोगाउनु हुन्थ्यो भन्ने गर्छन् । बीपीका यस्ता नव अनुयायीहरूले बजारमा बीपी साहित्यको बिक्री बढाएका छन् । तर, बस्तुत: तिनीहरू बीपीका बिचारबाट बेमतलबी जमातका हुन् ।

तर, यहाँ मेरो लेखनीको मतलब स्पष्ट छ । गिरिजा बाबु रणनीतिक र कार्यनीतिक आधारमा बाहेक कहिल्यै पनि राजाको पक्षमा रहनु भएन । आज धेरैले हेक्का राख्दैनन् । २०२६ सालमा गिरिजाबाबु जेलबाट रिहा भएपछि २०६२-०६३ सम्म कहिल्यै पनि राजाबाट धोका, छल र अपमान बाहेकको व्यवहार पाउनु भएन । यसको सविस्तार चर्चा अर्को लामो लेखको बिषय हुन सक्छ । अहिलेको प्रयोजन यति मात्र हो कि, नेपाली राजनीतिमा आफ्नो विचार निर्माणको प्रारम्भिक काल देखिनै राजा र राजतन्त्रका विपक्षमा रहनु भएको गिरिजाबाबुले जब मौका पाउनु भयो राजालाई विस्थापित गराउनु भयो ।

अहिले मानिसहरू राजालाई बिर्सिसके । राजाहरूका व्यवहार याद गर्न चाहदैनन् । झिनो रूपमा देखिइने रेशमी पर्दाका पछाडी राजाका तस्वीर झुण्ड्याएर राजाका गुणगान गर्छन । तर, सत्य त्यस्तो छैन ।

क्यान्सरबाट ग्रस्त बीपी कोइराला जेलबाट रिहा भएपछि विदेशमा गई अपचार गराउन चाहनु हुन्थ्यो । यसर्थ, राहदानीका लागि तत्कालीन राजकीय परिषदका अध्यक्ष रहेका वीरेन्द्रका सामु निवेदन गर्नु भएको थियो, २०२७ सालमा । नेपालमा जनप्रिय भनी चिनिएका राजाको के अतित थियो । यस्ता धेरै दस्तावेजहरू प्रकाशित, अप्रकाशित छन् । राजनीतिक घटनाक्रमहरूलाई स्मृति वा विस्मृतिमा राख्नेहरू जो जीवित छन् । कयौं घटनाहरूका साक्षी छन् । राजाहरू कस्ता रहे....!

# संविधान दिवस र मधेशी दलहरूको भूमिका



अशोक यादव

असोज ३ गते ०७२ संविधान जारी भएको ४ वर्ष भयो । मधेशको आकांक्षा विपरित संविधान जारी हुँदा पहाडले दीपावली मनायो भने मधेशका दलहरू राजपा र समाजवादी पार्टीले (तत्कालीन संघीय समाजवादी फोरम) बडो जोडतोडका साथ संविधान घोषणाको दिनलाई कालो दिनको रूपमा मनाए । असोज ३ गते कालो दिवस मनाउने चलन यही दुई पार्टीले थालेका हुन् ।

घोषणा भएको संविधानको विरोधमा ज्यान फाल्न तयार रहेका राजपा र संघीय समाजवादी पार्टी फोरमलाई विस्तारै सत्ताले आफ्नो प्रभावमा लिई यी दुबै पार्टी कालो दिवसको स्वामित्व त्यागेर संविधान कार्यान्वयनको दिशामा सरकारलाई सहयोग गर्न पुगे । धनको अगाडी मनले आत्मसमर्पण गरि मधेश समक्ष दुबै पार्टीले आफ्नो अक्षमता, निर्वलता र निकम्मापन जाहेर जागिर खान सत्तासँग टाँसिए । यस्तो निर्णयलाई सडक र सदनको रणनीतिको संज्ञा दिएपनि मधेशप्रति गरिएको गद्दारीलाई ढाकछोप गर्ने प्रयास थियो ।

**मधेशको राजनीतिमा उदाएका राजपा तथा समाजवादी पार्टी जस्ता छदम्भेषी, बहुरूपिया पार्टीहरूले यसपाली देखाउने प्रहसन धेरै लज्जाजनक छ ।**

दोश्रो वर्ष यिनले सरकारसँग मिलेर कालो दिवस मनाउने चलनलाई वहिष्कार गरे । राज्य सुविधा भोगको महान अवसर प्राप्त भएका कारण मधेशको हक अधिकारका परिभाषा नै बदलिदिए । यिनले थालेको कालो दिवसको चलनलाई यिनले त्यागे पनि मधेशका युवाहरूले मधेशभरि कालो दिवस मनाएर यिनको लुटिएको प्रतिष्ठालाई जोगाई दियो । यो क्रम यसरी नै चल्दै रहयो । ०७६ सालको कालो दिवस मनाउन नैतिक पतनमा परेका राजपा सरकारबाट समर्थन फिर्ता लिएर मैदानमा आउने निर्णय गरेको समाजवादी पार्टी संघीय सरकारमा विराजमान रहेकोले राजपासँग बृद्ध वेश्या तपस्विनी बन्न चाहेको छैन । उनलाई सरकारबाट पनि थ्रेट रहेको चर्चा छ । समाजवादी पार्टी सदनमा र राजपा सडकमा एउटाले दीपावली र राजपाले ब्ल्याक आउट गर्ने भूमिकामा देखिएका छन् । मधेशका यी वहुरूपिया दलहरूको नाटक यसपाली मनोरञ्जनात्मक हुनेमा कुनै शंका छैन । सम्भवत असोज ३ गतेमा आफ्नो प्रतिष्ठा बचाउन अमेरिकाको कुनै कार्यक्रममा भाग लिन उपेन्द्र यादव त्यसतर्फ प्रस्थान गरेको हल्ला पनि सुनिन्छ ।

मधेशको राजनीतिमा उदाएका राजपा तथा समाजवादी पार्टी जस्ता छदमभेषी, बहुरूपिया पार्टीहरूले यसपाली देखाउने प्रहसन धेरै लज्जाजनक छ । एक पल्ट राज्यको नुन खाएर मधेशलाई धोका दिनेले राज्यलाई विरोध गरेर मधेशसँग सम्बन्ध गाँस्न पुगेकाहरूलाई मधेशी जनताले राम्ररी चिन्नु पर्दछ ।

ईमानदारी, आदर्श, नैतिकता र चरित्र नभएको राजनीतिको कुनै गन्तव्य हुँदैन । यो बहुरूपिया पेशा जस्तै मनोरंजन दिनुबाहेक अरू केहि गर्दैन । मधेशको हक अधिकार क्रान्तिकारी चरित्र हुनु आवश्यक हो जसको सबैले आदर गरोस् । बहुरूपिया चरित्र मधेशलाई घाटाबाहेक उपलब्धि केही दिन सक्दैन । हेर्ने हो भने राजपा, समाजवादी पार्टी मधेशी शहीदहरूको भावना विपरीत काम गरेको छ । अबको दिनमा मधेशमा युवाहरूको नेतृत्वहरूको आवश्यकता पनि देखिन्छ ।

## मधेश अपडेट

### छोरीलाई सक्षम र शिक्षित बनाउनुपर्छ : मुख्यमन्त्री

जनकपुरधाम । मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले प्रदेश सरकार छोरीहरूलाई शिक्षित र सक्षम बनाउने अभियानमा लागि परेको बताएका छन् । धनुषाको मुखियापट्टी मुसहरनीया गा.पा. ४ तुल्सीयाही स्थित देवनारायण माविमा आयोजित साइकल वितरण समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्री राउतले समाजको आधा हिस्सा छोरीहरू शिक्षित र सक्षम नभएसम्म प्रदेश समृद्ध नहुने भएकाले प्रदेश सरकार यस अभियानमा अघि बढेको बताए । उनले मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ कार्यक्रमअन्तर्गत छोरीहरूलाई शिक्षित र सक्षम बनाउन साइकल वितरण अभियान, छोरी शिक्षा विमा, सामुदायिक विद्यालयहरूमा छात्रा शौचालयको निर्माण अघि बढाएको उल्लेख गरे । छोरीहरू शिक्षित र समक्ष भैसकेपछि उनीहरूलाई रोजगारीमा समान अवसर दिन विभिन्न निकायहरूमा पचास प्रतिशत आरक्षणको व्यवस्था समेत गरेको उल्लेख गर्दै मुख्यमन्त्रीले अबको १५ वर्ष पछि महिलाहरूले जिल्ला र प्रदेश चलाएर नमूना कायम गर्ने दावी समेत गरे ।

### बालबालिका भविष्यको कर्णधार : नगरप्रमुख

वीरगन्ज । शिक्षा पाउने अधिकार सबै बालबालिकाको भएकोले विद्यालयको पहुँच बाहिर कुनैपनि बालबालिका रहनु नपर्ने धारणा वीरगन्ज महानगरपालिकाका नगर प्रमुख विजय कुमार सरावगीले व्यक्त गरेका छन् । वीरगन्ज महानगरपालिका वडा नम्बर १ मा रहेको पन्डित रामदेनी तिवारी आधारभूत विद्यालयमा आयोजित पढाइ मेला कार्यक्रममा बोल्दै नगर प्रमुख सरावगीले यस्तो धारणा व्यक्त गरेका हुन् । आजको बालवालिका नै भविष्यको कर्णाधार भएकोले सबै बालबालिका विद्यालय जानु पर्ने बताउँदै उनले प्रारम्भिक पढाइबाट नै बालबालिकाहरूको भविष्य बलियो हुने भएकोले गुणस्तीयतामा ध्यान पुर्याउन शिक्षक शिक्षिकाहरूलाई अनुरोध गरे ।

### मुख्यमन्त्री राईद्वारा सिसिटिभी उद्घाटन

मोरङ । प्रदेश नम्बर १ का मुख्यमन्त्री शेरधन राईले प्रदेश नम्बर १ सरकारको सहयोगमा जिल्ला प्रहरी कार्यालय मोरङमा जडान सम्पन्न भएको सिसिटिभीको सोही कार्यालयमा सोमबार आयोजित कार्यक्रमबीच उद्घानटन गरेका छन् । साथै उनले संचालनमा आएका उक्त सिसीटिभी प्रहरी महानिरीक्षक सर्वेन्द्र खनाल मार्फत जिल्ला प्रहरी कार्यालय मोरङलाई हस्तान्तरण समेत गरे । मोरङ जिल्लाका सीमा क्षेत्र तथा राजमार्गमा प्रथम चरणमा १ करोड १३ लाख रूपैयाँ मूल्य बराबरको लागतमा जडान गरिएका ५८ वटा सिसिटिभी जिल्ला प्रहरी कार्यालय मोरङ तथा ईलाका प्रहरी कार्यालयहरू बेलबारी र पथरीले मोनिटरिङ गर्नेछन् । उक्त सिसिटीभीमध्ये विराटनगर क्षेत्रमा ३२ वटा, बुढीखोलादेखि बाउन्नेसम्म १३ वटा र पथरी उर्लाबारीसम्म १३ वटा जडान भएका छन् । अप्टिकल फाइबर जडान भएका उक्त सिसिटीभी काठमाडौंपछिको दोस्रो ठूलो नेटवर्क हो । प्रहरी सेवालाई प्रविधिमैत्री बनाई समाजमा घटने अपराध न्यूनीकरण तथा नियन्त्रण गर्न, अपराधको वस्तुनिष्ठ अनुसन्धान गर्न तथा शान्ति सु(व्यवस्था कायम गर्न प्रदेश सरकारको सहयोगमा उक्त सिसिटिभी जडान गरिएको हो ।

### विपद् व्यवस्थापन प्राथमिकता : राज्यमन्त्री

जनकपुरधाम । प्रदेश नं. २ का आन्तरिक मामिला तथा कानून राज्यमन्त्री सरोज सिंह कुशवाहाले तराई/मधेशका जिल्लाहरूमा सबभन्दा बढी प्राकृतिक प्रकोप आउने गरेको बताएका छन् । त्यसलाई मध्यनजर गरी प्रदेश सरकारले विपद् व्यवस्थापनलाई प्रमुख प्राथमिकता राखेको जिकिर गरेका छन् । आन्तरिक मामिला तथा कानून मन्त्रालयद्वारा गौर–रौतहटमा मंगलवार आयोजित जिल्ला विपद् व्यवस्थपन समितिसँगको अन्तरक्रिया गोष्ठीमा राज्यमन्त्री कुशवाहाले र्प्रदेश २ मा आँधीबेरी, बाढी, आगलगी, झाडापखला लगायतका प्राकृतिक प्रकोप आउने गरेको छ । यस्ता किसिमको प्रकोपको न्यूनिकरणका लागि प्रदेश सरकारले विपद व्यवस्थापनलाई प्रमुख प्राथमिकतामा राखेको बताएका छन् । जिल्ला प्रशासन कार्यालय रौतहटका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा भएको सो कार्यक्रमका प्रमुख अतिथि समेत रहेको राज्यमन्त्री कुशवाहाले प्रदेश नं. २ को बिना नेपाल कृषि प्रधान देश बन्न नसकिने बताएका छन् । उनले भने, 'केन्द्र सरकार पनि प्रदेश २ को विपद व्यवस्थापनप्रति गम्भीर हुनु पर्छ । स्थानीय सरकार, प्रदेश सरकार र संघ सरकार विपद् व्यवस्थापनको क्षेत्रमा समन्वय गरी अगाडि बढ्दुपर्छ ।' कार्यक्रममा स्थानीय सरकारका प्रतिनिधिहरू, जिल्ला समन्वय समितिका अध्यक्ष, पत्रकार, बुद्धिजिवी, नागरिक समाज, विभिन्न संघ संस्थाका प्रतिनिधिहरूको समेत उपस्थिति रहेको थियो ।

### प्रदेश ५ खुल्ला दिसामुक्त क्षेत्र

मणि प्रसाद गैह्रे, कपिलवस्तु । प्रदेश नं ५ मा बाँकी रहेको कपिलवस्तु जिल्लालाई एक समारोहका साथ सदरमुकाम तौलिहवामा दिसामुक्त क्षेत्र घोषणा गरिएको छ । कपिलवस्तुको प्रमुख चुनौतीको रूपमा रहेको खुला दिसामुक्त घोषणा गर्ने अभियानले मङ्गलबार सार्थकता पाएको छ । विं.सं. २०६७ सालदेखि जिल्लालाई खुला दिसामुक्त गर्ने अभियान चलाइएपनि अभियानले बल्ल सार्थकता पाएको हो । साविक लुम्बनी अञ्चलमा ६ जिल्लामध्ये ५ जिल्ला संघीयता लागु नहुँदै खुला दिसा मुक्त भएपनि कपिलवस्तु हुन सकेको थिएन । सिंगो लुम्बिनी अञ्चललाई नै खुला दिसामुक्त घोषणा गर्न कपिलवस्तु बाधक बनेको थियो । पछि संघीयता लागुसंगै बनेको प्रदेश ५ मा पनि कपिलवस्तु नै बाधक हुनपुग्यो । बुद्धभूमिका रूपमा संसारले चिन्ने कपिलवस्तु मङ्गलबार खुला दिसामुक्त क्षेत्र भएसंगै अब छिट्टै प्रदेश नै खुला दिसामुक्त भएको छ । सरकारले मुलूकलाई असोज १३ गते खुल्ला दिसामुक्त क्षेत्र घोषणा गर्दै छ । त्यसैको दबाबमा कपिलवस्तु खुला दिसामुक्त भएको सरोकारवालाले टीप्पणी गर्ने गरेका छन् ।

### बाल हेल्पलाइन केन्द्रको उदघाटन

वीरगन्ज । राष्ट्रिय बालदिवसको अवसरमा वीरगन्जको छपकैयामा संचालित बालहेल्पलाइन केन्द्रको उदघाटन गरिएको छ ।वीरगन्ज महानगरपालिका वडा नम्बर ३छपकैयामा महानगरपालिका र आवर संसार नेपालको सहकार्यमा संचालित उक्त केन्द्रको उदघाटन नगर प्रमुख बिजय कुमार सरावगीले गरेका छन् । बालवालिकाको आपतकालिन उद्धार, राहत तथा संरक्षणका लागी खुलेको सो हेल्पलाइन केन्द्र वीरगन्जको उदघाटन कार्यक्रममा बोलदै नगर प्रमुख सरावगीले वीरगन्ज महानगरलाई बालमैत्री बनाउन महानरपालिका प्रतिवद्धरहेको बताए । उनले हेल्पालइनको सचालनले आपतकालिन अवस्थामा रहेको बालवालिकाहरूको संरक्षण र उद्धारमा सबै सराकारवालाहरूको सहयोगको आवश्यकता रहेको बताए ।

### प्रदेश स्तरीय सुरक्षा गोष्ठी सम्पन्न

विराटनगर । शनिबारदेखि मोरङको बिराटनगरमा सुरू भएको १ नम्बर प्रदेशस्तरीय सुरक्षा गोष्ठी आइतबार सम्पन्न भएको छ । नेपाल सरकार गृह मन्त्रालय र प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय १ नम्बर प्रदेशद्वारा संयुक्त रूपमा आयोजित १ नम्बर प्रदेशस्तरीय सुरक्षा गोष्ठी १ नम्बर प्रदेशका मुख्यमन्त्री शेरधन राईको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो । समापन कार्यक्रममा मुख्यमन्त्री राईले शान्ति सुरक्षाको क्षेत्र विगतका वर्षभन्दा सुदृढ भएको उल्लेख गर्दै विभिन्न खालका अपराधिक घटनामा पनि कमी आएको बताए । शान्ति सुरक्षामा खलल पुर्याउने कसैलाई पनि छुट नहुने हुँदा कानून विपरीत कार्य गर्ने जो कसैलाई पनि कानूनी कठघारामा उभ्याउन र कानुन सम्मत हुने कुरा तत्काल गरी सुरक्षा अवस्था अझै मजबुत बनाउन उनले निर्देशन दिनुभयो । राम्रो कामका लागि आवश्यक सहयोग गर्न प्रदेश सरकार सदैव तत्पर रहेको उनले बताए । कार्यक्रममा १ नम्बर प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री हिक्मत कुमार कार्कीले जनताको चाहना बमोजिमको सुरक्षा रणनीति अबलम्बन गर्नुपर्ने हुँदा सोही अनुसार कानूनी परिधिभित्र रही जनताकै चाहाना बमोजिमको सुरक्षा ब्यवस्था मिलाउनुपर्ने आजको आवश्यकता रहेको बताए ।

### "खोज र नष्ट" अभियान

कैलाली । सुदूरपश्चिम प्रदेशको सामाजिक विकास मन्त्रालयले डेङगु रोग नियन्त्रणका लागि 'खोज र नष्ट' अभियानलाई अगाडि बढाएको छ । मुख्यमन्त्री त्रिलोचन भट्टले डेङगु रोग नियन्त्रणका लागि अभियान थाल्न निर्देशन दिएलगत्तै सामाजिक विकास मन्त्रालयलृ 'खोज र नष्ट' अभियानको सुरूआत गरेको हो । 'खोज र नष्ट' अभियानमा डेङगु सार्ने लामखुट्टेले जन्माउन सक्ने लार्भा खोज्ने र नष्ट गर्ने भन्ने हो । अभियान अर्न्तगत पानी जम्ने खाल्डाखुल्डी पुर्ने, हटाउने, औषधि छर्किने लगायत गर्न सबै जिल्लाका स्थानीय तहलाई निर्देशन दिइसकेको सामाजिक विकासमन्त्री कृष्णराज सबेदीले बताए । सुदूरपश्चिम प्रदेशमा डेङ्गुको नियन्त्रणका लागि प्रदेश सरकारले सबै खालका प्रयास गरिरहेको बताउँदै मन्त्री सुबेदीले डेङ्गु रोग नियन्त्रणका लगि अभियान नै लिएर स्वास्थ्यकर्मीका टोलीहरू परिचालन हुने बताए ।

# सरकारमा बसेर संविधानको विरोध गर्नु ठिक होइन


योगेन्द्र राय यादव

मैले यही संविधानको धारालाई छोएर सपथ खाएको हुँ। संवैधानिक रूपमा पद ग्रहण पश्चात् कुनै पनि व्यक्ति राज्यको अंग रहन्छ। तर पनि नेपालको संविधान २०७२ का खास खास बुँदाहरूमा हाम्रो मतभिनन्ता छ। ती बुँदाहरूमा संशोधनको आवश्यकता छ। यो संविधानले सदियौंदेखि रहेका विभेदको अन्त्य गर्न सकेन, समानुपातिक प्रतिनिधित्वको ग्यारेन्टी गरिएको छैन, संघीयतालाई मजबुत बनाउने खालका ऐन, कानुनहरू आउन सकेको छैन, नागरिकताको आशामा बसेका मधेशी, दलित, आदिवासी, जनजाति, मुस्लिम नागरिकहरूसँग विभेदपूर्ण हिसाबले बुँदा उठाइएका छन्।

डा.बाबुराम भट्टराई र उपेन्द्र यादवको संयुक्त नेतृत्वमा रहेको संघीय समाजवादी पार्टीको अभिप्राय सम्पूर्ण संविधान नै खारेज हुनुपर्छ भन्ने होइन। तर, जुन मुद्दाका लागि मधेशी जनताले शहादत प्राप्त गरे, आन्दोलन गरे तर उनीहरूको माग सम्बोधन गरिएको छैन, ती मुद्दाहरू संशोधन हुनुपर्छ भन्ने हाम्रो माग अहिलेसम्म यथावत् छ।

वैधानिक रूपमा हामी सरकारको अंग हौं। त्यसैले प्रदेश सरकारले संविधान दिवस मनाउने घोषणा गर्दा हामी मनाउँदैनौं भन्नु उपयुक्त हुँदैन। एकातिर संविधानअनुरूप सपथ गरेका छौं भन्ने सवाल छ भने अर्कोतिर त्यही संविधानलाई संशोधन गर्नुपर्छ भन्ने हाम्रो माग यथावत् छ।

वैधानिक र सैद्धान्तिक व्यवस्थाले राज्य व्यवस्था सञ्चालन भएका हुन्छन्। त्यो सञ्चालनकर्तामा हामी स्वयम् छौं। तर जनताको जुन आवश्यकता छ, जसको लागि हामी लामो समय संघर्ष गरेर आएका छौं, राज्य पक्षले विभिन्न आरोप लगाएर हाम्रा कायकर्तामाथि लगाएको मुद्दा अहिलेसम्म पनि फैसला भइसकेको छैन। यो संविधानलाई सर्वस्वीकार्य र सबैले अपनत्व महसुस गर्ने गरी संशोधन गर्नका लागि भएको थियो तर त्यस्तो हुन सकेन। यो संविधानलाई देशका आधा जनसंख्याले अझै स्वीकार गर्न सकिरहेका छैनन्। मधेशी जनताले मात्र होइन पहाड र हिमालका आदिवासी, जनजाति समुदायले पनि संविधानलाई स्वीकार गरेका छैनन्। कालो दिवस वा सेतो दिवस जे मनाए पनि असन्तृष्टि जारी छ। संविधान संशोधनको आशा एउटा ठूलो भूभाग र संख्याले गरिरहेको छ।

प्रदेश २ सरकारले पटक संविधान दिवस मनाउन लागेको विषयमा मलाई खासै जानकारी छैन। मैले चासो पनि दिएको छैन। प्रदेश सरकारका वरिष्ठ सदस्यहरूले विस्तृत कार्यक्रमहरू बनाएका होलान्। वैधानिक रूपमा हामी बाध्य भएर संविधान दिवसमा सहभागी हुन्छौं तथापि त्यसको सम्पूर्ण तयारीमा हामीले खासै चासो दिएका छैनौं। तथापि संशोधनका सवालमा र अधिकार लिपिबद्ध हुनुपर्छ भन्ने पक्षपाती हामी छौं। सरकारमा पनि बस्ने, त्यही संविधानलाई टेकेर सपथ पनि खाने र त्यही संविधानको खरो रूपमा विरोध गर्ने मनोविज्ञान हाम्रो रहेन। सम्पूर्ण नेपालीको आत्मीयता यो संविधानमा हुनुपर्छ भन्ने मेरो बुझाई रहेको छ।

हाम्रो परिस्थिति र समयले गर्दा प्रदेश सरकारले संविधान दिवस मनाउने घोषणा गरेको हो। तथापि संशोधन र अधिकारको सुनिश्चितता अहिलेको अपरिहार्यता हो। संविधानको ३८ वटा भाग र ९ वटा अनसूचीले हाम्रो माग सम्बोधन गर्न सकेको छैन। संविधानमा भएको त्रुटि सम्बोधन गर्न सकिएन भने दीर्घकालसम्म असर गर्छ भन्ने मलाई लागेको छ। संविधान बाईबल, रामायण जस्तो परिवर्तन गर्न नसकिने जस्तो होइन। संविधान परिवर्तनशील दस्तावेज हो यदि संविधान संशोधन गर्ने हो भने यो देशको ठूलो समस्या समाधान हुन्छ।

राजपाको सवालमा मबाट जवाफ नखोज्नु। ६ अध्यक्षमण्डलीय प्रणाली अनुसार चलेको राजपाको आन्तरिक विषयमा हामीलाई जानकारी हुने कुरा भएन। प्रदेश २ मा समाजवादी र राजपाको संयुक्त सरकार छ। समान्य न्यूनतम कार्यक्रमहरू हामीले मिलेर गरिरहेका छौं। यसका अलवा दुईवटा छुट्टाछुट्टै पार्टीलाई आ-आफ्नै स्वतन्त्रताहरू रहेका छन्। सामान्य न्यूनतम कार्यक्रमलाई आत्मसात गर्न हामी बाध्य छौं र त्यो आवश्यकता पनि हो। त्यसबाहेकका कार्य हामी स्वतन्त्र भएर गर्न पाउँछौं। विगतमा पनि राजपा सत्तामा गएकै हो, त्यही संविधानलाई टेकेर संघीय, प्रदेश सांसदहरूले सपथ पनि खाएकै हुन्। प्रदेश सरकारमा त्यही संविधानका भाग र धारालाई टेकेर सरकारमा पनि सहभागी छन्। एकातिर यही संविधान अनुरूप सपथ पनि खाने अर्कोतिर यही संविधानको व्यापक विरोध पनि गर्नेहरू पनि छन्।

जनकपुर राजधानी र मिथिला नाम भनेर केही दलले प्रस्ताव दर्ता गराएका छन्। मेरो बुझाईमा यसमा वास्तविकता छैन। मधेश नाम र जनकपुर राजधानी भन्ने सवालमा राजपा र समाजवादीको संयुक्त धारणा रहेको छ। मधेश आन्दोलनबाट उत्खनन भएका भावहरू अनुरूप प्रदेश नम्बर २ को नाम मधेश प्रदेश नै हुनुपर्छ। यसलाई कसैले चुनौती दिन खोज्छ भने त्यो स्वीकार्य हुँदैन। राजनीतिक विषयवस्तुलाई सांस्कृतिक महत्व भएका जानकी, सीता, मिथिलासँग किन जोड्नु, उहाँहरूको स्थान राजनीति भन्दा उच्च छ। धर्म र संस्कृतिका महान् योद्धाहरूलाई राजनीतिक मुद्दासँग जोडेर किन विवादमा ल्याउन खोजिँदैछ त्यो हामीले बुझ्न सकेका छैनौं।

कुनैपनि हिसाबले मधेश खुम्चिदैंन बरू राजनीतिक हिसाबले हाम्रो एजेन्डा जीवित रहन्छ। मधेश प्रदेश नामाकरण भएपछि हामीले राजनीतिक रूपमा उठाएका मुद्दाहरूको विजय हुन्छ। भूगोलका सवालमा हाम्रो संघर्षहरू जारी रहन्छ। मध्य मधेश, मध्य प्रदेश, पश्चिम मधेश भन्ने प्रकारका नामहरू आईरहेका छन्। त्यसले राजनीतिक एजेण्डा समाप्त हुन्छ।

**परिस्थिति र समयले गर्दा प्रदेश सरकारले संविधान दिवस मनाउने घोषणा गरेको हो।**

*(यादव प्रदेश २ को भूमि व्यवस्था कृषि तथा सहकारी राज्यमन्त्री हुन्।)*

# कालो दिवसको औचित्य


मनिष मिश्र

नेपालको संविधान जारी भएको दिन असोज ३। नेपाली जनताको लामो संघर्ष र हजारौंको बलिदानीबाट जनताका प्रतिनिधिले जनताका लागि लेखिएको संविधान २०७२ लाई सर्वस्वीकार्य मान्न सकिन्छ ? एकातिर संविधान जारी भइरहँदा अर्कोतिर टाउको र छातीमा गोली हानिंदै थियो। एकातिर दिपावली मनाइँदै थियो, अर्कोतिर लाश जल्दै थियो। एकातिर खुशियाली मनाइँदै थियो, अर्कोतिर शोक। माथि उल्लेखित कुराहरू कुनै बनावटी होइन, नेपालमै आजभन्दा चार वर्षको दृष्य थियो।

संविधान भनेको देशको मूल कानून हो, जसले समग्र जनताका भावनालाई सम्बोधन गरेको हुन्छ। नेपालमा मधेशी राष्ट्रियता रहेकोलाई कसैले पनि नकार्न सक्दैनन्। संविधान जारी गर्दा नै आफ्ना अधिकार खोसिएको भन्दै आन्दोलन गरेको पक्ष अझै असन्तुष्ट भएकाले उसका माग संविधान संशोधन गरेर सम्बोधन गरिनु पर्छ। संविधानमा लेखिएकै कुरा कार्यान्वयन नहुँदा जनतामा विश्वासको संकट आउन सक्छ।

**संविधान संशोधनको आवश्यकता र औचित्य**

संविधानलाई पूर्णरूपमा कार्यान्वयनका लागि संशोधन नभई नहुने अवस्था देखिएको छ। विभिन्न बाधा र अड्चनका बीच संविधान गुज्रिरहेको छ। प्रधानमन्त्री ओलीले आवश्यक्ता र औचित्यका आधारमा संविधान संशोधन गर्ने भनेर बारम्बार संसदमा प्रतिबद्धता जनाए पनि संशोधन प्रस्ताव नआउनुबाट मधेशमा असन्तुष्टीको ज्वार अझै रहेको छ। संविधान संशोधन गर्न दुई तिहाइ मत सरकारसँग छ तर सरकार संशोधन प्रस्ताव किन ल्याउँदैन भन्ने गम्भीर प्रश्न पनि खडा भएको छ। मधेशी दलले संविधानअनुसार निर्वाचन र संरचनामा भाग लिए पनि संविधान संशोधनको माग भने अझै छाडेका छैनन्। राजपाले एकसूत्रीय माग राख्दै अहिले पनि प्रतिपक्षको भूमिकामा छ भने संशोधनकै लागि सरकारसँग अर्को मधेशकेन्द्रित दल समाजवादीले लिखितरूपमै सम्झौता गरेको छ।

आफ्नो प्रतिनिधिमूलक संस्थाबाट संविधान लेख्ने २००७ सालदेखिको जनताको चाहना पूरा भएको चार वर्ष भएको छ। संविधानसभाबाट संविधान लेख्ने जनताको सात दशक लामो सपना २०७२ असोज ३ मा साकार भएको हो। मधेशी, जनजातिसहित विभिन्न पक्षको असन्तुष्टिबीच तत्कालीन राष्ट्रपति रामवरण यादवले संविधानसभाबाट निर्माण गरिएको नेपालको संविधान, २०७२ घोषणा गरेका थिए। संघीयता, लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, धर्मनिरपेक्षता, मिश्रित निर्वाचन प्रणाली, समावेशिता यो संविधानका मूल विशेषता हुन्।

तसर्थ, यो पूरा संविधान नै गलत भन्ने पक्षमा असन्तुष्ट पक्षहरू कदापि छैनन्। यो संविधानलाई जसरी विश्वकै उत्कृष्ट संविधान भनेर भनिएको छ, त्यसलाई वास्तवमा उत्कृष्टता प्रदान गर्नका लागि संशोधन अपरिहार्य रहेको छ। संविधानप्रति असन्तुष्ट दलहरू समेत चुनावमा भाग लिएर सरकारमा सहभागी हुनु भनेको उनीहरूको प्रजातन्त्र, लोकतन्त्र, संघीयता, गणतन्त्र र समावेशी तथा समतामूलक राज्यप्रतिको प्रतिवद्धता हो। तर यसको अर्थ यो होइन कि उनीहरूले संविधानलाई अंगीकार गरिसकेका छन्। संविधानप्रति रहेको असन्तुष्टिका बाबजुद निर्वाचनमा सहभागिता जनाई जनताको मतादेशअनुसार प्रादेशिक सरकार बनाएर ती दलहरूले आफू पनि प्रजातान्त्रिक प्रक्रियामै रहेको गहन सन्देश दिएका छन्।

यही संविधानअनुसार निर्वाचनमा भाग लियो, प्रदेश सरकारमा सहभागिता जनायो, संसदीय व्यवस्थाअनुसार कार्यहरू अगाडि बढाउँदै छ तर, यो संविधानप्रति अपनत्व ग्रहण गरिसकेको छैन। अहिले सामाजिक सञ्जालदेखि विभिन्न मिडियाहरू भ्रम छरिँदैछ कि संविधान अनुसार कार्य पनि गर्ने र कालो दिवस भनेर पनि मनाउने कुरालाई एकतर्फी रूपले विभिन्न प्रकारका विश्लेषणहरू गरिँदैछ।

**संविधानप्रति अपनत्व**

संविधानप्रति मधेशसहित असन्तुष्ट पक्षले उठाउँदै आएको संशोधनको मुद्दा प्रदेश र प्रतिनिधिसभा निर्वाचनपछि सेलाएको सत्ता पक्षले बुझेको छ। संविधान संशोधनलाई मुख्य विषय बनाउँदै आएका मधेशी दलहरू नयाँ संविधानअनुसार सरकार र संसदमा भए पनि उनीहरूको माग यथावत छ। तीनै तहको सरकारमा रहेका मधेशी दलहरूको प्राथमिकता अहिले पनि संविधान संशोधन नै हो।

संविधान संशोधन भएमा मधेश र मधेशी जनताका जायज माग अवश्य पूरा हुन्छ। संविधान र व्यवहार आफैंमा खराब हुँदैन। खराब मानिसहरूको हातमा संविधान व्यवस्था संचालन गर्न पुग्यो भने नेपाल र नेपालीको सर्वोत्तम हित र सर्वाङ्गीण विकास भनेको गौण हुन जानेछ। हिमाल, पहाड र मधेशको जनताले लोकतन्त्र, स्वतन्त्रता र सामाजिक न्यायका लागि पटक-पटक गरेका संघर्ष, त्याग, तपस्या र बलिदानको परिणामस्वरूप मुलुकमा स्थापित गणतान्त्रिक व्यवस्थाले विभेदलाई चरम सीमामा ल्याएर राखिदियो।




गणतन्त्रात्मक व्यवस्थामा दलीय निरंकुशता देखा परेको छ। सत्ता स्वार्थ केन्द्रित राजनीतिले गर्दा भावनात्मक एकीकरण र राष्ट्र निर्माणको महाअभियानमा कुनै अनुभूति र प्रत्याभूति हुन सकेको छैन। विगतमा भएको २२ बुँदे, आठ बुँदे, सम्झौता लगायत विभिन्न समयमा मधेशी, आदिवासी र जनजातीबीच भएका सम्झौता, समझदारी अबको सरकारको कार्यकालमा पनि कार्यान्वयन नहुनु भनेको दुर्भाग्य नै हो।

संविधानसभाबाट जारी संविधान असफल भए एउटा राजनीतिक दल वा नेतामात्र नभएर सिंगो देशले नै हार्नेछ। प्रदेशलाई चाहिने शान्ति सुरक्षा, लोकसेवा जस्ता छाता ऐन, कानुन बनाउने विषय अब प्राथमिकतामा रखिनु पर्छ। स्थानीय, प्रदेश र केन्द्र सरकारबीच विश्वासको वातावरण बनाउनुपर्छ।

संविधान जारीसँगै जनताले देखेको आर्थिक विकास र समृद्धिको चाहना भने फुल्न पाएको छैन। राजनीतिक अस्थिरतासँगै सरकार गठन र विघटनका कारण मुलुकले आर्थिक समृद्धिको बाटो समाउन नसकेको बुझाइमा रहेका जनताले निर्वाचनमार्फत स्थिर सरकार गठनको जनादेश दिएका छन्। सरकार र प्रमुख राजनीतिक दलहरू लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै संविधानलाई व्यवहारमा उतार्न संविधानले परिकल्पना गरेका संरचनालाई मजबुत बनाउनुको साटो कमजोर बनाउन सक्रिय देखिन्छन्। संविधान पालक र संरक्षकले पनि संवैधानिक व्यवस्थाविपरीत दलीय स्वार्थमा परेर यसबीचमा कतिपय कदम उठाएको टिप्पणी पनि भइरहेका छन्।

राजपा र समाजवादी

संविधान जारी हुनुभन्दा पहिलादेखि नै आन्दोलनमा रहेको राजपा र समाजवादीको भूमिका अहिले फरक-फरक देखिएको छ। राजपा नेपालले सुरूदेखि यो संविधानमा विभेद रहेकोले यसका केही धाराहरू संशोधन गर्नुपर्ने धारणा राख्दै आएको छ। यो पूरा संविधान नै खराब हो भनेर राजपाले कहिल्यै पनि भनेर संविधानका राम्रा पक्षहरूलाई संस्थागत गर्दै छुटेका कुराहरू राख्नुपर्ने अडान राजपाको छ। सोही एजेन्डाअनुरूप राजपाले विगतका वर्षझैं यसपटक विरोध दिवस वा कालो दिवस मनाउने निर्णय गरेको छ। नि:सन्देह यो संविधान दिवसलाई खुशियाली वा पर्वको रूपमा मनाउने अवस्था आइनसकेको हो। तसर्थ, राजपाले कालो दिवस नै मनाउँदैछ।

यता, आन्दोलनका सहयात्री उपेन्द्र यादव नेतृत्वको वर्तमानको समाजवादी पार्टीले भने आफ्नो ट्र्याक परिवर्तन गरेको देखिन्छ। उपेन्द्र यादवले त यो संविधान संशोधन हैन पुनर्लेखन नै गर्नुपर्छ भन्ने अडान हुनुहुन्थ्यो, उहाँले पुनर्लेखन नभई निर्वाचनमा पनि भाग नलिने बताउनुभएको थियो। तर, विगतका कुरालाई सम्झिँदा र अहिलेको व्यवहार हेर्दा बिल्कुल फरक देखिन्छ। समाजवादीले न त संविधान दिवस मनाउने न त विरोध गर्ने नीति अपनाएको छ। यो समाजवादीको आफ्नो धारणा वा बाध्यता होला तर, हामी सामु कुनै बाध्यता छैन।

हामी प्रष्ट छौं कि यो संविधानलाई नेपालका समग्र नेपालीले आफ्नोपन महसुस नगरून्जेल कालो दिवस नै मनाउँछौं। संविधान जारी हुँदाका बखत मधेशी जनताको टाउको र छातीमा गोली हानिँदै थियो, काठमाडौं लगायत केही ठाउँमा दीपावली मनाइँदैथियो तर मधेशमा लाश जलिरहेको थियो। कसरी त्यो दिनलाई खुशियालीको रूपमा मनाउन सकिन्छ। सहादत दिएकाहरूको सपना साकार नभएसम्म बाँकी अधिकार प्राप्तिका लागि संघर्ष नै उपयुक्त बाटो हो। संशोधनमार्फत नै ती शहीदहरूको सपनालाई साकार पार्न सकिन्छ। तसर्थ, संशोधन नभएसम्म असोज ३ कालो दिन।

*(मिश्र, राजपा निकट राष्ट्रिय विद्यार्थी संघका केन्द्रीय अध्यक्ष हुन्।)*

## संक्षिप्त समाचार

### प्रदेश २ को फ्याक्ट्स विमोचित

जनकपुरधाम। मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले प्रदेश नं. २ को तथ्यांकसहितको पुस्तक फ्याक्ट्सको विमोचन गरेका छन्। मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा आयोजित एक कार्यक्रमका बीच मुख्यमन्त्री राउतले पुस्तकको विमोचन गरेका हुन्। पुस्तकको विमोचन पछि मुख्यमन्त्री राउतले पुस्तकले प्रदेशको विकास निर्माण सम्बन्धि योजना निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे। कार्यक्रममा नीति आयोगका उपाध्यक्ष डा. भोगेन्द्र झा, मुख्यन्यायधिवक्ता दिपेन्द्र झा, प्रमुख सचिव दीपक सुवेदी सहितका वक्ताहरूले पुस्तकको उपादेयताको विषयमा आ-आफना धारणा राखेका थिए। कार्यक्रममा सबै मन्त्रालयका सचिव, संचारकर्मी लगायतको उपस्थिति रहेको थियो।

### समाजवादी युवा संघले संघर्ष गर्ने चेतावनी

दिलिप कुमार यादव, कपिलवस्तु। समाजवादी पार्टी निकट समाजवादी युवा संघले महंगी र भ्रष्टाचार नियन्त्रण गर्न प्रधानमन्त्रीको ध्यानाकर्षण गराएको छ। जिल्ला प्रशासन कार्यालय कपिलवस्तुमार्फत प्रधानमन्त्रीलाई बढ्दो भ्रष्टाचार, महंगी, बेतिथि र विभिन्न स्वदेशी तथा विदेशी कम्पनीहरूले सरकारलाई तिर्नुपर्ने कर लगायतको विषयमा ध्यानाकर्षण गराएको हो। संघका केन्द्रीय सदस्य नवाब शाहको नेतृत्वमा गएको नेता कार्यकर्ताहरूको टोलीले प्रमुख जिल्ला अधिकारी गजेन्द्र बहादुर क्षेष्ठ मार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको थियो।

### नगर प्रहरीलाई विशेष तालिम

रूपन्देही। बुटवल उपमहानगरपालिकाले मुलुकमै पहिलोपटक आफ्ना नगर प्रहरीका लागि विशेष तालिम सञ्चालन गरेको छ। प्रहरी तालिम केन्द्रमार्फत उनीहरूलाई प्रहरीको आधारभूत तालिम सञ्चालन गरिएको हो। पाँच नम्बर प्रहरी तालिम केन्द्र बुटवलमा पेसागत, सैदान्तिक तथा व्यावहारिक तालिम लिएका १६ जनालाई एक समारोहबीच प्रहरी तालिम केन्द्रमा दिक्षित गरिएको छ। नगर प्रहरीका एक जना प्रहरी सहायक निरीक्षक , नगर प्रहरी हवल्दार तीन र नगर प्रहरी जवान १२ जनाले २५ दिनसम्म आवासीय रूपमै विभिन्न तालिम लिएका थिए। स्थानीय सरकारले प्रहरी तालिम केन्द्रमार्फत यस प्रकारको तालिम सञ्चालन गरेको पहिलो रहेको बताइएको छ।

### सतर्कता अपनाउन प्रहरीको आग्रह

रौतहट। जिल्ला प्रहरी कार्यालय रौतहटले विगत केहि दिनदेखि एक्कासी फैलिएको बच्चा चोरी, अपहरण गर्ने समूह प्रवेश गरेको, बच्चा चोरी गरी लगिदै गरेको भ्रामक कुरोको पछि नलागि सचेत बस्न अपील गरेका छन्। प्रहरी कार्यालयले शुक्रबार प्रेस वक्तव्य जारी गर्दै बच्चा चोरी गर्ने गिरोह आएको खबर आउने क्रम बढेको र जाँदा उखुबारीमा लुकेको, उता भागेको घटना स्थलमा कोही फेला नपर्नुले भ्रामक अफवाह फैलाउने कार्य भैरहेको हुँदा यसको पछि नलागेर सचेत र सतर्कता अपनाउन सबैसँग आग्रह गरेको हो।

### खुल्ला दिशामुक्त घोषणा

वीरगंज। मुलुकको ७० औं खुल्ला दिशामुक्त जिल्लाका रूपमा पर्सा जिल्ला पनि घोषणा भएको छ। वीरगन्जको नगरसभागृहमा शनिवार जिल्ला खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समिति पर्साले आयोजना गरेको कार्यक्रममा प्रदेश नं. २ का मुख्यमन्त्री लालबाबु राउत गद्धीले पर्सा जिल्लालाई खुल्ला दिसामुक्त जिल्ला घोषणा गरेका हुन्। अभियान थालेको ६ वर्षपछि मात्र पर्सा जिल्लालाई खुल्ला दिसामुक्त जिल्ला घोषणा गरिएको हो।

### डेङ्गुका बिरामी बढे

नेपालगञ्ज। बाँकेमा रहेका विभिन्न अस्पतालमा डेङ्गुका ५० भन्दा बढी बिरामी उपचारका लागि आएको जिल्ला स्वास्थ्य कार्यालय बाँकेले जनाएको छ। यहाँ उपचारका लागि आउने बिरामीमा अधिकांश छिमेकी जिल्लाका बिरामी रहेका छन्। उनका अनुसार, नेपालगञ्जस्थित भेरी अस्पताल, शिक्षण अस्पताल, वेस्टर्न अस्पताल, युनाइटेड अस्पताल र कोहलपुरस्थित मेडिकल कलेजको शिक्षण अस्पतालमा बिरामीको उपचार भइरहेको छ।

### सिधा उडानका लागि थाइल्यान्ड तयार

भैरहवा। निर्माणाधीन गौतमवुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा सिधा हवाई उडानको लागि थाई सरकार र त्यहाँका एअरलाइन्स सकारात्मक देखिएका छन्। गौतमवुद्ध अन्तर्राष्ट्रिय विमानस्थल (भैरहवा विमानस्थल) निर्माण सम्पन्न भएपछि त्यहाँबाट अन्तर्राष्ट्रिय उडानका लागि सरकारले विभिन्न देशका एअरलाइन्सहरूसँग आवश्यक छलफल र सम्झौता गरिरहेको छ। यसैबीच लुम्बिनीमा सबैभन्दा बढी पर्यटक आउने थाइल्यान्डसँग पनि भैरहवा-बैंकक सिधा उडानका लागि छलफल भइरहेको थाईल्यान्डका लागि नेपाली राजदूतावासले जनाएको छ। थाइल्यान्डकालागि नेपाली राजदूत गणेशप्रसाद ढकालले थाई सरकार र त्यहांका एअरलायन्सहरू यो उडानका लागि सकारात्मक रहेको बताएका छन्।

### कटहरियामा दुई जना डेंगुको रोगी फेला

रौतहट। रौतहट जिल्लाको कटहरिया नगरपालिकामा दुई जना डेंगुको रोगी फेला परेका छन्। देशभरी महामारीको रूपमा डेंगु रोग फैलिरहेको अवस्थामा कटहरिया नगर क्षेत्र अन्तर्गत कटहरियामा पनि डेंगु रोगबाट संक्रमित दुई जना विरामी भेटिएका छन्। कटहरियामा फेला परेको डेंगु रोगी दुबै जना हेटौडामा कक्षा ११ मा अध्ययनरत सचिनकुमार दास र राजनकुमार दास रहेको बताइएको छ। हेटौडावाट घर आएका सचिन दास ३,४ दिन देखी लगातार उच्च ज्वरो आएपछि रगत चेकजाँच गराउँदा डेंगु रोगको संकमण भेटिएको चिकित्सक केपी यादवले जानकारी दिएका छन्।

### जनतामा निराशा : सभामुख महरा

कपिलवस्तु। संघीय प्रतिनिधि संसदका सभामुख कृष्णबहादुर महराले सबै पार्टी आन्तरिक समस्यामा फस्दा जनतामा निराशा छाएको बताएका छन्। जनताले दिएको म्यान्डेटलाई राजनीतिक दलहरूले आत्मसात नगर्दा परिस्थिति प्रतिकुल बन्न पुगेको उनको भनाइ छ। कपिलवस्तु बहुमुखी क्याम्पसको ३९ औं स्थापनादिवस एवं शालिक अनावरण कार्यक्रममा मंगलबार संबोधन गर्दै सभामुख महराले जनतामा देखिएका निराशालाई उचित संबोधनका लागि उच्च स्तरीय संयन्त्र बनाउनुपर्ने धारणा राखे। देशका मुख्य पार्टीहरू ने क पा या कांग्रेस पार्टी आफैमा यो र त्यो भनीलाग्दा देश र जनताका समस्या समाधान गर्न तर्फ ध्यार्न नपुगेको उनले बताए।

### बाटोमा परेका घरहरू भत्काइने

राकेश यादव, रौतहट। रौतहट जिल्लाको राजदेवी नगरपालिकाका प्रमुख धीरेन्द्र कुमार सिंहले बाटो निर्माणको कार्यमा बाधा पुर्याउने कार्य सहन नहुने बताएका छन्। शहरी विकास मन्त्रालयबाट निर्माण भैरहेको सडक विस्तारको कार्यलाई निरन्तरता दिँदै समयमै निर्माण कार्य सम्पन्न गराउने उद्देश्यले सडक विस्तारको कार्य अगाडी बढाइएको बताउँदै सडकमा परेका घर टहरा छिट्टै भत्काउने बताए। विगत एक वर्षदेखि घर हटाउन सूचना जारी गर्नुको साथै आग्रह गर्दा पनि कुनै वास्ता नगरेकोले स्थानीय जनप्रतिनिधिको सहयोग सहकार्यमा जेसीभी लगाएर घर भत्काउनुको विकल्प नरहेको जिकिर गरे। पटक पटक आग्रह गर्दा पनि अटेर गरेकोमा मेयर सिंहले आफै उपस्थित भएर गौरदेखि राजदेवी जाने मुख्य बाटोमा परेका घरहरू जेसीभी मेशिन लगाएर भत्काएका छन्।

### राजसंस्था पुनर्स्थापनाबारे अन्तरक्रिया

वीरगन्ज। राज संस्था पुनरस्थापना संघर्ष केन्द्रिय कार्य समितिद्वारा वीरगंजमा राज संस्थाको महत्तव र हिन्दु राष्ट्र कायम गर्नका लागि वीरगंजको घण्टाघरमा खुला अन्तरक्रीया कार्यक्रम सम्पन्न गरेका छन्। राज किशोर चौबेको अध्यक्षतामा भएको कार्यक्रममा विभिन्न संघ संगठनमा आबद्ध राजावादीहरूले वीरगंजको घण्टाघर मुनी खुला मञ्ज बनाई (*राजतन्त्र ल्याउ , नेपाल बचाउ*) नारा का साथ अन्तरक्रीया कार्यक्रम सम्पन्न गरेका छन्।

# मधेशका महिलाले अवसर पाए नेतृत्व गर्न सक्छन्



## हंसा साह

### सामाजिक अभियान्ता तथा महिला अधिकारकर्मी

**० महिलाका के कस्ता समस्याहरू देख्नुभएको छ ?**

– महिलाको समस्या मधेशमा अझै पनि प्रशस्त रूपमा रहेका छन् । हामी अनवरतबाट मधेशी महिलाहरूलाई आर्थिक, सामाजिक र राजनीतिक हिसाबले अगाडि लिन प्रयत्न गरिरहेका छौ । मधेशमा अझै पनि महिलाहरूलाई घरायसी कामबाट बाहिरको काममा जान अनुमति नदिने, तथा बाहिर गएपनि राम्रो नमान्ने समस्याहरू रहेका छन् । राजनीतिक दल, विभिन्न संस्थाहरू विभिन्न संगठनहरू पनि महिलाको सामाजिक, आर्थिक, शैक्षिक स्थीति सुधार गर्न प्रयत्न गरिरहेको पाइन्छ । तर पनि जुन हिसाबले महिलाहरू आत्मनिर्भर भएर प्रस्तुत हुनु पर्ने हो । त्यो वातावरण बन्न सकेको छैन ।

**० तराई मधेशका महिलाहरू अझै पनि घुम्टो प्रथाबाट बाहिर निस्कन नसक्नुको कारण के हुन सक्छ ?**

– पहिलेको तुलनामा अहिले मधेशमा धेरै परिर्वतन भईरहेको छ । मधेशका महिलाको शैक्षिक अवस्थामा पनि सुधार आइसकेको छ । तत्कालीन अवस्थामा घुम्टो प्रथा भनेर जति मात्रामा भ्रम भैलिएको छ, त्यति दयनीय वा भयावहक स्थिति छैन । महिलाहरू शिक्षित र परिवर्तित भइसकेका छन्, जसले गर्दा अवसर दियो भने पछाडि नहटि हिम्मतका साथ काम गर्न सक्छन् । महिलाको विकासको बाधक भनेर कुनै ठूलो विषयका रूपमा घुम्टो प्रथालाई लिनु उपयुक्त हुँदैन ।

**० मधेशका महिलाहरू अझै पनि प्रभावकारी रूपले नेतृत्व पंक्ति तथा नेतृत्वकर्ताको रूपमा आउन नसक्नुको कारण के देख्नु हुन्छ ?**

– घरायसी कामकाजमा बाँधिनु, संविधानमा नै लेखिए पनि जसरी महिलाहरूले अवसरहरू पाउनुपर्ने त्यो हिसाबले अवसर नपाउनु, घरबाहिर सुरक्षाको अवस्था खुकुलो हुनु, जसले गर्दा महिलालाई बाहिर जान परिवारबाट अनुमति नदिनु, घर परिवारभन्दा पनि देशका लागि केही गर्छु भन्ने सोचको विकाशका लागि महिलाहरूमा त्यो किसिमको चेतनाको कमी हुनु लगायतका समस्याहरू छन् । यस्ता कारणहरूले गर्दा महिला नेतृत्वपंक्तिमा कम सहभागिता देखिन्छन् । तर, मधेशका महिलाहरूले अवसर पाउने हो भने सशक्त रूपमा अगाडि आउन सक्छन् ।

**० मधेशमा महिलाप्रति दाइजो तथा बोक्सी जस्ता कुरालाई लिएर विभिन्न घटनाहरू दिनप्रति दिन घटिरहेका छन्, यसरी तीन तहको सरकारबाट पनि नियन्त्रण हुन नसक्नुलाई तपाई कसरी लिनुहुन्छ ?**

– देशमा तीन तहको सरकार छ, अझ भनौं प्रदेश २ मा बेटी बचाउँ बेटी पढाऊ कार्यक्रम व्यापक रूपमा सञ्चालन भइरहेको अवस्था छ । तर पनि महिला हिंसा बढ्दो छ । यसको न्यूनीकरण वास्तविक रूपमा जुन तरीकाले हुनु पर्ने हो त्यो हुन सकेको छैन । चेतनाको कमी भनौं या कानूनी अवस्था फितलो हुनु जे भएपनि महिला प्रतिको हिंसा न्यूनीकरण भएको छैन । त्यसैले जनमानसमा यो कुरा उठाउनु पर्छ र एकरूपताका साथ यो कुराप्रति सबैमा ध्यानार्कषण गराउनुपर्दछ ।

**० प्रदेश २ मा सञ्चालित बेटी बचाऊ, बेटी बढाऊ कार्यक्रम कतिको प्रभावकारी बनेको छ ?**

– कार्यक्रम ल्याउनु राम्रो हो, राम्रो छ तर वास्तविकतामा त्यत्ति प्रभावकारी हुन सकेको छैन । तत्कालै पनि एक किशोरी माथि एसिड आर्कमण भयो । यो के कारणले भयो त ? त्यहाँको मानिसमा चेतनाको कमी भयो या कानूनी अवस्था फितलो भयो । यसरी दिनप्रति दिन असुरक्षा बढ्दै जानु आक्रमण हुनु यो राम्रो पक्ष होइन । यसलाई भने प्रदेश सरकारको कमीकमजोरी भन्न सकिन्छ ।

**० 'बेटी बचाउ, बेटी पढाऊ' कार्यक्रमलाई प्रभावकारी बनाउन के गर्नुपर्ला ?**

– उहाँहरूले जति पहल गर्नु भएको छ त्यो सराहनीय छ । साइकल वितरणदेखि लिएर हरेक कार्यक्रमहरू तर यतिले मात्र हाम्रा छोरी चेलीहरू सुरक्षित रहन सक्दैनन् । जबसम्म आर्थिक र शैक्षिक रूपले महिलाहरू सवल बन्दैनन् तबसम्म महिलाहरू सुरक्षित रहन सक्दैनन् । योग्यता र सक्षमताको आधारमा सबैलाई काम दिन सक्नुपर्छ, त्यहाँको व्यवसायको प्रवर्धन गर्न सक्नुपर्छ । साथै रोजिरोटिका सम्भाव्य क्षेत्रहरूमा उनीहरूलाई अवसर दिनुपर्दछ । एनजियो आइएनजिओहरूले विभिन्न कार्यक्रमहरू ल्याउँछ तर यसलाई प्रभावकारी रूपले सञ्चालन नगरी बजेट मात्र सिध्याएको देखिन्छ । यसलाई पनि प्रभावकारी तरीकाले सञ्चालन गर्नुपर्छ । यसरी नै महिलाहरूको चौतर्फी विकासमा ध्यान दिने हो भने कार्यक्रम प्रभावकारी हुनुका साथै महिलाको स्थितिमा पनि सुधार आउँछ ।

**० महिलाको नाममा भएका कार्यक्रमहरू प्रायः महिला हितमा समर्पित नभई बजेट सक्ने माध्यम भएको मान्न सकिन्छ ?**

– म आफै पनि कतिपय कार्यक्रममा गएर प्रत्यक्ष अवलोकन गरेकी छु । प्रायः जसो ठाउँ तथा कार्यक्रममा बेसिक कोर्ष मात्र सिकाउने र बजेट सिध्याउने तर ब्मखबलअभम अयगचकभ भने नसिकाउने जस्ता कार्यहरू भइरहेको देखिएको छ । यसरी सिकाएको सिकाई वास्तविक रूपमा प्रभावकारी हुन नसक्नुका साथै उनीहरूले पुनः त्यो व्यवसाय गर्न सक्दैनन् । यसमा कार्यक्रम योजनाकर्ताको निगरानी राम्रो हुनु पर्दछ । यस्ता कार्यक्रमहरू लिइसकेपछि प्रभावकारी रूपमा सञ्चालन गर्नु पर्दछ अनि मात्र बजेट सक्ने कार्यक्रमको प्रभाव सिकारूमा नपर्ने हुनु हुँदैन ।

## स्थानीय सम्वाद

# अर्गानिक खेतीलाई प्रोत्साहन गरेका छौं



## रजत प्रताप शाह

### मेयर, कृष्णनगर नगरपालिका, कपिलवस्तु

कृष्णनगर नगरपालिका पश्चिमी नेपालको तराइमा पर्ने कपिलवस्तु जिल्लामा अवस्थित एक नगरपालिका हो । कृष्णनगर बजार रहेको ठाउँलाई नगरपालिकाको केन्द्र बनाइएको छ । यो नगरपालिका २०६८ साउन १ देखि लागू हुने गरी बनाइएको हो तर कार्यन्वयनमा भने २०७१ जेष्ठ ४ देखि आएको हो । यसलाई नगरपालिका घोषणा गर्दा कृष्णनगर, शिवनगर र सिर्सिहवा गाउँ विकास समितिहरू समावेश गरिएका हुन् । आर्थिक वर्ष २०६८/६९को बजेटमार्फत् मुलुकमा ४१ नयाँ नगरपालिका थपिंदा कृष्णनगर पनि नगरपालिका बनेको हो । कृष्णनगर नगरपालिका पूर्व पश्चिम राजमार्गलाई पनि छुन्छ । २०६८ को जनगणनाअनुसार यहाँको जनसंख्या २०३९५ रहेको छ । कृष्णनगर नगरपालिकामा २९२२ घरधुरी छ ।

**० तपाइँ मेयरको रूपमा निर्वाचित भएको दुई वर्ष भइसक्यो, जनताले अनुभूति गर्ने के-कस्ता कामहरू गर्नुभयो त ?**

– यो दुई वर्षको अवधिमा हामीले कृषकहरूका लागि धेरै कार्यक्रमहरू गरेका छौं । यहाँका सिंचाइको समस्या थियो, त्यसका लागि बोरिङको व्यवस्था गरेका छौं । स्वास्थ्यको क्षेत्रमा पनि हामीले शिवराज अस्पताल र स्वास्थ्य चौकीहरूलाई व्यवस्थित गरेका छौं । अस्पतालमा अपरेशन थिएटरका लागि बजेट छुट्याएका छौं । शिक्षालाई विशेष गुणस्तर बनाउनका लागि अनुगमन गरिरहेका छौं ।

**० कृष्णनगरका जनताले स्थानीय सरकारको अनुभूति गरेका छन् ?**

– यहाँका जनतालाई हामीले आधारभूत सेवा सुविधाहरू पुर्‍याइरहेका छन् । जनताका जुन कामहरू छन्, त्यसलाई सहज र सरल तरिकाले गरिरहेका छौं । हामी विकास गर्नका लागि नै निर्वाचित भएर आएका छौं । जनताको म्यान्डेट अनुसार नै काम गरिरहेका छौं । त्यसैले यहाँका जनताले स्थानीय सरकारको अनुभूति गरेका छन् ।

**० सिंहदरबार गाउँमा आएको छ ?**

– सिंहदरबारको ढाँचा त गाउँमा आएको छ । तर, हामीसँग कर्मचारीको धेरै अभाव छ । अहिले हाम्रो नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत पनि छैन । हामी कर्मचारीको अभावमा सोचे जति काम गर्न सकेका छैनौं । तर, हाम्रो स्रोत र साधनले भ्याएसम्म जनतालाई स्थानीय सरकारको अनुभूति गराउन सफल भएका छौं । हामीले नगरपालिकामा आएको दुई वर्ष बितिसक्यो । अहिले नयाँ संरचनाअनुसार तीन तहको सरकार आएको छ । विस्तारै सिस्टममा गइरहेको छ । विस्तारै कर्मचारीको पनि पूर्ति हुन्छ र जनताले सिंहदरबार गाउँमा महसुस गर्नेछन् । कुनै ठाउँमा प्राविधिक छैन, कहीं इन्जिनियर छैन भने कहीं प्रशासकीय अधिकृत छैन । यत्रो ठूलो-ठूलो विकासका योजनाहरू छन् तर कुनै प्राविधिक छैन । त्यसैले, जुनरूपमा प्रचार गरिएको थियो त्यसरी जनताले महसुस गर्न सकेका छन् ।

**० यस आर्थिक वर्षमा प्राथमिकतामा के-के योजनाहरू सार्नुभएको छ ?**

– यहाँका जनजीवन मुख्यरूपमा कृषिमा नै आधारित छ । ७० प्रतिशत कृषिमा, त्यसपछि औद्योगिक क्षेत्रहरू पनि छन् । हामीले सबभन्दा बढी प्राथमिकतामा कृषिलाई राखेका छौं । त्यसैगरी, शिक्षा, स्वास्थ्य, बाटोघाटो लगायतलाई पनि प्राथमिकतामा राखेका छौं । हामीले गाउँ-गाउँमा बाटो निर्माण, गाउँदेखि अर्को गाउँ जोड्नका लागि कालोपत्रे, मैनरोड, लिंकरोड लगायत विस्तार भइरहेको छ ।

**० कृषकहरूलाई के कति अनुदान वा सहुलियत दिनुभएको छ ?**

– गत वर्ष हामीले रू.साढे दुई करोडसम्म छुट्याएका थियौं । कृषिमा विभिन्न कार्यक्रमहरू पनि ल्याएका थियौं । बेमौसमी खेती कार्यक्रम, तरकारी खेतीको कार्यक्रम, विभिन्न तालिमहरू, ठूलो सिंचाइ योजना, सानो सिंचाइ योजना लगायतका थियो । यस वर्ष हामीले अर्गानिक फार्मिङ्गलाई धेरै प्रोत्साहन गरेका छौं ।

**० करिब दुई दशकको जनप्रतिनिधिविहीनताको अवस्थामा तपाइँहरू निर्वाचित भएर आउनुभयो, कस्तो समस्याहरूको सामना गर्नुपर्‍यो त ?**

– करिब २० वर्षसम्म जनप्रतिनिधि नहुँदा जनतालाई धेरै समस्याहरू भइरहेको थियो । हामी निर्वाचित भएर आउँदा जनताका आकांक्षा धेरै देखियो । हामी विस्तारै शून्यताको अवस्थाबाट काम थालेका छौं । अझ पनि हामीसँग म्यानपावरको अभाव छ । कर्मचारी अभावले हामीले जनताको अपेक्षाअनुसार काम गर्न सकेका छैनौं । समस्या भनेको कर्मचारीको अभाव नै हो । त्यसपछि केही ऐन कानूनहरू पनि नआएकोले अलिअलि समस्या आइरहेको छ । हामीले दुई वर्षको अवधिमा काम गर्दै जाँदा विस्तारै ट्र्याकमा ल्याउँदैछौं । अर्को कुरा हाम्रो बजेट दिनप्रति दिन केन्द्रले घटाउँदै लगेको छ ।

**० निर्वाचनका बेला तपाइँले गरेका प्रतिवद्धताहरू के-के थियो ?**

– मैले निर्वाचनका बेला बाटोघाटो बनाइदिने, स्मार्टसिटी बनाउनुका साथै नमूना नगरपालिका बनाउने प्रतिबद्धता जनाएका थिए । हस्पिटलमा ट्रमा सेन्टर स्थापना गर्ने वाचा गरेको थिएँ । सोही प्रतिबद्धता अनुसार अहिले हामी अस्पतालमा अपरेशन थिएटरको व्यवस्था गरेका छौं । विस्तारै हामी ट्रमा सेन्टरको पनि व्यवस्था गर्छौं । केन्द्र र प्रदेश सरकारसँग सहयोग लिएर आगामी वर्षसम्म ट्रमा सेन्टर स्थापना गर्ने हाम्रो लक्ष्य छ ।

**० भनेपछि तपाइँले गरेका प्रतिबद्धताहरू पूरा हुँदैछ ?**

– मैले गरेको प्रतिबद्धताभन्दा पनि बढी काम गरेर देखाउँछु । हामी जनताको सेवा गर्न आएका हौं । हामीले सेवा भावलाई केन्द्र बिन्दू बनाएकोले प्रतिबद्धताभन्दा बढी काम गर्छौं ।

**० करको दायरा कस्तो छ ?**

– विकासको लागि कर आवश्यक छ । हामीले जनताबाट कर उठाएर जनताकै लागि काम गर्ने हो, जनताकै विकास गर्ने हो । कर तिर्नु सबैको दायित्व हो र त्यसबाट विकास गर्नु हाम्रो दायित्व हो । नगरपालिकाबाट गरिने सिफारिसहरूलाई निःशुल्क गरेका छौं । हामीले खासै कर बढाएको छैन । यो एउटा औद्योगिक क्षेत्र भएकोले सामान्य कर लागू गरेका छौं । जनतालाई मार पर्ने खालका कर हामीले लगाएका छैनौं ।

# अधिकारीलाई उत्कृष्ट विज्ञान पत्रकारिता पुरस्कार



काठमाडौं । नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आयोजना गरेको सातौं 'राष्ट्रिय विज्ञान दिवस' २०७६ का अवसरमा विज्ञान तथा प्रविधिको क्षेत्रमा कलम चलाई उत्कृष्ठ योगदान पुर्याउने एबिसी टेलिभिजनकी समाचारवाचिका एवं प्रस्तोता सन्तोषी अधिकारी पुरस्कृत भएकी छिन् । अधिकारीलाई सम्मान स्वरूप रू. १५ हजार राशिको पुरस्कार सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले प्रदान गरेका छन् । त्यसैगरि साइन्स इन्फोटेक डट कम डट एनपीका प्रधान सम्पादक गोपाल भण्डारीलाई पनि सम्मान स्वरूप रू. १५ हजार राशिको पुरस्कार सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले प्रदान गरे । पुरस्कृत हुनु भएकी पत्रकार सन्तोषी अधिकारीले विगत १४ वर्षदेखि पत्रकारिता शुरू गरेकी हुन् । शुरूवाती दिनमा देशान्तर साप्ताहिक, नुवाकोट एफएम, नेपालवाणी रेडियो नेटवर्क, इमेज एफ एम, इमेज न्युज एफमा समाचारवाचिका साथै कार्यक्रम संचालिकाको रूपमा काम गरेकी थिइन् । उनले एभिन्युज टेलिभिजन, प्राइम टाइम्स टेलिभिजन हुँदै हाल एबिसी न्युज टेलिभिजनमा समाचारवाचिका एवं कार्यक्रम निर्माता, प्रस्तोताको रूपमा काम गर्दै आएकी छिन् ।

# प्रभु साहलगायतलाई कारबाही गर्न माग

काठमाडौं । नेपाल कम्युनिस्ट पार्टीका प्रदेश २ अध्यक्ष प्रभु साहसहितका नेताहरूलाई कारबाहीको माग गरिएको छ । नेकपाका १९ केन्द्रीय सदस्यले प्रभुसाहित सचिव सुमन प्याकुरेल, इन्चार्ज सत्यनारायण मण्डल र सहइन्चार्ज विश्वनाथ साहमाथि कारबाही गर्नुपर्ने केन्द्रीय सदस्यहरू नागेन्द्र चौधरी, महेन्द्र पासवानलगायतले मंगलबार पार्टी महासचिव विष्णु पौडेललाई भेटेर ज्ञापन पत्र समेत बुझाएका छन् । 'उहाँहरूले पार्टी बनाउने भन्दा पनि पद दुरूपयोग गरी गुट मात्र खडा गर्ने काम गर्नु भएको छ । विधान, नियमावली, निर्देशिका, सचिवालय निर्णय र परिपत्र सबै उल्लंघन गर्नुभएको छ', केन्द्रीय सदस्य पासवानले भने, 'उहाँहरूलाई पदमुक्त गरेर पार्टी नयाँ ढंगले अगाडि बढ्नुपर्छ भन्ने हाम्रो माग हो ।' साथै १९ केन्द्रीय सदस्यले भौतिक पूर्वाधारमन्त्री रघुवीर महासेठलाई विधान विपरीत स्थायी समिति सदस्य बनाइएको भन्दै उनलाई कारबाही गर्न माग गरेका छन् ।

# कर्मचारीले मनाए संविधान दिवस

जनकपुर । प्रदेश २ मा संविधान दिवस अन्तर्गत पहिलो दिनको कार्यक्रम मनाइएको छ । संविधान दिवसका अवसरमा प्रदेश २ को अस्थायी राजधानी जनकपुरमा बिहिबार बिहान तीन दिवसीय कार्यक्रम अन्तर्गत पहिलो दिन सरसफाई तथा डेङ्गु रोकथाम सम्बन्धि जनचेतनामूलक कार्यक्रम गरिएको हो । तर यो कार्यक्रममा मुख्यमन्त्री र मन्त्रीहरू उपस्थित थिएनन ।

संविधान दिवस मनाउन मन्त्री र नेताहरू उपस्थित नभएपनि स्थानीय प्रशासन र निजामति कर्मचारीहरू सहभागी थिए । संविधान संशोधनको माग गर्दै आएको राष्ट्रिय जनता पार्टी नेपालले औपचारिक रूपमै विरोध गर्दै कालो दिवस मनाउने घोषणा गरिसकेको छ भने सत्तारूढ समाजवादी पार्टी मौन छ । सोही कारण मुख्यमन्त्री तथा मन्त्रीहरू कार्यक्रममा सहभागी नबनेको बताइएको छ ।




## क्यान्सर

**शरीरमा अनियन्त्रित रूपमा कोषहरूको असमान्य बृद्धि हुनुलाई क्यान्सर भनिन्छ । यो सरूवा रोग होइन ।**

**क्यान्सर रोग चेतावनीका चिन्हहरू :**

- स्तनमा गिर्खा आउनु/गाँठागुँठी आउनु ।
- मुसा, कोठीमा परिवर्तन आउनु ।
- पाचनकृया र दिशा गर्ने बानीमा बारम्बार परिवर्तन आउनु ।
- लामो समयसम्म खोकी लाग्नु र स्वर परिवर्तन हुनु ।
- महिनाबारीमा धेरै रगत बग्ने अथवा अनियमित रगत बग्ने ।
- अन्य शरीरको भागबाट अनियमित रगत बग्ने ।
- कुनै घाउ वा सुजन निको नहुने ।
- शरीरका कुनै पनि अंगको कोषमा अनियन्त्रित बृद्धि हुन गई क्यान्सर हुन सक्दछ ।

तसर्थ क्यान्सर रोग लागेको शंका लागेमा तुरून्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी उपचार बारे आवश्यक जानकारी लिनु पर्दछ ।

**स्वास्थ्य कार्यालय, काठमाडौं, टेकु**

## विश्व परिवेश

# विदेश मन्त्रालयको सयदिने उपलब्धि सार्वजनिक

नयाँदिल्ली । भारतीय विदेशमन्त्री एस जयशंकरले आतकंवादलाई अलग राखेर सार्कको भविष्य खोज्न नसकिने बताएका छन् । आफूले मन्त्रालय सम्हालेपछिका सय दिनको उपलब्धि सार्वजनिक गर्ने कार्यक्रमा भारतका विदेशमन्त्री जयशंकरले त्यस्तो बताएका हुन् ।

'सार्कको भविष्य हेर्ने हो भने आतंकवादलाई कसले प्रश्रय दिइरहेको छ त्यसको प्रश्नको उत्तर खोजिनुपर्छ । अन्य सदस्य मुलुकले यसको उत्तर खोज्ने कुरामा म ढुक्क छु' उनले भने । न्युयोर्कमा हुने संयुक्तराष्ट्र महासंघको महासभामा सार्क सदस्य राष्ट्रहरूको विदेशीमन्त्री स्तरीय साइडलाइन बैठक भएको खण्डमा भारतले आतंकवाद प्रमुख रूपमा उठाउनेसमेत जयंशकरले बताए ।

मंगलबार विदेश मन्त्रालयको जवाहर भवनमा आयोजित सयदिने उपलब्धि सार्वजनिक गर्ने कार्यक्रममा बोल्दै जयशंकरले सार्क भन्नासाथ कनेक्टिभिटी र क्षेत्रीय व्यापारको कुरा आउने र आतंकवादको कुनै स्थान नहुनेसमेत बताए । उनले पछिल्लो समय भारतको आवाजलाई विश्वव्यापी मञ्चहरूमा सुनिन लागिएको समेत उनले भने । जयंशकरले राष्ट्रिय सुरक्षा र विदेश नीतिका लक्ष्यहरूबीचको सुदृढ तादम्यता नै पछिल्लो सय दिनको आफ्ना कार्यकालको प्रमुख उपलब्धिका रूपमा अर्थ्याएका छन् ।

त्यसैगरी, सय दिनमा छिमेक पहिलो नीतिलाई प्राथमिकता राखिएको उनले दाबी गरे । जसअन्तर्गत कनेक्टिभिटी, व्यापारजस्तालाई विशेष जोड दिइएको समेत उनले बताए ।




प्रधानमन्त्री मोदीको माल्दिभ्स, भुटान र श्रीलंका भ्रमणका साथै आफ्नो अफगानिस्तान, म्यान्मार, नेपाललगायतका छिमेकको भ्रमण पनि त्यसैको निरन्तरता भएको समेत उनले भने । छिमेकमा जनस्तरको सम्बन्धलाई प्राथमिकतामा राखेको समेत उनले जिकिर गरे । त्यसैगरी उनले हालै उद्घाटन गरिएको मोतीहारी-अमलेखगन्ज पाइप लाइन एवं भारत सरकारको सहयोगमा गोरखा र नुवाकोट जिल्लामा निर्माण सम्पन्न भएका ५० हजार घरलाई पनि उपलब्धिका सूचीमा राखेका छन् । उनले अघिल्लो साता लद्दाख क्षेत्रमा भएको भारतीय र चिनियाँ सैनिकको बीचको घम्साघम्सीलाई पनि सामान्य घटनाका रूपमा अर्थ्याएका छन् । अघिल्लो बुधबार भारतको लद्दाख छेउमा रहेको १३४ किमि लामो पागंग तालको उत्तरी किनारनजिक चीन र भारतबीच रहेको लाइन अफ एक्चुअल कन्ट्रोल (एलएसी) क्षेत्रमा गस्तीमा रहेका सैनिकहरूबीच दिनभरि नै घम्साघम्सी भएको थियो । तर, दुई देशका सैनिक अधिकारीहरूको प्रतिनिधिमण्डलबीचको छलफलपछि उक्त तनाव साम्य भएको थियो । विदेशमन्त्री जयंशकरले एलएसीप्रतिको भिन्न धारणाका कारण गस्तीमा रहेका सैनिकबीच जम्काभेट हुँदा त्यस्तो परिस्थिति निर्माण बन्नु सामान्य भएको बताए ।

भारतले जम्मु-कश्मीरको विशेषाधिकार खारेज गर्ने निर्णय आन्तरिक निर्णयको बताए । मोदी सरकारले अघिल्लो महिना जम्मु-कश्मीरको विशेषाधिकारको व्यवस्था भएको संविधानको धारा ३७० खारेज गर्ने निर्णय गरेको थियो । त्यसैगरी जयशंकरले पाकिस्तानको नियन्त्रित कश्मीरसमेत भारतको भूभाग भएको दाबी गरेका छन् । 'भारतले पाकिस्तान नियन्त्रित कश्मीरका सँधै नै प्रस्ट धारणा राख्दै आएको र सधैं नै त्यही रहने छ । र, त्यो भनेको त्यो भूमि भारतको अंग हो,' उनले भने/ । पाकिस्तानप्रति लक्षित गर्दै उनले अझै पनि एउटा छिमेकबाट भने असल छिमेकीको व्यवहार हुन नसकेको पनि उनले दाबी गरे ।

पछिल्लो सय दिनमा दुवै पूर्व र पश्चिममा भारतप्रतिको दृष्टिकोण बदल्ने प्रयास गरिएको समेत उनले बताए । विगतमा अन्तर्राष्ट्रिय योगा अभ्यास मनाउन गरिएकोमा पछिल्लो समय महात्मागान्धी र गुरू नानकको जन्म जयन्तीलाई विश्वव्यापी मनाउन थालिएकाले पनि त्यसमा योगदान गरेको उनले बताए । व्यवसाय, व्यापार, सुरक्षा क्षेत्रमा साझेदारी, नागरिकबीचको ओहोदोहारलाई हेर्ने हो भने पनि भारत र अमेरिकाबीचको सम्बन्ध धेरै अगाडि बढेको समेत उनले दाबी गरे । अमेरिकाको ह्युस्टनमा हुन लागेको भारतीय प्रवासीहरूको भेलामा प्रधानमन्त्री मोदीसँगै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसमेत उपस्थिति रहने निश्चित हुनुले पनि अमेरिका र भारतबीचको सम्बन्धको स्तर बनाउन प्रस्ट भएको उनको भनाइ थियो । उक्त भेलामा ट्रम्पले सहभागी हुने सार्वजनिक रूपमा घोषणा गरिसकेका छन् । *–कान्तिपुरबाट*

# बसले जोडिएको नेपाल-भारत सम्बन्ध

नेपाल र भारतका विभिन्न शहरलाई सीधा सडक मार्गले जोड्न भन्दै दुई देशबीच यात्रु बस आवागमन अहिले १३ वटा रूटमा सञ्चालन भइरहेको छ ।

हालै भारतको पश्चिम बंगालको सिलिगुडीबाट पूर्वी नेपालको काकडभिट्टा हुँदै काठमाडौं र काठमाडौंबाट सिलिगुडीसम्मका लागि यात्रु बस सञ्चालन हुन थालेको छ ।

यातायात व्यवस्था विभागका सूचना अधिकारी तीर्थराज खनालका अनुसार अहिलेसम्म काठमाण्डू-पटना-बोधगया, महेन्द्रनगर-दिल्ली, सिलिगुडी-काकडभिट्टा-काठमाडौं, जनकपुर-पटना, महेन्द्रनगर-देहरादून, नेपालगञ्ज-हरिद्वार, नेपालगञ्ज-लखनउ, नेपालगञ्ज-दिल्ली, काठमाडौं-गोरखपुर, काठमाडौं-दिल्ली, काठमाडौं-बनारस, पोखरा-दिल्ली र जनकपुर-अयोध्या रूटमा यात्रु बस सञ्चालन हुन थालेका छन् । नेपाल र भारतका विभिन्न स्थानबीच यात्रु बस सञ्चालनका लागि नेपाली तथा भारतीय व्यवसायीको हिस्सा आधारआधा हुने नेपाली अधिकारी बताउँछन् ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका अधिकारीहरूका अनुसार एउटा रूटमा कम्तीमा दुईवटा बस सञ्चालन हुँदा एउटा नेपाली व्यवसायीको र



अर्को भारतीय व्यवसायीको हुने गरेको छ । खनालले भने, 'अहिलेसम्म स्वीकृत भएका रूटमा चलाउन इच्छा जाहेर गर्नेलाई हामी इजाजत दिन्छौं । तर एउटा बस नेपालीको भयो भने अर्को भारतीयको हुनुपर्छ ।' नेपाल र भारतबीच १३ वटा सडक मार्गबाट यात्रु बस सञ्चालन भइरहँदा कतिपय नेपालका यातायात व्यवसायीले भने त्यसको विरोध गरेका छन् ।

सिलिगुडीबाट काठमाडौंका लागि यात्रु बस सञ्चालन हुन थालेपछि नेपाली व्यवसायीले भारतीय व्यवसायीसँग प्रतिस्पर्धा गर्न नसक्ने भन्दै विरोध गरे । केही दिन अघि उक्त रूटको बस सेवाको आरम्भ भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुवीर महासेठ र नेपालका लागि भारतीय राजदूत मंजीवसिंह पुरीले गरेका थिए । यातायात व्यवसायी राजेन्द्र रिजालले भारतीय व्यवसायीसँग प्रतिस्पर्धा गर्न नेपाली व्यवसायीले नसक्ने बताए ।

काकडभिट्टामा चिया पसल गरेर बस्ने कुमारी गिरीले सीमा क्षेत्रका अन्य व्यवसायी पनि दुई देशका सरकारको यो निर्णयले कतै आफ्नो व्यवसाय जोखिममा पर्ने हो कि भन्ने चिन्तामा परेको बताइन् । नेपाल र भारतका विभिन्न स्थानबीचको यात्रु बस सञ्चालनले यात्रुलाई नेपाल वा भारत पस्दा बाटोमा गाडी फेर्नुपर्ने झन्झटबाट मुक्ति मिलेको सीमा क्षेत्रका बासिन्दा बताउँछन् । पूर्वी सीमाकी बासिन्दा बिनु घिमिरेले भनिन्, 'बाहिरबाट आउनेलाई धेरै सहज भएको छ । सीमामा कुनै झन्झट बेहोर्नु पर्दैन । गाडी फेर्नु पर्दैन ।'

नेपाल र भारतबीचका पौराणिक तथा धार्मिक शहरहरू र ठूला शहरहरूबीच सीधा सम्पर्क गराउने उद्देश्यले दुई देशलाई सडक मार्गले जोडेको नेपाल तथा भारतका अधिकारीहरूले बताउने गरेका छन् । *–बीबी नेपाली सेवाबाट*

## दुधको...

प्राथमिकता रहनेछ । त्यसैगरी समाजमा व्याप्त हत्या, हिंसा, अपहरण, बलात्कार, विभेद सहितका आपराधिक गतिविधिहरूलाई न्यून गर्दै जनतालाई सुशासन र सुरक्षाको अनुभूति गराइनेछ ।

२. सामुदायिक-स्वराज र आत्मनिर्णयको अधिकार

जनचाहना बमोजिम प्रदेश र स्थानीय तहको सीमांकन सच्याउँदै सामुदायिक संप्रभुताको सिद्धान्त प्रतिपादन तथा अवलम्बन गरी सामुदायिक स्वराजको अभ्यासलाई कार्यान्वयनमा ल्याइनेछ । त्यसैगरी संयुक्त राष्ट्रसंघको घोषणापत्रको धारा (१), संयुक्त राष्ट्रसंघको साधारण सभाले १९६० दिसम्बर १४ मा पारित गरेको निर्णय 1514 (XV), संयुक्त राष्ट्रसंघको साधारण सभाले १९६६ दिसम्बर १६ मा पारित गरेको निर्णय 2200A (XXI) ICCPR/ICESCR अनुसार समुदायको आत्मनिर्णयको अधिकार स्थापित गरिनेछ ।

३. २० लाख रोजगारी सिर्जना

देशमा बेरोजगारीको समस्या बिकराल रूपमा रहेको छ । देशका ४० लाख भन्दा बढी होनहार युवाहरू आफ्नो घरपरिवारबाट टाढा भई विदेशिन बाध्य छन् । देशमा साधन, स्रोत र सम्भावना हुँदाहुँदै पनि यति भारी संख्यामा युवाहरू विदेशिनु देशको लागि निकै नै दुर्भाग्यपूर्ण हो । यसले दीर्घकालीन रूपमा देश परनिर्भर मात्रै बनाउने होइन, पूरै समाज र परिवारको विघटन समेत गराइरहेको छ । वैदेशिक रोजगारमा गएकाहरूको दिनहुँ कैयन् लाश बाकसमा बन्द भएर आइरहेका छन् । तसर्थ जनमत पार्टीले देश भित्रै २० लाख रोजगारी सिर्जना गर्ने लक्ष्यलाई आफ्नो पहिलो प्राथमिकताको रूपमा राखेको छ । त्यसको लागि भौतिक पूर्वाधारहरूको व्यापक निर्माणदेखि लिएर कृषि क्रान्ति, तीव्र औद्योगिकरण र सेवा क्षेत्रको व्यापक विस्तार माथि जोड दिँदै रोजगारी सिर्जनाको वातावरण बनाइनेछ ।

४. १ करोड़ वृक्षारोपन

चुरिया क्षेत्रमा भइरहेको वन(विनाश र मरूभूमिकरणलाई रोक्न सरोकारवालाहरूसँगको सहकार्यमा १ करोड वृक्षारोपन गर्ने लक्ष्य राखिएको छ ।

५. मानवरहित चुरिया र बसाईंसराईको व्यवस्थापन

चुरिया पर्वत भौगर्भिक रूपमा साह्रै कमजोर रहेको श्रृंखला हो । यसमा अत्यधिक जनसांख्यिकी चाप र गतिविधि बढ्दै गर्दा यस क्षेत्रको वन तथा पर्यावरण मासिएर त्यसको प्रतिकूल प्रभाव विकराल हुँदै गएको छ । तसर्थ चुरिया क्षेत्रलाई मानवरहित संरक्षित क्षेत्र घोषणा गरी संरक्षण गरिनेछ । कृषियोग्य भूमिमा जनसंख्याको बसाइँसराइँले कृषि तथा गैरकृषि क्षेत्रको उत्पादनमा नकारात्मक असर परेकोले जनसंख्या तथा बसाइँसराइको उचित व्यवस्थापन गर्ने खालको नीति अवलम्बन गरिनेछ ।

६. ILO 169 सहितको कार्यान्वयन

संयुक्त राष्ट्रसंघीय विश्वव्यापी मानवअधिकार घोषणापत्र, सबै किसिमको जातीय भेदभाव उन्मूलन सम्बन्धि अन्तर्राष्ट्रिय महासन्धि, आदिवासी जनजातिको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र र अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि १६९ सहितका अन्तर्राष्ट्रिय सन्धिहरूको कार्यान्वयन गर्दै जल, जमीन, जंगल र साधनस्रोत माथि आदिवासी समुदायहरूको अग्राधिकार कायम गर्न जोड दिइनेछ ।

७. नागरिकताको स्थायी समाधान

नागरिकताको अधिकार मौलिक अधिकार भएतापनि नागरिकताको समस्या लामो समयदेखि यथावत् रहेको हुँदा आवश्यक नीति, नियम र ऐन ल्याई नागरिकताको समस्यालाई सधैंका लागि समाधान गर्ने तर्फ पहल गरिनेछ ।

८. प्रत्यक्ष लोकतन्त्रको कार्यान्वयन

स्थानीय सरकारदेखि संघीय सरकारको गठन, संचालन, नीति निर्धारण र विकासका महत्त्वपूर्ण परियोजना निर्धारणमा प्रत्यक्ष लोकतन्त्रको अभ्यास प्राथमिकताका साथ लागू गरिनेछ । हरेक नागरिकको लागि 'सामाजिक सुरक्षा नम्बर' र 'बैंक खाता नम्बर' उपलब्ध भएझैं त्यहीसँग आबद्ध रहेको एउटा निश्चित आधिकारिक मोबाइल नम्बर वा अन्य विशेष विद्युतीय उपकरण समेत उपलब्ध गराई सोको मार्फत् स्थानीय परियोजना र नीति निर्धारणमा आफ्नो मत विद्युतीय तरीकाले जुनसुकै बेला पनि दिन सक्ने गरी प्रत्यक्ष लोकतन्त्रको अभ्यास सुचारू गरिनेछ । स्वीजरलैंडमा एक लाख मतदाताले कुनै संविधान संशोधनको विषयमा हस्ताक्षर संकलन गरेपछि उक्त संशोधन जनमत संग्रहमा लग्नु पर्ने व्यवस्था भएझैं नेपालको संविधान संशोधनका लागि ५ लाख मतदाताको हस्ताक्षर संकलन गरेपछि सो प्रस्तावलाई जनमत संग्रहमा लग्नु पर्ने प्रावधानको व्यवस्था गरिनेछ ।९. राष्ट्रिय स्वयंसेवक कोर

राष्ट्रिय सुरक्षा सम्पूर्ण नागरिकको जिम्मेबारी भएको मान्यताको विकास गर्न तथा अनुशासित, सबल र जिम्मेबार नागरिक बनाउने उद्देश्यले देशका सम्पूर्ण नागरिकले माध्यमिक शिक्षा पछि एक वर्ष सैनिकरस्वयंसेवक तालिम अनिवार्य लिने र तत्अनुसारको स्वयंसेवक सेवा दिने व्यवस्था गरिनेछ ।

१०. समानुपातिक समावेशी र समतामूलक विकास

देशमा विद्यमान रहेको रंगभेद, जातीय क्षेत्रीय लैंगिक असमानता, विभेद र उत्पीडनहरू तथा असमान विकासको समस्यालाई निराकरण गर्न राज्यका हरेक तह र निकायहरूमा समानुपातिक समावेशीको सिद्धान्त कडाईका साथ लागू गर्नुका साथै राज्यको साधन, स्रोत र अवसरहरूमा समतामूलक पहुँच सुनिश्चित गरिनेछ।

११. जातिको उन्मूलन ('अनाइअलेशन अभ कास्ट')

नेपाली समाजमा वर्ण र जाति व्यवस्था विभेद, छूवाछूत, दमन र शोषणको ऐतिहासिक कारण रहँदै आएको छ । विभिन्न सामाजिक, धार्मिक र राजनैतिक परिवर्तनहरू आए पनि वर्ण र जातिमा आधारित रहेको विभेद, छूवाछूत, दमन र शोषण अन्त गर्न असक्षम नै रहयो । तसर्थ वर्ण र जाति व्यवस्था उन्मूलन नभएसम्म विभेद, छूवाछूत, दमन र शोषण अन्त नहुने हुनाले जनमत पार्टीले शुरूमा नेपालको संविधानले नै जातीय क्लष्टर अनुसार व्यवस्था गरेको सकारात्मक विभेदको प्रावधानलाई अंगीकार गरे पनि अन्ततः वर्ण र जाति व्यवस्थाको उन्मूलन गरी समानता कायम गर्ने पक्षमा खडा रहनेछ । (डा.राउतको फेसबुक भित्ताबाट साभार)

"संविधान दिवस तथा राष्ट्रिय दिवस हर्षोल्लासका साथ मनाऔं : घर-घरमा राष्ट्रिय झण्डा फहराऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## जिल्ला समाचार

### विभिन्न ठाउँमा राष्ट्रिय झण्डा राखिने

विराटनगर । संविधान दिवसको अवसरमा प्रदेश १ का विभन्न ठाउँमा राष्ट्रिय झण्डा राखिने भएको छ । तीन दिने कार्यतालिका बनाउँदै प्रदेश सरकारले बिहीबार प्रदेश १ का विभिन्न २५ स्थानमा राष्ट्रिय भण्डा राख्ने भएको हो । बिहीबार प्रदेश १ का मुख्यमन्त्री शेरधन राईले विराटनगर विमानस्थलमा राष्ट्रिय झण्डा राख्नेछन् । प्रदेश १ का आन्तरिक मामिला तथा कानुन मन्त्रालयका प्रवक्ता कमलबहादुर थापाका अनुसार जिल्लाका सदरमुकाम र मुख्य बजारहरू गरी २५ स्थानमा राष्ट्रिय झण्डा राखिने छ । बिहीबार नै सरकारी कार्यालय तथा सार्वजनिक स्थान सरसफाइ र साँझ दिपावली गरिने छ । संविधान दिवसको दिन शुक्रबार बिहान आदर्श स्कुलबाट प्रभातफेरि निकालिने छ । प्रभातफेरि बजार परिक्रम गरी शहीद रंगशालामा पुगेर सभामा परिणत हुनेछ । कार्यक्रममा नेपाल प्रहरी, सशत्र प्रहरी र नेपाली सेनाले मार्च पास गर्नेछन् भने विभिन्न झाँकीहरू प्रस्तुत गरिनेछ । प्रवक्ता थापाका अनुसार विद्यालय र विभिन्न क्षेत्रबाट सांस्कृतिक झाँकी पनि प्रदर्शन गरिनेछ ।

### विद्यालयको सामाजिक परीक्षण सम्पन्न

कपिलवस्तु । श्री अनिरूद्ध पब्लिक माध्यमिक विद्यालय बैदौलीले आर्थिक वर्ष २०७५।०७६को सामाजिक परीक्षण कार्यक्रम सम्पन्न गरेको छ । हालसम्म विद्यालयले गरेका गतिविधि र आगामी दिनमा विद्यालयले गर्ने कार्यका विषयमा सामाजिक लेखा परीक्षण गरेको हो । विद्यालयमा सुशासन कार्यमा गर्न, सरोकारवालाको विद्यालयप्रति अपनत्वको विकास गर्न, विद्यालय शासनका उत्तरदायित्व अभिवृद्धि गर्न, विद्यालयको समग्र गतिविधिको समिक्षात्मक लेखाजोखा गर्न र विद्यालयको भावि कार्यदिशा पहिचान गर्नका लागि सामाजिक लेखा परीक्षण गरिएको विद्यालयका प्रधानाध्यापक रामसेवक यादवले बताए । द्यिालयले गरेका कुरा समेटिएको प्रतिवेदन पनि सरोकावाला पक्षले पारित गरेको उनले बताए । यसैगरी बैठकमा आगामी दिनमा विद्यालयले अगाडी बढ्नकालागिपनि सुझावहरू आएको र त्यसलाई विद्यालयले अक्षरंश पालन गरेर कार्यान्वयन गर्ने उनले बताए ।

### घर-घरमा दीपावली गर्न आह्वान

कैलाली । संविधान दिवसको अवसरमा सुदूरपश्चिम प्रदेश सरकारले घरघरमा दिपावली गर्न आह्वान गरेको छ । संविधान दिवसको अवसरमा तीन दिन घर-घरमा दीपावली गर्न प्रदेश सरकारले आह्वान गरेको हो । असोज २, ३ र ४ गते साँझ सबै सरकारी कार्यालयका साथै घर-घरमा सरसफाइ गरी दीपावली गर्न आग्रह गरिएको हो । बुधबार मुख्यमन्त्री कार्यालयमा पत्रकार सम्मेलन संविधान दिवस मूल समारोह समितिले २ गते सबै मन्त्रालय, सरकारी कार्यालयमा राष्ट्रिय झण्डा एवं व्यानर फहराइने निर्णय समेत गरेको छ । त्यही दिन प्रदेशको सामाजिक विकास मन्त्रालयले खेलकुद कार्यक्रम आयोजना गर्ने छ । त्यस्तै असोज ३ गते बिहान ७ बजे धनगढीको ट्राफिक चौराहबाट रंगशालासम्म झाँकीसहित प्रभातफेरी गर्ने तथा असोज ४ गते सबै कार्यालय हाताभित्र वृक्षरोपण गर्ने र राजधानी गोदावरीमा पनि वृक्षरोपण गरिने मूल समारोह समितिले जनाएको छ ।

### स्थानीय तह प्रमुखहरू असन्तुस्ट

राकेश यादव, रौतहट । जिल्ला समन्वय समिति रौतहटको आयोजनामा सोमबार आर्थिक वर्ष २०७५/०७६ को वार्षिक समीक्षा कार्यक्रम गौरस्थित जिल्ला समन्वय समितिको सभा हलमा सम्पन्न भएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा जिल्ला सभाको काम कर्तव्य र अधिकारबारे गरिएको क़ानूनी व्यवस्था विपरीत आयोजना गरिएको कार्यक्रममा सहभागी भएका स्थानीय तहका नगर प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतहरूले नगरपालिकाको कामकाज थप हुने गरी कार्यक्रम आयोजना गरिएकोप्रति असन्तुति जनाएका छन् । कानूनमा भएको व्यवस्था अनुसार संघीय सांसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रदेश सांसदलाई आमन्त्रण गरी जिल्लाको विकासबारे सुझाव लिनुपर्नेमा कुनै संघीय सांसद र प्रदेश सांसदलाई नबोलाई नगरपालिकाका जिम्मेवार तीन प्रतिनिधिलाई कामकाज थप हुने गरी सहभागी गराइएको प्रति स्थानीय तहका प्रमुखहरूले असन्तुस्टि जनाएका हुन् ।

### नेपालगन्जमा गजल गोष्ठी

बाँके । नेपालगन्जमा उर्दू साहित्यकारद्वारा गजल गजल गोष्ठी गरिएको छ । गुल्जारे अदब बाँकेको आयोजनामा नेपालगन्जको महेन्द्र पुस्तकालय शनिबार गजल गोष्ठीको आयोजनामा अवधी, नेपाली र उर्दू साहित्यकारद्वारा गजल प्रस्तुत गरिएको थियो । प्रगतिशील लेखक संघ बाँकेका अध्यक्ष पंकज कुमार श्रेष्ठको अध्यक्षतामा, वरिष्ठ साहित्यकार तथा अवधी साँस्कृतिक बिकास परिषदका अध्यक्ष सच्चिदानन्द चौबेको प्रमुख आतिथ्यमा सम्पन्न भएको गजल गोष्ठीमा कार्यक्रमको संचालन सचिव मोहम्मद मुस्तफा अहसन कुरैशी गरेका थिए । यसरी गुल्जारे अदबका अध्यक्ष तथा वरिष्ठ उर्दू साहित्यकार हाजी अब्दुल लतीफ शौक, साँस्कृतिक बिकास परिषदका अध्यक्ष सच्चिदानन्द चौबे, सचिव मोहम्मद मुस्तफा अहसन कुरैशी, वरिष्ठ चित्रकार तथा कलाकार श्यामानन्द सिंह, जमील हाशमी, यूसुफ आरफी, नूरूल हसन राई लगायतले "अगर तेरी फिक्रों में रिफअत नही है" मिश्ररामा आ-आफ्ना शैर, गजल वाचन गरेका थिए । यसरी हरेक महिनाको अन्तिम शनिवारका दिन यसरी गजल गोष्ठीको आयोजना गर्ने गर्दछन् ।

### वार्षिक साधारणसभा सम्पन्न

विराटनगर । सहमती बचत तथा ऋण सहकारी संस्था लिमिटेड प्रगती विनायक टोल विराटनगरले राष्ट्रिय सहकारी बैकका जीवन काफ्लेको प्रमुख आतिथ्यमा सातौ साधारण सभा शनिवार सम्पन्न गरेको छ । उक्त साधारण सभालाई दिप प्रज्वलन गरी उद्घाटन गर्दै भने 'सहमती र सहकार्यमा चल्ने सहकारीहरूले सानो-सानो पुजीलाई संकलन गरी आफ्नै सदस्य भित्र लगानी गर्ने सोवाट आएको व्याजहरू आफूले नै मुनाफा गर्ने भएकोले' सरकारले सहकारीलाई नियन्त्रणको सट्ट प्रवर्द्धन गर्नु पर्ने वताए । सोही अवसरका सहमती वचत तथा ऋण सहकारी संस्थाले २०७५/०७६ मा गरेको कारोवारवाट ४ लाख ६५ हजार ५ सय १३ रूपियां ४४ पैसा आन्दानी गरेको प्रतिवेदन पेश गर्दै भने सहकारीलाई अझ व्यवस्थीत वनाउन कम्प्युटर प्रणाली जडान गरी आधुनिक प्रणालीमा लानेगरी व्यवस्था भई रहको वताए । सोही अवसरमा पूर्व जिसस सभापति खड्ग वहादुर बस्नेत, प्रगती विनायक टोल संगठनका अध्यक्ष माधव ढुगेल, महिला क्षमता सहकारी संस्थाकी अध्यक्ष कृष्ण कुमारी थापा लगायतले सधारण सभाको सफलताको कामना गरेका थिए ।

### गोली प्रहारबाट मृत्यु

रूपन्देही । रोहिणी गाउँपालिका-५ रोहिणी पुलस्थित भैरहवा-धकधई सडकमा अपरिचित व्यक्तिले गोली प्रहार गर्दा ओमसतिया गाउँपालिका(५ बस्ने ३५ वर्षीय महेन्द्र कुर्मीको आइतबार दिउँसो मृत्यु भएको छ । हाल नम्बर नखुलेको मोटरसाइकलमा सवार २ जनाले लु.९ प ८२३५ नम्बरको मोटरसाइकलमा सवार कुर्मीलाई पछाडिबाट गोली प्रहार गर्दा उनको घटनास्थलमै मृत्यु भएको हो । घटना पश्चारत तत्काल ईलाका प्रहरी कार्यालय धकधईबाट खटिएको प्रहरीले यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ ।

### कांग्रेसद्वारा विरोध प्रदर्शन

नेपालगञ्ज । नेपाली काँग्रेस, बाँकेकी सभापति किरण कोइरालामाथि भएको आक्रमणको विरोध गर्दै बाँके काँग्रेसले सुरू गरेको आन्दोलन अझै जारी रहेको छ । खजुराको सीतापुरमा काँग्रेसको कार्यक्रम बिथोल्ने गरी भएको घटनामा संलग्नलाई कडा कारबाहीको माग गर्दै सोमबार पनि नेपालगञ्जमा विरोध प्रर्दशन गरिएको छ । सोमबार नेपाल विद्यार्थी सङ्घ बाँकेको आयोजनामा पार्टी कार्यालयबाट सुरू भएको विरोध र दबाब र्‍याली जिल्ला प्रशासन कार्यालय गेट अगाडि पुगेर कोणसभामा परिणत भएको थियो । दोषीलाई कारबाही गर भन्ने नाराका साथ सरकार विरूद्ध चर्का नाराबाजी गर्दै प्रशासन पुगेका काँग्रेस नेता कार्यकर्ताले बाँके प्रशासन र बाँके प्रहरीविरूद्ध पनि आक्रोश पोखेका थिए ।

### प्रहरीलाई प्रदेश सरकारद्वारा गाडी

धनगढी । सुदुरपश्चिम प्रदेश सरकारले प्रहरीका लागि नौवटा नयाँ गाडी खरिद गरेको छ । प्रदेश सरकारले नौवटै जिल्लाका जिल्ला प्रहरी कार्यालयको लागि नौ वटा गाडी खरिद गरेको हो । गाडी खरिदका लागि गत आर्थिक वर्षमा सरकारले बजेट विनियोजन गरेको थियो । दुई महिना अगाडि नै गाडी खरिद भए पनि वितरण भएको छैन । नौवटै गाडी आन्तरिक मामिला तथा कानुन मन्त्रालयको परिसरमा राखिएको छ । गाडी वितरणका लागि मन्त्रिपरिषद्को बैठकमा प्रस्ताव लगिएको जनाइएको छ । मन्त्रिपरिषद् बैठकले निर्णय गरे लगत्तै सबै जिल्लाका प्रहरी प्रमुखलाई धनगढी बोलाएर गाडी हस्तान्तरण गरिने मन्त्रालयका सचिव कृष्णबहादुर राउतले बताए ।



## सामाजिक सञ्जालमा संविधान दिवस


संविधान जारी भएको दिनमा पंचायती शैलीमा उर्दी जारी गरेर सबैलाई दिपावली गर्न लगाउनु वा संविधान च्यातेर कालो दिवस मनाउनु दुवै अतिवाद हुन् । सत्य कालो वा सेतो नभै खैरो हुन्छ । अतः संविधानका सबल पक्षको रक्षा गर्दै दुर्बल र अपूर्ण पक्षवारे संविधान संशोधन गरेर पूर्णता दिनु नै सही बाटो हुनेछ । **डा. बाबुराम भट्टराई**


देशको संविधान अनुसार मन्त्री हुने, सांसद हुने, पारिश्रमिक खाने त्यही संविधान मान्दिन भन्ने, अँझ जनताबाट निर्वा्चित संविधानसभाले अत्यधिक मतद्वारा संविधान पारित गरेको दिनलाई 'कालो दिन' भन्ने जस्तो अनैतिक, गैर जिम्मेवार, विग्रहकारी कुरा सर्वत्र अस्वीकार गरिनुपर्छ । **भीम रावल**


हरेक नागरिकले सोच्ने कि यो संविधान अनुरूप उसले निर्वाचनमा भाग लिएको छ छैन, मत लिएको वा दिएको भए उसलाइ नैतिकता हुन्न विरोध गर्ने । अन्त्यमा उपरोक्त ब्यक्ति बाहेक बालिग कोइ छ भने मात्र विभेदित संविधानको बिरोध गर्न पाउँछ, कोहि त्यस्तो छ भने हाजिर होउ त म पनि थाहा पाउँ कोसँग नैतिकता छ । **सन्तोष मेहता**


कुनै पनि संविधान पूर्ण हुँदैनन् । समयक्रमसँग संशोधन गर्न जरूरी हुन्छ । संविधान दिवसका अवसरमा तथ्य र अभ्यासमा टेकेर संविधानको समीक्षा गरम् । संविधानमा पूर्णता खोजेर समय खर्च नगरौं । **भुवन केसी**


विभेदकारी संविधान २०७२ जसले मधेशी र सीमान्तकृत समुदायको अधिकार अपहरण गरेको छ । वीर सहिदहरूको रगतले लतपतिएको छ । त्यो संविधानलाई आन्दोलनकारी मधेशी गठबन्धनका प्रदेश न.२ सरकारका मुखिया मुख्यमन्त्री लालबाबु गद्दीले विश्वको सर्वोत्कृष्ट संविधान भनेर अभिव्यक्ति दिदा कुन नशा सेवन गरेका थिए ? **ओमप्रकाश सर्राफ**


एकातिर संविधान स्वीकार नगरेको भन्दै हिंड्ने तर अर्कोतिर त्यहि संविधानले दिएको सुविधा उपभोग गर्ने कुरा विरोधाभाष होइन र ? संविधान नमान्ने व्यक्ति वा समूहले संविधानले दिएको सुविधा संविधान पूर्ण नभएसम्म उपभोग नगर्ने आँट किन गर्न नसकेको ? **निमिष झा**


शहिदको रगतबाट सिंचिएको नेपालको विभेदकारी संविधानलाई विश्वका उत्कृष्ट संविधानभन्दा पनि राम्रो देख्ने र मान्ने मुख्यमन्त्रीज्युले मधेश आन्दोलन र मधेशीको शहादतको मात्र अपमान गरेको छैन, अधिकारप्राप्तिको लागि आजसम्म संघर्षरत रहेको सम्पूर्ण उत्पीडित समुदायको संघर्षको मजाक उडाएको बुझिन्छ । **सरोज राय**


संविधानको सपथ खाएर संविधान बिरूद्ध लाग्ने, कालो दिबस मनाउने नेता र मन्त्री त हाम्रो प्रदेश २ मात्रै रहेछन् । तमासा हेरौं । **प्रकाश तिमिल्सिना**

## भत्ता खाएर...

प्रत्येक धाराले नागरिकका अधिकारहरूलाई संस्थागत गराउँछ । सरकारलाई स्थायित्व दिनु, संस्थागत संरचनालाई पूर्णता दिई प्रभावकारी कार्य गर्ने वातावरण तयार गर्नु, निर्वाचन सम्पन्न गरी संघीयतालाई संस्थागत गर्नु, संविधान कार्यान्वयन गर्न आवश्यक पर्ने ऐन-नियम निर्माण गर्नु जस्ता कार्यहरू सम्पन्न गर्न सके मात्र अहिलेको संविधान कार्यान्वयनको मार्गमा जान सक्छ ।

**कालो दिवसको सार्थकता**

असोज ३ लाई संविधान दिवसको रूपमा भनाइरहँदा समाजवादी र राजपाले यसलाई स्वीकार गरेको छैन । राजपाले कालो दिवसका रूपमा मनाउने निर्णय गरेको छ भने समाजवादीले न समर्थन, न विरोध गर्ने भएको छ । ज्ञातव्य के छ भने दुवै दल संघीय संसददेखि प्रदेश सरकारसम्म प्रतिनिधित्व गरिरहेका छन् । संघमा समाजवादी केन्द्रीय सरकारमै सहभागी छ भने प्रदेश २ मा दुवै दलको संयुक्त सरकार छ । आम जनताको जिज्ञासा के भने संविधानअनुसार प्राप्त पद, पैसा, गाडी, अवसर र शान पाउँदा राम्रो तर त्यही संविधान चाहिँ नराम्रो । जनताको यी प्रश्नको जबाव मधेशी नेताहरूसँग छैन । निश्चय पनि संविधानप्रति उनीहरूको असन्तुष्टि छ तर त्यसलाई प्राप्त गर्न सत्ता लिप्सा देखाउने कि सघर्ष गर्ने ? वस्तुतः सरकारमा सहभागीहरूले नै सविधान दिवसलाई 'कालो दिवस' भन्नु अनैतिकताको पराकाष्ठा हो । जुन संविधानअनुसार सपथ लिएर मन्त्री, सांसद भएका छन्, पारिश्रमिक लिइरहेका छन् त्यही संविधानलाई मान्दिन भन्नु गैरजिम्मेवार र विग्रहकारी कुरा हो ।

संविधानमा विभेद छ भने स्पष्ट रूपमा कारण र समाधानसहितको सूची मधेशी दलहरूले किन सार्वजनिक गर्न सकेका छैनन । संविधान कै विरोध गरे समाजवादीका अध्यक्ष उपेन्द्र यादव अहिले उपप्रधानमन्त्री भएका हुन तर उनले त्यसकै प्रतिफल लिइरहेका छन् र द्वैधचरित्र प्रदर्शित गरेका छन् ।

## मानव अधिकार आयोगमा ज्ञापन

काठमाडौं । नागरिकको आफ्नो धार्मिक स्वतन्त्रता, आफ्नो विचार राख्न पाउने वाक स्वतन्त्रता र मानव अधिकारको रक्षाका निम्ति राष्ट्रिय मानव अधिकार आयोग समक्ष ज्ञापनपत्र बुझाइएको छ । विभिन्न दश वटा संस्थाहरूले आयोगका अध्यक्ष अनुपराज शर्मालाई ज्ञापनपत्र बुझाइएको हो । इन्द्रजात्राको सवारीको विषयमा सांकेतिक रूपमा बिरोध हुदैछ भन्ने आशंकामा सोहि दिन मिति २०७६र ५र २७ गते बिहानै देखि कालो लुगा र ढाका टोपि लगाउनेहरूलाई प्रहरीले पक्राउ गरि हिरासतमा लिने क्रममा शांकेतिक शान्तिपूर्ण विरोध गर्ने मध्ये हालसम्म राष्ट्रबादी हिन्दु अभियन्ताहरू (शिव सेना नेपालकाअध्यक्ष अनिल बस्नेत सहित सचिव नारायण अर्याल , हरिनारायण प्रसाद साह , राजेस तामाङ, विश्व हिन्दु महासंघका आजिवन सदस्य मानव सेवक , रघुराज राजभण्डारी , पारूहाङ कुथुमी राई , कर्मवीर बस्नेत , कृष्ण बहादुर खड्का र रबिन्द्र क्षेत्री डब्बु लाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# ईपीजी प्रतिवेदन अब सचिवस्तरमा

काठमाडौं । नेपाल-भारत प्रबुद्ध व्यक्ति समूह (ईपीजी) को प्रतिवेदन परराष्ट्रसचिव स्तरमा बुझाउन पहल सुरू भएको छ । दुवै देशका सरकारले ईपीजी समूहलाई प्रतिवेदन सचिवस्तरमा बुझाउन आग्रह गर्न लागेका छन् । एक वर्षअघि प्रतिवेदन तयार भएपनि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले समय नदिँदा प्रतिवेदन अलपत्र छ । यद्यपी ईपीजी समूहले भने प्रधानमन्त्री स्तरमै बुझाउन पहल गरिरहेको छ । छापिइसकेको यो प्रतिवेदनमा भारततर्फका सदस्यले राखेको असहमतिलाई झिक्न र त्यसलाई सचिवस्तरमा सल्टाउने विषय पनि समेटिएको छ । भदौ पहिलो साता काठमाडौंमा सम्पन्न नेपाल-भारत संयुक्त आयोग बैठकमा भाग लिन नेपाल आएका भारतीय विदेशमन्त्री एस जयशंकरले पनि ईपीजी प्रतिवेदन सचिवस्तरमै बुझ्ने आशय व्यक्त गरेपछि प्रतिवेदन सचिव स्तरमै बुझाउनेतर्फ अगाडि बढेको हो । दुई देशको सम्बन्धमाथि छलफल गर्ने उच्चस्तरीय राजनीतिक स्थायी संयन्त्र नेपाल-भारत संयुक्त आयोगको पाँचौ बैठकमा पनि यो विषयले प्रवेश पाएको थियो । बैठकमा सचिवस्तरमा बुझाउन सचिवालयलाई निर्देशन दिने बताइएको एक अधिकारीले जानकारी दिए ।

# राजदूत र राज्यपालबीच भेट

नयाँदिल्ली । भारतका लागि नेपाली राजदूत नीलाम्बर आचार्यले महाराष्ट्रका लागि नवनियुक्त राज्यपाल (गभर्नर) तथा नेपाल-भारत प्रबुद्ध समूह (ईपीजी) का भारततर्फका संयोजक भगतसिंह कोसियारीसँग औपचारिक भेट गरेका छन् । नरेन्द्र मोदी नेतृत्वका सरकारले कोसियारीलाई महाराष्ट्रको राज्यपाल नियुक्त गरेको थियो। आचार्य र कोसियारीबीच दिल्लीस्थित महाराष्ट्र भवनमा भेट भएको हो। राजदूत आचार्यले आफू र कोसियारीबीच लामो समयदेखि हार्दिक सम्बन्ध रहेको र दुई वर्ष ईपीजीमा पनि सँगै काम गरेको हुँदा व्यक्तिगत रूपमा शुभकामना र बधाई मात्र दिएको बताए। सँगै नेपाल र भारत सम्बन्धका सम्भावना र पछिल्लो समय विकसित भएको सकारात्मकताका अतिरिक्त ईपीजीमा काम गर्दाका पुरानाका सम्झनाहरू पनि आदानप्रदान भएको राजदूत आचार्यले बताए ।

# कार्गोको राजस्व बीमामा सहुलियत

काठमाडौं । कोलकाता बन्दरगाहस्थित भारतीय भन्सार कार्यालयले नेपाली कार्गोको राजस्व बिमामा ८४.३३ प्रतिशत सहुलियत दिएको छ । भारतको बाटो ल्याइने मालवस्तुको राजस्व जोखिम बराबर 'ड्युटी इन्स्योरेन्स' (राजस्व बिमा) त्यहाँ गराउनुपर्ने प्रावधान छ । त्यही बिमा शुल्कमा नेपालले सहुलियत पाएको हो । नेपाली आयातकर्ता र अन्य सरोकारवालाले यसलाई तेस्रो मुलकसँगको व्यापारको हकमा महत्वपूर्ण भनेका छन् । यसअघि बिमांक रकमको प्रतिसय भारतीय रूपैयाँ बराबर ३० पैसा बिमा शुल्क लाग्ने गरेको थियो । अब ३० पैसाको ठाउँमा पाँच पैसामात्र लाग्नेछ । कोलकाता भन्सारको यो निर्णयले नेपाली कार्गोमा बिमाको खर्च घट्ने आयातकर्ताले बताएका छन् । कोलकातास्थित भारतीय भन्सारले बिमा नियमलाई खुकुलो बनाउँदै निजी बिमा कम्पनीबाट सेवा लिन पाउने व्यवस्था गरेको छ । तेस्रो मुलुकबाट नेपालका लागि आउने कार्गोमा यसअघि त्यहाँको एक सरकारी बिमा कम्पनीबाट मात्र बिमा सेवा लिन पाउने प्रावधान रहेकोमा बन्दरगाह भन्सारले सेप्टेम्बर १२ देखि अन्य बिमा कम्पनीसँग पनि सेवा लिन पाउने बनाएको हो । यससँगै कोलकाता बन्दरगाहमा सरकारी बिमा संस्थान 'नेसनल इन्सुरेन्स कम्पनी लिमिटेड'को एकाधिकार भंग भएको छ ।

# भारतमा नेपालीलाई स्टाइपेन्ड सुविधा

काठमाडौं । भारतका विभिन्न सरकारी मेडिकल कलेजमा उच्चशिक्षा अध्ययनरत नेपाली विद्यार्थीले स्टाइपेन्ड (निर्वाह भत्ता) पाउने भएका छन् । चण्डीगढको पोस्ट ग्र्याजुएट अफ मेडिकल एजुकेसन एन्ड रिचर्स (पीजीआईएमईआरले मंगलबार स्टाइपेन्ड दिने निर्णय गरेको हो । पीजीआईएमईआरकाआरका निर्देशकले विदेशी विद्यार्थीलार्य समेत भारतीय विद्यार्थीसरह स्टाइपेन्ड उपलब्ध गराउने जनाएका छन् । निर्णय कार्यान्वयन भए नेपाली विद्यार्थीहरूले मासिक एक लाख भारूसम्म पाउनेछन् । दिल्लीको अल इन्स्टिच्युट अफ मेडिकल साइन्स (एप्स) चण्डीगढीको पीजीआईएमईआर र पोडिचरीको अवाहरलाल इन्स्टिच्यूट अफ पोस्ट ग्र्याजुएट मेडिकल एजुकेसन एन्ड रिचर्स (जेआइपीएमईआर) मा १ सय ५० भन्दा बढी विद्यार्थी अध्ययनरत छन् । स्टाइपेन्ड नहुँदा उनीहरू होस्टलमा बस्ने, खानेलगायत सबै खर्च आफै बेहोर्न बाध्य छन् ।

# ओस्कार र भारतीय फिल्म कलेजबीच पठन-पाठनमा सम्झौता

काठमाडौं । काठमाडौंको ओस्कार कलेजले भारतीय फिल्म कलेजसँग पठन-पाठनमा सहकार्य गर्ने भएको छ । लामो समयदेखि फिल्म सम्बन्धि विभिन्न विधामा अध्यापन गराउँदै आएको ओस्कार कलेजले केही दिनअघि भारतको 'सत्यजित रे फिल्म एन्ड टेलिभिजन इन्स्टिच्युट', 'फिल्म एन्ड टेलिभिजन इन्स्टिच्युट' र 'नेसनल स्कुल अफ ड्रामा' का डिन तथा पदाधिकारीसँग भेटेर औपचारिक रूपमा सम्झौता गरेको हो । ओस्कार कलेजको तर्फबाट एकेडेमीक निर्देशक मनोज बाबु पन्त, एकेडेमीक कोअर्डिनेटर नव विजय श्रेष्ठ र साउन्ड फ्याकल्टीका आलोक तिवारीले तीनै संस्थाका पदाधिकारीसँग भेटेका हुन् । एकेडेमीक निर्देशक मनोज बाबु पन्तले भ्रमणको क्रममा एकेडेमीक कोर्स डिजाइन गर्नेदेखि फ्याकल्टी आदान-प्रदान गर्नेसम्म महत्वपूर्ण सम्झौताहरू भएको जनाएका छन् । पुनामा रहेको 'फिल्म एन्ड टेलिभिजन इन्स्टिच्युट' र दिल्लीमा अवस्थित 'नेसनल स्कुल अफ ड्रामा' सरकारी कलेज हुन् । कलेजका विद्यार्थीलाई वार्षिक प्रशिक्षणसँगै कार्यशालाका लागि श्रोत व्यक्ति उपलब्ध गराउनेसँगै विद्यार्थीहरूले बनाएका फिल्म पनि एक अर्काको देशमा देखाइने सम्झौता भएको छ ।

# तल्लो अरूण निर्माणमा भारतको प्रस्ताव

काठमाडौं । भारत सरकारले कूल ६४० मेगावाट क्षमताको तल्लो अरूण जलविद्युत् आयोजना निर्माणका लागि इच्छा व्यक्त गरेको छ । अरूण नदीमा पत्ता लागेका केही महत्वपूर्ण आयोजनामध्ये तल्लो अरूण पनि एक हो । भारतीय कम्पनी सतजल विद्युत् निगमले अरूण तेस्रो जलविद्युत् आयोजना निर्माण गरिरहेको छ । कूल नौ सय मेगावाट क्षमताको सो आयोजनाको हाल भौतिक प्रगति २५ प्रतिशत भइसकेको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनसँग भारतीय ऊर्जा राज्यमन्त्री राजकुमार सिंहले गरेको द्विपक्षीय भेटवार्तामा उनले अरूण तेस्रोकै ढाँचामा निर्माण गर्न सकिने प्रस्ताव गरेका हुन् । सोही भेटवार्तामा ऊर्जा राज्यमन्त्री सिंहले भारतीय कम्पनी सतजल विद्युत् निगमले निर्माण गरिरहेकाले तल्लो अरूणसमेत दिन आग्रह गरे । तल्लो अरूण भारतीय कम्पनीले अहिले निर्माण गरिरहेको अरूण तेस्रोकै मोडलमा निर्माण गर्न भारतीय पक्षबाट प्रस्ताव गरिएको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले जनाएको छ ।

## तीन भाषामा मोदीलाई ओलीको जन्मदिन शुभकामना

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई ट्वीटरमार्फत तीन भाषामा जन्मदिनको शुभकामना दिएका छन् । तीन भाषामा लगातार ट्वीट गर्दै प्रधानमन्त्री ओलीले शुभकामना दिएका हुन् । उनले अंग्रेजी, हिन्दी र गुजराती भाषामा मोदीलाई शुभकामना दिएका छन् । 'प्रधानमन्त्री नरेन्द्र मोदीजी तपाईलाई जन्मदिनको हार्दिक शुभकामना'ओलीले मोदीलाई मेन्सन गर्दै लेखेका छन् । 'म तपाईको राम्रो स्वास्थ्य, खुसी जीवन र दीर्घायूको कामना गर्दछु'। 'मलाई पूरै विश्वास छ की हामी मिलेर नेपाल-भारतको द्वीपक्षीय सम्बन्ध अझै धेरै मजबुद बनाउँदै लानेछौं' शुभकामना सन्देशमा ओलीले लेखेका छन् । सन १९५० सेप्टम्बर १७ मा गुजरातमा जन्मिएका मोदी ६९ वर्ष पुगेका छन् ।

## आर्थिक समाचार

### काठमाडौमा लखनवी फुड फेस्टिबल

काठमाडौं । र्‍याडिसन होटलले लखनवी फुड फेस्टिबल सुरू गरेको छ । फेस्टिबल भदौ २९ गते सम्पन्न भएको छ । फेस्टिबलमा भारतको लखनउका विभिन्न परिकार उपलब्ध रहेको थियो । त्यसैगरी फेस्टिबलमा लखनउको संस्कृतिसमेत प्रस्तुत गरिएको विज्ञप्तिमा उल्लेख छ । नेपाली तथा विदेशी ग्राहकलाई लखनवी खानाको स्वाद महसुस गराउनका लागि उक्त फेस्टिबल महत्वपुर्ण रहेको होटलले जनाएको छ । फेस्टिबलको उद्घाटन नेपालका लागि भारतीय राजदूत मंजीवसिंह पुरीले गरेका थिए ।

### टेलिकमको अन्तर्राष्ट्रिय डाटा रोमिङ सेवा

काठमाडौं । नेपाल टेलिकमले छिमेकी मुलुक भारतमा अन्तर्राष्ट्रिय डाटा रोमिङ सेवा दिन थालेको छ । अन्तर्राष्ट्रिय डाटा रोमिङ सेवामा सामयिक परिमार्जन गर्ने उद्देश्यले विगतका दिनहरूमा सञ्चालनमा रहेको अन्तर्राष्ट्रिय डाटा रोमिङ सेवा केही समय बन्द गरिएकोमा हाल पुनः सञ्चालनमा ल्याइएको हो । अब नेपाल टेलिकमका ग्राहकहरूले अन्तरा्ष्ट्रिय रोमिङ सुविधा प्राप्त गरी भारतमा जाँदा भ्वाइस र एसएसएमका साथै इन्टरनेट सेवा पनि उपयोग गर्न सकिने छ । हाल अन्तर्राष्षट्रिय रोमिङ सेवा क्रियाशील अवस्थामा रहेका सम्पूर्ण पोस्टपेड तथा प्रिपेड ग्राहकहरूलाई यो डाटा रोमिङ सेवा स्वतः उपलब्ध हुनेछ । आजबाट अन्तरा्ष्ट्रिय रोमिङ सेवा लिने ग्राहकहरूलाई भने सेवा दर्ता गरेकै समयमा भ्वाइस, एसएमएस तथा इन्टरनेट सेवा उपलब्ध हुनेछ । जीएसएम पोस्टपेड तथा प्रिपेड ग्राहकहरूले हाललाई डाटा रोमिङ सेवा छिमेकी भारतमा प्रयोग गर्न सक्नेछन् । निकट भविष्यमै यो सेवा अन्य देशहरूमा पनि विस्तार गर्दै लगिने कम्पनीले जनाएको छ ।

# समृद्धि अभियानमा भारतको सदैव साथ रहन्छ : कोश्यारी



भारत । छिमेकी मित्रराष्ट्र भारतको महाराष्ट्रका राज्यपाल (गर्भनर) भगतसिंह कोश्यारीले नेपालको समृद्धि तथा विकास अभियानमा भारतको सदैव साथ रहने बताएका छन् । भारतीय जनता पार्टीका नेतासमेत रहेका कोश्यारीले नेपालसँग आफ्नो विशेष नाता रहेको बताए । नेपाल फाउण्डेशनको नेतृत्वमा मुम्बई भ्रमणमा रहेको नेपाली पत्रकार टोलीलाई स्वागत गर्दै राज्यपाल कोश्यारीले भने, 'नेपाल मलाई आफ्नै घरजस्तो लाग्छ। त्यहाँका जनता पनि भारत र मप्रति धेरै सकारात्मक छन् ।' कोश्यारीले नेपालको विकास तथा समृद्धिको अभियानमा भारतको सदैव साथ रहने बताए । नेपाल भारतको असल तथा सबैभन्दा नजिकको मित्र भएको उनको भनाई थियो ।

## जापानमा सुनैनाको चित्रकला प्रदर्शन



काठमाडौं । कलाकार सुनैना ठाकुरको एकल मिथिला चित्रकला प्रदर्शनी जापानको टोकियोमा भइरहेको छ । भदौ २७सुरू भएको सो प्रदर्शनी एक महिनासम्म सञ्चालन हुनेछ । जापानमा रहेकी कलाकार ठाकुरका अनुसार, प्रदर्शनीमा प्रदर्शनीमा महिला हिंसा, महिला शक्तिकरण, समानता, अधिकार, शान्ति र समृद्धिलगायत विषयवस्तुमा तयार पारिएका ४० थान चित्रकला रहेका छन् । चित्रकलाका साथै प्रदर्शनीमा हस्तकलाका सामग्रीहरू समेत छन् । त्यस्तै मिथिला चित्रकला पेन्टिङ गरिएका टिसर्ट, ब्याग, रूमाललगायत वस्तुहरूसमेत प्रदर्शनीमा राखिएका छन् । मिथिला कलामार्फत् महिला सशक्तिकरण, लैङ्गिक समानता र अधिकारको क्षेत्रमा योगदान पुर्‍याए वापत कलाकार ठाकुरले केही दिनअघि मात्रै ५० हजार रूपियाँ राशिको सङ्गति ग्राण्ट अवार्ड प्राप्त गरेकी हुन । यसअघि कलाकार ठाकुरले लोककलातर्फ राष्ट्रिय ललितकला पुरस्कार, अमेरिकाबाट कमन ग्रायण्ड अवार्डलगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुरस्कारसमेत प्राप्त गरिसकेकी छन् । अमेरिका, श्रीलङ्का, भारतमा समेत एकल तथा सामुहिक चित्रकला प्रदर्शनी गरेकी कलाकार ठाकुरले जनकपुरमा मिथिला आर्ट ग्यालरी र प्रशिक्षण समेत सञ्चालन गर्दै आएकी छन् ।

## नाई ट्रेड युनियनको ललितपुरमा महादेव



काठमाडौं । नेपाल नाइँ ट्रेड युनियन ललितपुर जिल्लाको चौथो जिल्ला अधिवेशन सम्पन्न भएको छ । महादेव ठाकुरको सभापतित्वमा तथा प्रमुख अतिथि राष्ट्रिय सभा सदस्य रमेश प्रसाद यादव र विशेष अतिथि केन्द्रिय अध्यक्ष गजेन्द्र ठाकुरको उपस्थितिमा २५० जना प्रतिनिधिहरूको सहभागितामा कार्यक्रम सप्पन्न भएको छ । उक्त अधिवेशनबाट अध्यक्ष महादेव ठाकुर, उपाध्यक्ष शिवनारायण ठाकुर, सचिव रामभरोस ठाकुर, कोषाध्यक्ष दशरथ ठाकुर चयन भएका छन् । यसैगरी, सदस्यहरू मनोज कुमार ठाकुर, हरिनारायण ठाकुर, प्रमोद ठाकुर, कृष्ण ठाकुर, रबिन्द्र ठाकुर, महेश्वर ठाकुर, मनोज ठाकुर, पशुपति ठाकुर, रामु ठाकुर, उपेन्द्र ठाकुर, भगवान देव ठाकुर, मनोज कुमार ठाकुर र शंकर ठाकुर निर्विरोध निर्वाचित भएका छन् ।



## हरियाणामा इन्डो-नेपाल हिन्दी विमर्श

काठमाडौं । भारतको हरियाणामा हिन्दी दिवसको अवसरमा इन्डो-नेपाल हिन्दी विमर्श एवम् पुरस्कार समारोह आयोजना गरिएको छ । मनुमुक्त मानव मेमोरियल ट्रस्ट नारनौल हरियाणाद्वारा आयोजित कार्यक्रममा हिन्दी भाषाको सम्वर्द्धन एवम् प्रवर्द्धनसँग सम्बन्धित व्यक्तित्वलाई सम्मानित एवं पुरस्कृत गरिएको थियो । इन्डो-नेपाल हिन्दी विमर्शका मुख्य वक्ता अलीगढ उत्तर प्रदेशका डा. पशुपतिनाथ उपाध्याय, जबलपुर मध्यप्रदेशका डा. राकेश भ्रमर, भिवानी हरियाणका डा. बाबुराम महला, राजस्थानका डा. सुमेरू सिंह यादव र काठमाडौंकी डा. श्वेता दीप्ति रहेका थिए । त्यस अवसरमा उनीहरू सबैलाई सम्मानित गरिएको थियो ।

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१,
फ्याक्स : ५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं